शनिबारको

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २८ अंक २०७ काठमाडौं | ३ असोज २०७७ शनिबार अधिक आश्विन शुक्लपक्ष द्वितीया | नेपाल संवत् ११४० | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, September 19, 2020 | पृष्ठ १२ | १० रुपैयाँ

चीनतर्फका दुई मुख्य नाका ठप्प

- केरुङमा १२ सय र खासामा डेढ सयभन्दा बढी कन्टेनर अलपत्र
- ९ महिनादेखि ल्याउन नपाउँदा सामानहरू उतै सड्दै

ऋषिराम पौड्याल (काठमाडौं)

सिन्धुपाल्चोकका व्यवसायी बलराम पराजुलीले रसुवागढीबाट भित्र्याउन खरिद गरेका तयारी पोसाक र जुत्ता चीनको केरुङ गोदाममा थन्किएको नौ महिना बितेको छ। 'आउट अफ फेसन' भइसकेकाले सवा करोड रुपैयाँका ती सामान सबै बजारमा बिक्ने आस पराजुलीले मारिसकेका छन्। रामेछापका व्यवसायी नवीन थापाले खरिद गरेको झन्डै २ करोड रुपैयाँका चार कन्टेनर सामान ६ महिनादेखि केरुङको गोदाममा छ। हार्डवेयर, मोटर पार्ट्स, लुगाफाटालगायत सामान अड्किएका हुन्। उनले भने, 'धेरै सामान काम नलाग्ने भइसके।'

बलराम र नवीनजस्ता सयौं व्यवसायीका अर्बौं मूल्यका १२ सय कन्टेनर सामान केरुङमा अलपत्र छन्। चीनसँग जोडिएको अर्को पुरानो नाका तातोपानीपारि खासामा पनि नेपाली व्यवसायीका डेढ सयभन्दा बढी कन्टेनर सामान थन्केको ६ महिना बितेको छ। भन्सारका एक नेपाली मजदुरलाई कोरोना पोजिटिभ देखिएपछि चीनले दुई सातादेखि रसुवागढी नाका बन्द गरेको हो। अर्को नाका तातोपानीलाई विस्फोटको जोखिममा रहेको करिब ३५ किमिमाथि चीनतर्फको 'क्यानोन कु' तालको पानी घटाउने भन्दै बन्द गरिएको हो।

केरुङमा सामान अलपत्र पर्न थालेको गत वर्ष पुसबाटै हो। गत जेठमा रसुवागढी नाका खोलिए पनि विभिन्न बहानामा चिनियाँ पक्षले दुई पटक बन्द गरिसकेको छ। गत जेठयता करिब एक महिनामात्रै उक्त नाका सञ्चालन भएको व्यवसायीको भनाइ छ।

तिब्बतको नेलाम काउन्टीले सीमा क्षेत्रका आफ्ना नागरिकलाई सूचना जारी गरेर तातोपानीबाट हुने व्यापारिक कारोबार बन्द गरेको घोषणा गरेपछि खासामा कतिपय सामान सडकमा त्रिपालले छोपेर राखिएका छन्। सामान रेखदेख गर्न सीमापारि जाने अनुमति नेपालीलाई छैन। नेपाल हिमालय सीमापार वाणिज्य संघका पूर्वअध्यक्ष विष्णुबहादुर खत्रीका अनुसार, भूकम्पपछि नेपाली व्यवसायीलाई खासा प्रवेश गर्नै दिइएको छैन। 'आफ्नो सम्पत्ति सडकमा कुहिएर जाँदा पनि चुप लागेर बस्नुको विकल्प छैन,' उनले भने।

तस्विर सौजन्य : अमृत घेर्ते

बलराम घिमिरे

केरुङ-रसुवागढी नाका बन्द भएकाले खुलेपछि सामान ल्याउनका लागि नजिकै कुरेर बसेका कन्टेनर (बायाँ) र बन्द नाका।

> हामी पानीजहाज र रेलका कुरा गर्छौं, तर खरिद गरेको सामान ल्याउन पाइएन
>
> **- कुमार कार्की**
> अध्यक्ष, नेपाल व्यापार संघ

> कोरोना भाइरसलाई लिएर हामी सतर्क हुनु आवश्यक छ, यसबारे नेपालको परराष्ट्र मन्त्रालयसँग सहकार्य गरिरहेका छौं
>
> **- प्रवक्ता, चिनियाँ दूतावास**

नेपाललाई साह्रोगाह्रो परेकै बेला उत्तरका दुवै चिनियाँ नाका बन्द हुने गरेका छन्। भारतले २०७२ सालमा नाकाबन्दी गरेका बेला तातोपानी नाका बन्द थियो, अलि अघि आएको भूकम्पले क्षति पुऱ्याएको कारण देखाउँदै। नेपालले निकै पटक अनुरोध गरे पनि गत वर्ष जेठमा मात्र उक्त नाका खोलियो। अहिले कोभिड-१९ को महामारीले आक्रान्त भएका बेला घोषणा नै गरेर दुवै चिनियाँ नाका बन्द गरिएका छन्। व्यवसायी भन्छन्, 'यो त अघोषित नाकाबन्दीजस्तै भयो।'

२०७२ सालको भूकम्पपछि व्यापारीका सयौं कन्टेनर सामान तातोपानी-खासा सडकमा पाँच महिना अलपत्र परेका थिए। भूकम्पका कारण गएको पहिरोले कतिपय कन्टेनर पुरिएका थिए, कतिपय सामान छरपस्ट भएका थिए। त्यतिबेला मितेरी पुलबाट एक किमि टाढा सडक आसपास र जंगलमा जताततै छरिएको र पानीले भिजेको सामान टुलुटुलु हेरेर बस्न विवश भएको व्यवसायीहरू बताउँथे। निकै लामो प्रयासपछि मात्रै चीनले ती सामान नेपाल भित्र्याउन दियो। तर सयौं कन्टेनर सामान पानीले भिज्दा व्यवसायीले करोडौं रुपैयाँ नोक्सानी व्यहोरे।

'त्यति बेला सामान ल्याउने के कुरा, व्यवसायीलाई उता छिर्नसमेत दिइएन,' संघका पूर्वअध्यक्ष खत्रीले भने, 'महिनौंसम्म चिनियाँ दूतावास र परराष्ट्र मन्त्रालय धाउँदाधाउँदा कति सामान त्यहीं कुहिए, कति डेट एक्स्पायर भए।' त्यति बेलाको नोक्सानीका कारण कतिपय व्यवसायी पेसाबाटै पलायन भएको उनले बताए।

भूकम्पपछि अहिलेसम्म दुवै नाकाबाट सर्वसाधारणको आउजाउ बन्द गरिएको छ। 'अहिले पनि हामीले नयाँ कारोबार गर्न खोजेका होइनौं,' संघका अध्यक्ष बच्चु पौडेलले भने, 'किनिसकिएका सामानमात्र ल्याउन देऊ भन्दा कतै सुनुवाइ भएन।' केरुङ र खासाबाट सामान ल्याउन सहजीकरण गरिदिन सरकारलाई महिनौंदेखि हारगुहार गरिरहेको पौडेलले बताए। अहिले पनि व्यवसायीहरू दिनैंपिच्छे नेता र मन्त्री गुहार्दै हिँडिरहेका छन्। **बाँकी पृष्ठ ११**

पञ्चायती प्रपञ्चमा पिसिँदै निमुखा

गाउँका 'ठूलाबडा' को रोहबरमा मुद्दा-मामिला र घटनाहरू गाउँमै मिलाउने राणाकालदेखिको चलन मधेसमा अझै छ, जहाँ प्रायः पीडितले होइन टाठाबाठा, धनीमानी र पहुँचवालाले 'न्याय' पाउँछन्। अधिकांश निर्णय पीडितको विपक्षमा हुन्छन्। यस्ता अवैध गतिविधिमा प्रहरी-प्रशासनको समेत साथ देखिन्छ।

सप्तरीको जिल्ला प्रहरी कार्यालयमै (कोरोना संक्रमण सुरु हुनुपूर्व) एक घटनालाई लिएर बसेको पञ्चायती। *फाइल तस्विर : अवधेशकुमार झा/कान्तिपुर*

प्रदेश २ ब्युरो (जनकपुर)

सप्तरीको डाकनेश्वरी-७ की १७ वर्षीया संगीताकुमारी मण्डललाई गत भदौ २९ गते चार जनाले बलात्कार गरे। सामूहिक बलात्कारको घटनापछि गाउँमा बसेको पञ्चायतीमा ५५ हजार रुपैयाँ नगद लिएर मिल्न र प्रहरीमा उजुरी नगर्न पञ्चहरूले मण्डललाई उर्दी जारी गरे। पीडित किशोरीले पीडा सहन नसकेर सोही दिन राति झुन्डिएर आत्महत्या गरिन्। पञ्चहरूको निर्णयका कारण ती किशोरीले ज्यान गुमाइन्।

सप्तरीकै राजगढ गाउँपालिका-४ बेल्ही चपेनामा तीन महिनाअघि वडाध्यक्ष हेमनारायण साहसमेतको उपस्थितिमा बसेको पञ्चायतीले चोरी गरेको आरोप लागेका चार जना मुसहर किशोरलाई ११ सिर्कनु हिर्काउने र जनही २५ सय रुपैयाँका दरले जरिवाना तोक्ने निर्णय सुनाइयो। ती किशोरले भनेअनुसारकै सजाय भोगे। तिनका अभिभावकले घरको सामान बेचेर जरिवाना पनि बुझाए। उनीहरूले चोरी गरेको पुष्टि भए पनि पञ्चहरूले कानुनी प्रक्रियाको साटो ११ सिर्कनु हिर्काउने निर्णय सुनाएका हुन्।

सप्तरीमा पछिल्लो समय गम्भीर प्रकृतिका आपराधिक घटनामा पनि सामाजिक पञ्चायतीका नाममा मेलमिलाप गराउने क्रम बढेको छ। कानुनी कारबाही हुनुपर्ने विषयमा जनप्रतिनिधिसमेतको संलग्नतामा पञ्चायती बस्ने र आफूखुसी दण्ड जरिवाना तोक्ने गरिएको छ। कोरोना महामारीअघि पनि जिल्ला प्रहरी कार्यालयसहित प्रहरी इकाइहरूमा दैनिक बिहान १० देखि साँझ ६ बजेसम्म समूह-समूहमा विभिन्न गाउँबाट आएका समूहहरूबीच छलफल चलिरहेको हुन्थ्यो। छिमेकीबीचको झगडा, जग्गा विवाद, अंश झगडा, साँधसिमाना, कुटपिट, महिला र घरेलु हिंसालगायत विवादको छलफलबाट समाधान गर्ने भन्दै पञ्चायतीले आफूखुसी निर्णय गर्थे।

सर्वसाधारणले समस्यामा पर्दा जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएपछि प्रशासनले प्रहरीमा उजुरी पठाउने गरेको छ। जिल्ला प्रहरीले पनि मातहतका इकाइलाई पत्राचार गरी दुवै पक्षलाई राखेर छलफल गराउन निर्देशन दिने गरेको छ। तर, ती छलफल टुंगिएको प्रक्रिया, दण्ड र जरिवानालगायतबारे स्पष्ट अभिलेख भेटिँदैन।

प्रहरी इकाइहरूको छलफलसम्बन्धी रजिस्टरमा दुई पक्षबीच सहमतिको हस्ताक्षर गराइनुका साथै पञ्चहरूलाई रोहवरमा राखिँदै आएको छ। पञ्चायतीमा जान पञ्चहरूले मोटरसाइकलमा पेट्रोल, खाजाका लागि पैसासमेत लिने गरेका घटना बेलाबेला चर्चामा आइरहन्छन्। प्रहरीले भने सामान्य घटनाबाहेकमा छलफल नगराउने दाबी गरेको छ। 'सामान्य प्रकृतिका घटनाहरूमा मात्र हामी छलफल गराउँछौं,' सप्तरी प्रहरीका डीएसपी तिलक भारतीले भने, 'गम्भीर प्रकृतिका अपराधमा मुद्दा चलाउँछौं, त्यसमा कुनै छलफल गराउँदैनौं।'

डीएसपी भारतीको दाबीविपरीत जिल्ला प्रहरीकै महिला तथा बालबालिका सेवा केन्द्रमा कतिपय पीडित महिलाहरू छलफलका नाममा मिल्न बाध्य हुन्छन्। प्रहरी कार्यालयमा होस् वा गाउँ, अधिकांश पञ्चायतीको निर्णय पीडितको विपक्षमा हुने गरेको छ। **बाँकी पृष्ठ २**

'संविधान संशोधनमा बिनाबहकाउ तयार होऔं'

काठमाडौं (कास)- प्रधानमन्त्री केपी शर्मा ओलीले औचित्य र आवश्यकताका आधारमा संविधान संशोधन गर्न सकिने बताएका छन् । उनले संविधानका प्रावधान व्यवहारगत रूपमा अपूर्ण देखिए त्यसलाई परिमार्जन गर्न सकिने बताए । तर संविधान संशोधन बहकाउका आधारमा नहुने ओलीको भनाइ थियो । 'समाजलाई अघि बढाउने क्रममा प्रणालीगत र संरचनागत हिसाबले देश र जनताको आवश्यकताका लागि औचित्यका आधारमा संशोधन गर्नुपर्ने हुन पनि सक्छ,' उनले भने, 'त्यसका लागि खुला दिमाग राखेर बिनाबहकाउ तयार रहनुपर्छ ।'

कानुनविद् विपिन अधिकारीले सम्पादन गरेको 'अ ट्रिटिज अन द कन्स्टिच्युसन अफ नेपाल-२०१५' पुस्तक विमोचन कार्यक्रममा शुक्रबार प्रधानमन्त्री ओलीले स्थिरता र स्थायित्वका नाममा संविधान संशोधन नरोकिने बताए । जनताको आवश्यकता र समयको मागअनुसार परिवर्तनको गतिलाई अगाडि बढाउन पनि संशोधन आवश्यक पर्न सक्ने उनको भनाइ थियो । 'व्यवहारका क्रममा भोलि गएर अपूर्णता देखिएला, जनताको आवश्यकतालाई समयको मागअनुसार परिवर्तनको गतिलाई अगाडि बढाउनका लागि न्याय, समानता वा विकासलाई यथोचित ढंगले परिमार्जन गर्न संविधान संशोधन आवश्यक पर्न सक्छ,' उनले भने, 'त्यस्तो पऱ्यो भने संविधान संशोधन हुन्छ । संविधान अपरिवर्तनशील र असंशोधनीय दस्तावेज होइन । स्थिरता र स्थायित्वका नाममा अपरिवर्तनशील भन्ने हुँदैन ।'

प्रधानमन्त्री ओलीले प्रणालीगत, संरचनागत र कानुनी पक्षका हिसाबले पनि जनता र देशको आवश्यकताअनुसार संशोधन गर्न सकिने बताए । ओलीले हावापानी र भोजनभन्दा पहिले सुरक्षाको प्रश्न आउने भन्दै संविधानले त्यो मर्मलाई बुझेको दावी गरे ।

किताबमा २ वर्षअघि काठमाडौं स्कुल अफ ल र द साउथ एसिया ट्रस्टद्वारा आयोजित नेपालको संविधानबारे भएको अन्तराष्ट्रिय सम्मेलनमा प्रस्तुत कार्यपत्र, टिप्पणीका साथै राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री ओली लगायतको विचार समेटिएको छ । ६ सय ४६ पेजको अंग्रेजी भाषाको पुस्तकमा संविधानविद्का रूपमा अधिकारीले संविधानमाथि गरेको समीक्षा पनि छापिएको छ । 'नयाँ संविधानका महत्त्वपूर्ण विषयवस्तु पुस्तकमा समेटिएका छन् । यसले संविधानवादको तुलनात्मक अध्ययनमा सघाउ पुऱ्याउँछ,' अधिकारीले भने, 'संविधान कार्यान्वयनका लागि सरकारले गर्नुपर्ने कामबारे दिइएका सुझावले संविधान कार्यान्वयनका सघाउ पुग्छ ।'

लोकतान्त्रिक व्यवहारमा इमानदार बनौं : देउवा



काठमाडौं (कास)- कांग्रेस सभापति शेरबहादुर देउवाले नेकपा नेतृत्वको सरकारलाई लोकतान्त्रिक व्यवहारमा इमानदार बन्न आग्रह गरेका छन् । संविधान दिवसका अवसरमा शुक्रबार शुभकामना सन्देश दिँदै उनले भनेका छन्, 'प्रधानमन्त्रीको कार्यालयले शक्ति केन्द्रित गर्ने कार्य, संविधानको भावनाविपरीतका विधेयकहरू, प्रेस स्वतन्त्रता कुण्ठित गर्ने नियत र व्यवहार, प्रदेश र स्थानीय सरकारहरूलाई अधिकार, कर्मचारी र बजेटमा गरिएका विभेदहरू, संविधान अंगको गरिमा अन्त्य गर्ने ढंगले गरिएका व्यवहारहरू, फरक विचार राख्ने या विरोध गर्नेप्रति जाइलाग्न प्रस्तुत असहिष्णु अभिव्यक्ति, नेकपा नेतृत्वको शासना यस्ता कार्यले संविधानको सफलता होइन, नवीन जटिलतातर्फ मुलुकलाई लैजान सक्दछ ।' संविधानको अक्षर र भावनाअनुसारको व्यवहार गर्न आवश्यक रहेको उनको भनाइ छ ।

डा. केसी अस्पताल जान मानेनन्

जुम्लाको रानीचौरस्थित बाबिरा मस्टो मन्दिरमा अनशनरत डा. गोविन्द केसी । कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एमबीबीएसलगायतका कार्यक्रम सञ्चालन गर्नुपर्ने मुख्य माग राखेर सोमबारदेखि अनशनरत डा. केसी स्वास्थ्य अवस्था बिग्रिए पनि अस्पताल जान मानेका छैनन् । उनको शरीरमा अक्सिजन र पिसाबको मात्रा घट्दै गएको चिकित्सकको भनाइ छ । डा. केसीको समर्थनमा नागरिक समाजले अनशनस्थल र खलंगा बजारको कृष्ण मन्दिरमा ब्यानर राखेर शुक्रबार हस्ताक्षर अभियान थालेको छ ।

तस्बिर : एलपी देवकोटा/कान्तिपुर

प्लाज्मा थेरापी गर्न एन्टिबडी 'परीक्षण जरुरी'

रोग निको भइसकेका दाताको रगतमा प्रभावकारी रूपमा कोभिडविरुद्धको एन्टिबडी नभए उपचार प्रक्रियामा खासै फाइदा नहुने

अतुल मिश्र (काठमाडौं)

विज्ञहरूले कोभिड-१९ का जटिल बिरामीलाई कन्भल्सेन्ट प्लाज्मा थेरापीमार्फत उपचार गर्नुअघि रक्तदाताको शरीरमा रोगविरुद्धको प्रतिरोधी क्षमता (एन्टिबडी) बढे-नबढेको सुनिश्चित गर्नुपर्ने बताएका छन् । थेरापीका लागि छानिएका दाताको रगतमा एन्टिबडी परीक्षण गर्नुपर्नेमा उनीहरूको जोड छ ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वीकृतिमा सुरु गरेको कन्भल्सेन्ट प्लाज्मा थेरापीअन्तर्गत हालसम्म दाताको शरीरमा एन्टिबडीको मात्रा हेरिने गरिएको छैन । हाल मुलुकका विभिन्न सरकारी तथा निजी अस्पतालहरूमा 'अवलोकनात्मक अध्ययन' का रूपमा कोभिडका बिरामीहरूको प्लाज्मा थेरापीबाट उपचार भइरहेको छ । रोग निको भइसकेका दाताको रगतमा प्रभावकारी रूपमा कोभिडविरुद्धको एन्टिबडी नभए यसले उपचार प्रक्रियामा खासै फाइदा नहुने विज्ञहरूको दावी छ । 'बिरामीलाई प्लाज्मा थेरापी दिनुभन्दा अघि दाताको शरीरमा कोभिडविरुद्धको एन्टिबडी बनेको छ वा छैन यसको परीक्षण अत्यावश्यक छ,' त्रिवि शिक्षण अस्पताल बायोकेमिस्ट्री विभागका डा. विनोद यादवले भने, 'परीक्षण नगरी लिइएको प्लाज्मामा एन्टिबडी छ वा छैन सुनिश्चित नहुने भएकाले यो अँध्यारोमा तीर हान्नुजस्तो मात्रै हुनेछ ।'

विज्ञहरूका अनुसार कोभिडविरुद्ध सबै व्यक्तिमा एन्टिबडी बन्दैन । बन्नेहरूमा पनि कसैमा कम त कसैमा बढी बन्छ । यो एन्टिबडी कति जनामा बन्छ वा बन्दैन यसबारे अध्ययन नै छैन । डा. यादवले भने, 'त्यसकारण एन्टिबडीको स्तर हेरेपछि मात्र उपयुक्त देखिए प्लाज्मा दानमा लिनुपर्छ ।'

'जति बढी सेना (एन्टिबडी) त्यति बढी शत्रु (कोभिडको भाइरस) नास हुन्छ,' बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत मेडिसिन विभागका प्रमुख प्रा.डा. सञ्जीवकुमार शर्माले भने, 'दाताको शरीरबाट प्लाज्मा लिनुभन्दा अगाडि एन्टिबडी हेर्न पाए राम्रो हो ।'

त्रिवि शिक्षण अस्पतालमा अहिलेसम्म १२ जना कोभिड संक्रमितको यसै माध्यमबाट उपचार भइसकेको छ । स्वास्थ्य अनुसन्धान परिषद्का अनुसार देशभर ४१ जनाको प्लाज्मा थेरापी भइसकेको छ । 'जसले प्लाज्मा दान दिइरहेका छन्, त्यसमा एन्टिबडी छ वा छैन अथवा कति छ, त्यो निश्चित हुने स्थिति छैन,' त्रिवि शिक्षण अस्पतालका कोभिड व्यवस्थापन समिति संयोजक एवं छाती रोग विशेषज्ञ डा. सन्तकुमार दास भन्छन्, 'हाल हामी जुन व्यक्ति संक्रमित भएर निको भएका छन्, उनीहरूका एन्टिबडी बनेको हुनुपर्छ भन्ने मान्यताअनुसार प्लाज्मा थेरापी गर्दै छौं ।' कोभिडको लक्षण भएर निको भएका प्लाज्मा दातालाई प्राथमिकता दिने गरेको बताउँदै उनले भने, 'अहिलेसम्म हामीले गरेको प्लाज्मा थेरापीअन्तर्गत हरेक व्यक्तिको करिब १० मिलिलिटर प्लाज्मा पछि एन्टिबडीबारे जाँच गर्न सुरक्षितसमेत राखेका छौं ।' डा. यादवले प्लाज्मा दान दिने व्यक्तिमा रगतको मात्रा १२ युनिटभन्दा बढ्दा एन्टिबडीको स्तर उल्लेख्य हुनुपर्ने बताए ।

कस्ता बिरामीलाई थेरापी ?

मुलुकमा प्लाज्मा थेरापी गर्नुपर्ने कोभिड बिरामीको मापदण्डसमेत तोकिएको छ । यसअन्तर्गत अक्सिजन दिनुपर्ने आवश्यकता भएका सघन उपचार कक्ष (आईसीयू) मा रहेको बिरामी हुनुपर्छ । दुवै फोक्सोमा निमोनिया हुनुका साथै 'अक्सिजन स्याचुरेसन' ९२ प्रतिशतभन्दा कम हुनुपर्छ । बिरामीको श्वास फेर्ने दर एक मिनेटमा ३० पटकभन्दा माथिसमेत हुनुपर्ने डा. दासको भनाइ छ ।

यस्तै, थेरापीका लागि प्लाज्मा दान गर्ने व्यक्तिमा पछिल्लोपटक पीसीआर प्रतिवेदन नेगेटिभ हुनुका साथै कोभिडको लक्षण निको भएको दुई साता भएको हुनुपर्छ । रक्तदाता र ग्रहणकर्ताको रक्त समूहसमेत मिल्नुपर्छ । एक जना कोभिड बिरामीलाई थेरापीअन्तर्गत करिब दुई सय मिलिलिटर प्लाज्मा चाहिन्छ । तीन साताअघि विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) का प्रमुख वैज्ञानिक डा. सौम्या स्वामिनाथनले पत्रकार सम्मेलनमा भनेकी थिइन्, 'डब्लूएचओको मान्यताअनुसार प्लाज्मा थेरापी प्रयोगात्मक स्तरमा छ र यसको मूल्यांकन जारी रहनुपर्छ ।' डा. स्वामिनाथनले यो उपचारलाई प्रामाणिक रूप दिन मुस्किल रहेको बताएकी थिइन् ।

एकै दिन २ हजारभन्दा बढी संक्रमित

मुलुकमा एकै दिन हालसम्मकै धेरै २ हजार २० जनामा कोरोना संक्रमण देखिएको छ । शुक्रबार पुष्टि भएका संक्रमितमा ३१.६३ प्रतिशत महिला छन् । उक्त दिन संक्रमण दर पनि १७.६२ प्रतिशत पुगेको छ । अर्थात् सय जनाको परीक्षण गर्दा करिब १८ जनामा कोरोना देखिएको हो । हालसम्मको समग्र संक्रमण दर भने ६.८८ प्रतिशत छ ।

चौबीस घण्टे विवरणमा काठमाडौं उपत्यकामा समेत हालसम्मकै धेरै ८५९ जनामा संक्रमण देखिएको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक एवं भाइरोलजिस्ट डा. वासुदेव पाण्डेका अनुसार काठमाडौंमा देखिएका संक्रमितमध्ये ९० प्रतिशतभन्दा बढी यहींका स्थानीय हुन् । अत्यधिक संक्रमण देखिन थालेपछि विज्ञहरूले अक्सिजनको सहज उपलब्धतासँगै अस्पतालको व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने औंल्याएका छन् । अहिले कोरोनाका बिरामीमा धेरै छिटो अक्सिजनको कमी हुने गरेको देखिएको छ ।

मुलुकमा रहेका आइसोलेसन सेन्टरहरूलाई लक्षण भएका कोभिड बिरामीका लागि अक्सिजन दिने केन्द्रका रूपमा निर्माण गर्नुपर्ने डा. पाण्डेले बताए । 'महिला र बालबच्चामा समेत संक्रमण बढ्दो देखिएको छ,' डा. पाण्डेले भने, 'अब अस्पतालको व्यवस्थापनतिर बढी ध्यान दिनुपऱ्यो ।'

थप पाँचको मृत्यु

कोरोना संक्रमणबाट शुक्रबार थप ५ जनाको मृत्यु पुष्टि भएको छ । मिर्गौलाको डायलसिस गराइरहेका सर्लाहीको हरिहरपुर गाउँपालिकाका ५५ वर्षीय पुरुषको चितवनस्थित भरतपुरको सरकारी अस्पतालमा मृत्यु भएको हो । भदौ १८ मा कोरोना पुष्टि भएकै दिन उनी आइसोलेसनमा भर्ना भएका थिए । उनलाई खोकी र श्वासप्रश्वासको समेत समस्या रहेको अस्पतालले जनाएको छ ।

पुर्वी नवलपरासीको देवचुली नगरपालिका-११ का ३१ वर्षीय पुरुषको बिहीबार राति चितवन मेडिकल कलेजको शिक्षण अस्पतालमा मृत्यु भएको छ । निमोनिया र श्वासप्रश्वासको समस्या भएपछि उनी भदौ २५ मा अस्पताल आएका थिए । भोलिपल्ट कोरोना पुष्टि भएका उनको आईसीयूमा उपचारका क्रममा मृत्यु भएको अस्पतालका निर्देशक डा.दयाराम लम्सालले बताए । यस्तै, काठमाडौंकी ८५ वर्षीया र ललितपुरकी ६६ वर्षीया महिला तथा भक्तपुरका ८२ वर्षीय पुरुषको पनि मृत्यु भएको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ ।

पञ्चायती प्रपञ्चमा...

आर्थिक रूपले विपन्न, परिवारमा धेरै जना नरहेका, एकल महिला, समाजमा टाठाबाठा नरहेकाहरू पीडित हुने गरेका छन् । धेरैजसो घटनामा राजनीतिक रूपमा नाम चलेका, पहुँच भएका, आर्थिक रूपमा सबलहरू नै पीडक हुन्छन् । पीडकको राजनीतिक र प्रशासनिक पहुँचका कारण पञ्चायतीका निर्णयहरू पीडितको विपक्षमा बढी हुँदै आएका छन् ।

गम्भीर अपराधमा पनि पञ्चायती

रौतहटमा पनि आपराधिक घटनामा संलग्नलाई पक्राउ गरेपछि दुवै पक्षबीच प्रहरी चौकीमै छलफल (पञ्चायती) गर्ने क्रम बढेको छ । प्रहरीले नै दुवै पक्षलाई मिलेर आउनुस् भनेर कार्यालय परिसरमा पञ्चायती बसाउने गरेको पाइएको छ । घरेलु हिंसा, कुटपिट, चोरी, सामान्य झगडा, मदिरा सेवनका घटनामा यस्तो प्रवृत्ति बढी छ । सामान्यखालका घटनामा आरोपी पक्राउ परेपछि राजनीतिक दबाब थेग्न नसकेर प्रहरीले नै दुवै पक्षलाई मिलेर आउन भन्ने गरेको पाइएको छ । ग्रामीण क्षेत्रका प्रहरी इकाइमा आउने उजुरीमा बढीजसो पञ्चायती शैलीबाट मिलापत्र हुने गरेको पाइएको छ ।

गत भदौ १६ को राति गुजरा नगरपालिका-६ का वडाध्यक्ष सकिल अन्सारीले कोरोना संक्रमणको रिपोर्ट नेगेटिभ आएर घर फर्केको खुसियालीमा गाउँमा मोटरसाइकल ऱ्याली निकाल्दा झडप भयो । २० वटा मोटरसाइकलमा ४०/५० जना मिलेर ऱ्याली गरेका वडाध्यक्ष अन्सारीको समूह र स्थानीयबीच झडप हुँदा दुवै पक्षका केही घाइते भए । घटनामा संलग्न दुवै पक्षका ३ जनालाई प्रहरीले पक्रेर मुद्दा चलाउन खोजे पनि राजनीतिक दबाबका कारण सकेन । त्यसपछि दुवै पक्ष प्रहरी कार्यालय परिसरमा पञ्चायती बस्यो । दुवै पक्षबीच आरोप-प्रत्यारोप चल्यो । अन्तमा मेलमिलापको वातावरण बनाइयो । यस्ता खालका अधिकांश घटना पञ्चायती शैलीबाट मिलापत्रमा टुंगिने गरेका छन् ।

०७५ भदौ अन्तिम साता गम्हरियामा १२ वर्षीया बालिकालाई बलात्कार गरेको घटना ढाकछोप गर्न प्रदेशसभा सदस्य अब्दुलकलाम आजादले आफ्नै घरमा छलफल (पञ्चायती) राखेपछि उनी विवादमा परेका थिए । पीडितलाई प्रहरीकहाँ आउन नदिई घटनाको ४ दिनसम्म गाउँमै मिलाउने प्रयास गरिएको थियो । पीडितले इलाका प्रहरी गरुडामा किटानी जाहेरी दिएपछि सांसदले घटना लुकाउन खोजेको खुलेको थियो । बलात्कार आरोपमा प्रहरीले स्थानीय ५० वर्षीय सहमद अन्सारीलाई पक्राउ गरेपछि घटनाको रहस्य खुल्यो । उक्त घटनामा पञ्चायती बसेर प्रहरीकोमा पुगेपछि पीडितलाई 'आर्थिक प्रलोभनमा पारिएको होइन' भन्न लगाइएको थियो ।

रौतहट प्रहरीका प्रवक्ता डीएसपी भरत श्रेष्ठ ठूला अपराधका घटनामा पञ्चायती राख्न खोज्ने प्रवृत्तिका कारण पीडकको मनोबल उच्च हुने र दोहोऱ्याएर घटना गराउन सक्ने बताउँछन् । 'सामान्य घटनाहरूमा आरोपी सुध्रिन्छन् भन्ने नागरिक अगुवाहरूको अनुरोधमा तथा पीडित आफैं मिल्न खोजेको अवस्थामा छलफलबाट मिलाउन सकिन्छ,' उनले भने, 'यहाँ जघन्य अपराध पनि मिलाउन खोज्ने, तुरुन्तै पञ्चायती शैलीमा मानिस जम्मा गरेर छलफल गर्ने र पीडितलाई दबाब दिने काम गर्न थाल्छन्, यो राम्रो संकेत होइन ।'

घरेलु हिंसाका घटनामा मेलमिलाप बढी

महिला तथा बालबालिका सेवा केन्द्र गरुडाको तथ्यांकअनुसार बढीजसो घरेलु हिंसाका घटनामा पञ्चायती बसेर मिलापत्र हुने गरेको पाइएको छ । केन्द्रका अनुसार गत वर्ष ४ सय १३ वटा हिंसाका घटनाको निवेदन दर्ता भएकामा १ सय १० वटामा पञ्चायती बसेर मिलाएको छ ।

यस्ता पञ्चायतीमा प्रहरीको सहभागिता भने नहुने डीएसपी श्रेष्ठको दावी छ । 'पीडित र पीडक बसेर हामी मिल्छौं भन्छन् भने हामीले के गर्न सक्छौं र ?,' उनले भने, 'बलात्कार, कर्तव्यज्यान जस्ता जघन्य अपराधका घटना जबर्जस्ती मिलाउन खोज्ने र पञ्चायती राखेर मिलाउने गरेको पाइए दुवै पक्षलाई पक्रेर कारबाही गर्छौं ।'

प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले पञ्चायती शैलीले घटना मिलाउँदा आपराधिक गतिविधिमा संलग्नको मनोबल बढिरहेको बताए । 'जुनसुकै घटनामा पनि पञ्चायती बसेर मिलाउने र पीडितलाई दबाब दिने कामले समाजमा अपराध गर्नेको मनोबल झनै बढ्छ,' उनले भने, 'अपराध गर्नेलाई कानुनको कठघरामा ल्याउन दिनुपर्छ । पञ्चायती बसेर मिलाउने काम गर्नु हुन्न ।'

नागरिक समाज रौतहटका अगुवा बाबुराम दाहालले मुद्दामामिलामा जाँदा दीर्घकालसम्म दुश्मनी रहने हुँदा सकेसम्म छलफलबाट मिलाउने काम हुन थालेको तर्क गरे । 'जघन्य अपराधका घटनामा मिलापत्र र पञ्चायती गर्न हुन्न,' उनले भने, 'पछिल्लो समय जुनसुकै मुद्दा पनि छलफलबाट र पीडितलाई दबाब दिएर मिलाउने गर्न थालिएको छ, यो राम्रो पक्ष होइन ।'

'माइनजन' को निर्णय नै अन्तिम

मधेसका हरेक जातीय समुदायमा मुख्य व्यक्ति 'माइनजन' हुन्छन् । टोल, बस्तीका ती व्यक्तिले जातीय समुदायको जन्म, विवाह, मृत्यु संस्कारदेखि भोजभतेरका बारेमा निर्णय सुनाउँछन् । उसले सुनाएको निर्णय ती समुदायमा सबैले पालना गर्नु अनिवार्य हुन्छ । यस्ता निर्णय उक्त समुदायमा कानुनसरह लागू हुन्छ ।

मधेसका दलित मुसहर, चमार, डोम, पासवानदेखि यादव, महतो, हलुवाई, सुडी, कुर्मीलगायत तराईका अधिकांश जातिमा माइनजन प्रथा कायम छ । जातीय समाजलाई सही बाटोमा डोऱ्याउन माइनजनको महत्त्वपूर्ण भूमिका मानिन्छ । समाज परिवर्तनमा महत्त्वपूर्ण भूमिका रहने सिरहाका जातीय अगुवा तथा माइनजनहरूमा परम्परागत रुढिवादी संस्कार कायमै रहेको हुँदा कतिपय माइनजनले लिने निर्णयले समाजमा आत्महत्यादेखि हत्याका घटनासमेत निम्तिएका छन् ।

लहान नगरपालिका-२२ जहदीका थारू समुदायका माइनजन दुर्गाप्रसाद चौधरीले जहदी क्षेत्रको थारू समुदायको जन्म, विवाददेखि मृत्यु संस्कारसम्मको निर्णय आफूले गर्दै आएको सुनाए । 'परम्परागत रीतिरिवाजलाई माइनजनले पछ्याउनुपर्ने बाध्यता हुन्छ,' उनले भने, 'परम्परागत जातीय संस्कार, कर्म माइनजनले नै चलाउनुपर्छ, अन्तिम निर्णय लिनुपर्ने हुन्छ ।' आफ्नो समुदायका विवाद, झैंझगडा मिलाउनसमेत माइनजनको भूमिका महत्त्वपूर्ण हुने उनले बताए ।

'कतिपय अन्तरजातीय विवाहको समस्यादेखि घर झगडाका घटनामा पनि जातीय पञ्चायती बसाएर माइनजनले निर्णय लिनुपर्छ,' भूमिहार समुदायका माइनजन रामदेव गडेरीले भने, 'कतिपय जातीय समाजको पञ्चायतीले पनि हत्या, आत्महत्याका घटना सिर्जना भएका छन् ।'

पक्का गरेको बिहेअगावै दुलही भागेपछि जातीय भेलाले दुलही पक्षलाई तत्कालै ६० हजार रुपैयाँ जरिवाना तिर्नुपर्ने निर्णय गरेपछि लहान नगरपालिका-२४ का श्यामलाल रामले ०७६ माघ २ मा आत्महत्या गरे । श्यामलालकी छोरी र सप्तरी सुरुंगा नगरपालिका-४ महुलियाका बन्दी रामका छोरा महेशबीच बिहे हुने तय गरिएको थियो । तर बिहेअघि नै प्रेमसम्बन्ध रहेको युवकसँग 'दुलही' भागेपछि छलफल गर्न जातीय भेला बस्यो । जातीय माइनजन योगेन्द्र रामसहित अगुवाहरूको भेलाले ६० हजार रुपैयाँ जरिवाना तिर्नुपर्ने निर्णय गरेको थियो । तोकिएको रकम तिर्न नसकेपछि श्यामलालले आत्महत्या गरेका थिए ।

जातीय माइनजनले परम्परा पछ्याउँदा बालविवाह, दाइजोजस्ता कुप्रथाहरू समाजमा विद्यमान रहेको थारू जातिका माइनजन दुर्गाप्रसाद चौधरी बताउँछन् । उनी भन्छन्, 'अब सामाजिक कामलाई केही परिष्कृत गर्न जरुरी छ र जातीय परम्परा, मूल्यमान्यता कायम राख्दै कुप्रथाहरू हटाउन माइनजनहरू पनि लागिपर्नुपर्छ ।'

राणाकालदेखिको चलन

राणाकालदेखि नै गाउँका 'ठूलाबडा' को रोहबरमा घटनाहरू मिलाउने गरिन्थ्यो । पञ्चायतकालमा गाउँका मुखियाले अधिकांश मुद्दाहरू दुवै पक्षलाई राखेर मिलाउने गर्थे । त्यसैलाई पञ्चायती भनिन थालिएको हो । त्यही पञ्चायती प्रवृत्ति तराई मधेसमा अहिलेसम्म कायम छ ।

पञ्चायतकालमा बढीजसो सामान्य खालका मुद्दामा छलफल गराएर टुंग्याउने चलन थियो । गाउँमा यसरी छलफल गर्दा अधिकांश मुद्दामा पीडितले न्याय पाउने गरेको रौतहट नागरिक समाजका अगुवा बाबुराम दाहाल बताउँछन् । तर, पछिल्लो समय भने राजनीतिक, आर्थिक, जातीयलगायत पहुँचका आधारमा जघन्य अपराधका घटनामा पनि पञ्चायती बस्न थालेको छ । त्यसमाथि पीडककै पक्षमा पञ्चायतीको फैसला हुने गरेको पाइएको छ । 'प्रायःजसो घटनामा पहुँच नभएका र विपन्न समुदायका व्यक्ति पीडित हुन्छन्,' दाहालले भने, 'पीडितको पहुँच नपुग्दा पञ्चायतीबाट उनीहरूकै विरुद्ध निर्णय हुन थालेकाले पीडितमाथि झन् पीडा हुन थालेको पाइन्छ ।'

जघन्य अपराधमा प्रहरीले पञ्चायती हुन नदिए पनि सामान्य मुद्दामा भने तराईमा यो परम्परा जस्तै रहेको प्रदेश २ प्रहरीका डीआईजी धीरजप्रताप सिंह बताउँछन् । 'कुलो, पानी, साँध सिमानाजस्ता सामान्य विवाद पनि प्रहरीमै आउँछन् । स्थानीय तहका न्यायिक समितिमा पठाए पनि पीडित जान मान्दैनन् । दुवै पक्ष विश्वास गरेर प्रहरीमै आउँछन्,' उनले भने, 'सबै मुद्दा अदालत लैजान सम्भव हुँदैन । कतिपय समुदायमै मेलमिलाप गराउन पञ्चायती गर्ने चलन छ । जघन्य अपराधमा भने कतै पनि पञ्चायती भएको छैन ।'

सामान्य विवाद मिलाउन पञ्चायतीले सजिलो पनि भएको उनले बताए । उनका अनुसार महिला हिंसा, जबर्जस्ती करणी, ज्यान मार्ने उद्योगजस्ता जघन्य अपराधबाहेकका सामान्य घटना ७० प्रतिशत जति मिलेमतोमा टुंगिंदै आएको छ ।

अवधेशकुमार झा (सप्तरी), **शिव पुरी** (रौतहट), **ओमप्रकाश ठाकुर** (सर्लाही) र **भरत जर्घामगर** (सिरहा)

गर्भवती कुटपिटका आरोपित पक्राउ

राजविराज (कास)- महिलालाई कुटपिट गरिएपछि गर्भ तुहिएको घटनामा प्रहरीले शुक्रबार साँझ एक जनालाई नियन्त्रणमा लिएको छ । सप्तरी तिलाठी कोइलाडी गाउँपालिका-२ लौनियाकी २५ वर्षीया सञ्जुदेवी मण्डललाई गत साउन १९ गते कुटपिट गरेको आरोपमा स्थानीय सफिद मन्सुरीलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डीएसपी तिलक भारतीले बताए ।

आफ्नो धान खेतमा बाली मासिने गरी किन माछा मारेको भन्दा उल्टै मन्सुरीले कुटपिट गरेपछि गर्भ तुहिएको मण्डलको दाबी छ । साउन १९ मा घटना भए पनि प्रहरीले नै पञ्चायतीमार्फत समाधान गर्न खोजेको थियो । कान्तिपुर दैनिकमा शुक्रबार समाचार छापिएपछि सक्रिय भएको प्रहरीले मन्सुरीलाई पक्राउ गरेको हो ।

सामूहिक बलात्कारका आरोपित समातिए

१७ वर्षीया किशोरीलाई सामूहिक बलात्कार घटनाका मुख्य दुई आरोपीलाई सप्तरी प्रहरीले बिहीबार राति पक्राउ गरेको छ । डाकनेश्वरी नगरपालिका-७ ललितपुरकी १७ वर्षीया किशोरी संगीता मण्डललाई आफ्नो खेतमा गएका बेला गत सोमबार बिहान चार जनाले सामूहिक बलात्कार गरेका थिए । बलात्कारपछि स्थानीय पञ्चहरूले प्रहरीमा उजुरी नदिन धम्क्याएपछि संगीताले घटनाकै दिन राति घरमै झुन्डिएर आत्महत्या गरेकी थिइन् ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सन्तोष खड्काका अनुसार बलात्कारमा संलग्न मुख्य आरोपीमध्येका 'बबलु' भनिने सुमनकुमार मण्डल र रन्जित मण्डललाई बिहीबार राति पक्राउ गरिएको हो । उनीहरूलाई नेपाल-भारत सीमावर्ती क्षेत्रबाट नियन्त्रणमा लिइएको हो । पक्राउ गरिएका दुवै जना बलात्कारमा प्रत्यक्ष संलग्न रहेको प्रहरीको भनाइ छ । 'भागेर भारत गएर बसेका थिए । बिहीबार राति नेपाली सीमा क्षेत्रमा आएको खबर आयो । त्यसपछि परिचालित प्रहरीले उनीहरूलाई पक्राउ गऱ्यो,' खड्काले भने । मुख्य आरोपीमध्येका बाँकी दुई जना विष्णु मण्डल र धर्म मण्डल अझै फरार छन् । किशोरीले आत्महत्या गरेपछि प्रहरीले रकममा बलात्कारको मुद्दा मिलाउन खोज्ने तथा किशोरी र उनको परिवारलाई प्रहरीमा उजुरी गर्न नपाउने निर्णय पञ्चहरूले गरेका थिए । उक्त निर्णय गर्नेमध्येका जयकान्त मण्डल, सत्यनारायण मण्डल र वासुदेव मण्डल गत मंगलबार नै पक्राउ परिसकेका छन् । पञ्चायतीमा संलग्न अन्य केही पञ्चहरू भने फरार छन् । फरार सबैको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

सुस्त कार्यान्वयनका ५ वर्ष

संघीयता, मौलिक हक, समानता, नागरिकता, समानुपातिक प्रतिनिधित्वलगायत संविधानका विशेषताहरूको कार्यान्वयनमा ढिलाइ

राजेश मिश्र (काठमाडौं)

संविधानको महत्त्वपूर्ण विषय संघीयता हो । संविधान आएको पाँच वर्ष भइसक्दासम्म जनताले स्थानीय सरकारबाट प्रभावकारी सेवा पाउन सकेका छैनन् । संविधानको धारा ५६ (२) मा नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने उल्लेख छ । तर, प्रदेश र स्थानीय तहले राज्यशक्तिको प्रयोग गर्ने गरी कानुनहरू अझै बनिसकेका छैनन् ।

प्रदेशले सरकार सञ्चालनका लागि आवश्यक पर्ने प्रहरी, प्रशासन र कर्मचारी परिचालनको अधिकार अझैसम्म पाउन सकेका छैनन् । संघीय निजामती कर्मचारीसम्बन्धी ऐन नआउँदा प्रदेश कानुनहरू बन्न सकेका छैनन् । जसको परिणाम प्रदेश र स्थानीय तहमा कर्मचारी व्यवस्थापनमै चुनौती छ । प्रदेश लोकसेवा आयोग गठन भए पनि तिनले काम गर्न पाएका छैनन् । प्रदेश प्रहरी गठन र समायोजनसम्बन्धी कानुन आएको आठ महिना भइसक्दा पनि तिनलाई कार्यान्वयनमा लगिएका छैनन् । संविधानले अधिकार दिए पनि संघीय कानुन, कर्मचारी, प्रहरी जनशक्तिलगायत अभावले प्रदेशले राम्रो सेवा प्रवाह गर्न सकेका छैनन् । तिनै समस्याहरूबाट स्थानीय तह पनि जुझिरहेका छन् । अपेक्षाकृत परिणाम दुवै संस्थाले दिन सकिरहेका छैनन् ।

सरकारको पूरा कार्यकाल पाँच वर्ष संविधानलाई गति दिन पर्याप्त समय हो । तर उदाहरण र व्यावहारिक पक्षले देखाउँदै छ- संविधान कार्यान्वयनको गति अत्यन्तै सुस्त छ । पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठ पाँच वर्षको अवधिमा संविधानले निश्चित दिशा समात्न नसकेको देख्छन् । 'संविधान जति आशालाग्दो छ, कार्यान्वयनको अवस्था त्यस्तो छैन,' उनले भने ।

समावेशी, आदिवासी जनजाति, मधेसी, थारू र मुस्लिमसहितका सातवटा संवैधानिक आयोगहरू संविधान लागू भएको पाँच वर्षसम्म गठन गरिएका छैनन् । संविधान प्रारम्भ भएको मितिदेखि यी आयोगको आयु १० वर्ष तोकिएको छ । उक्त अवधिपछि आयोगहरूको पुनरावलोकन गरिने बाध्यकारी व्यवस्था संविधानमा छ । आधा अवधि गुज्रिसक्दा कुनैमा अध्यक्ष मात्रै छन् भने कुनै आयोग पूरै रिक्त छन् । पदाधिकारी नभएपछि आयोगहरूले तोकिएको भूमिका निर्वाह गर्न सकेका छैनन् । आयोगका अध्यक्ष र सदस्यहरूको पदावधि ६ वर्ष तोकिएको छ । आयोगमा अब नियुक्त हुने पदाधिकारीले आयोगकै निर्धारित आयुका कारण आफ्नो पूरा अवधि काम गर्न पाउने छैनन् । यी आयोगलाई पूर्णता दिन सरकारलाई केहीले छेकेको छैन । संवैधानिक परिषद्मा विपक्षी दलका नेतासँगको परामर्शमा नियुक्ति गर्न सकिन्छ । तर सरकार यसप्रति उदासीन छ । परिषद्को बैठक पनि नचाहिने, सरकार मात्रैले नियुक्ति गर्न सक्ने भाषा आयोगलाई पनि अलपत्र राखिएको छ । संघीयतालाई अत्यावश्यक अर्को महत्त्वपूर्ण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले पूर्णता पाउन सकेको छैन । राजस्वको बाँडफाँट, अनुदानको मापदण्ड तोक्ने, सिफारिस गर्नेलगायतका महत्त्वपूर्ण जिम्मेवारी आयोगको छ ।

संविधानमै तोकिएका संस्थाहरूले काम गर्न नसक्दा र नतिजा देखाउन नपाउँदा त्यसको उपादेयतामाथि नै प्रश्न उठ्ने पूर्वप्रधानन्यायाधीश श्रेष्ठले बताए । कामै गर्न नदिएपछि यो नभए पनि हुँदो रहेछ भन्ने अवस्था सिर्जना हुने उनले उल्लेख गरे । 'संघीयताका धेरै कुरा कार्यान्वयनमा पनि उस्तै शिथिलता छ,' उनले भने, 'अहिलेकै जस्तो अवस्था रहे संघीय संरचनाको हकमा पनि त्यस्तै धारणा उत्पन्न हुन सक्छ । संविधानले तोकेको साझा अधिकारका सूचीका सम्बन्धमा संघ सरकारले अझै धेरै कानुन बनाउन बाँकी छ ।'

संविधान जारी भएपछि कानुन मन्त्रालयले गरेको अध्ययनले संविधान कार्यान्वयनका लागि ३ सय १५ वटा विद्यमान कानुन पुनरावलोकन तथा संघ, प्रदेश र स्थानीय तहले १ सय ३८ विषयमा नयाँ कानुन बनाउनुपर्ने देखाएको थियो । पुराना धेरैजसो कानुनमा संशोधन गरिँदै लगिए पनि नयाँ कानुन निर्माण तथा त्यसको कार्यान्वयनको अवस्था सन्तोषजनक देखिएको छैन । बनाइएका कानुन पनि संविधानको भावनाअनुसार संघीयता, समावेशिता र समानतालाई लिएर उदार देखिएका छैनन् । कानुनहरूले अधिकार हस्तान्तरणमा कञ्जुस्याइँ गरेको, शक्ति केन्द्रमा राख्ने तथा समाजलाई नियन्त्रण गर्ने दिशामा केन्द्रित रहेको पाइएको छ । बनेका र प्रस्तावित त्यस्ता कानुनको जनस्तरबाटै विरोध भएका छन् ।

नागरिकताको समस्या उस्तै

संविधानले जन्मका आधारमा नागरिकता पाएका नागरिकका सन्तानले वंशजका आधारमा नागरिकता पाउने व्यवस्था छ । तर संविधान जारी भएको ५ वर्ष पूरा भइसक्दा पनि संविधानको धारा ११ (३) को उक्त प्रावधान कार्यान्वयनमा नआउँदा लाखौं युवायुवती नागरिकताविहीन छन् ।

अन्तरिम संविधान र नागरिकता ऐन ०६३ अनुसार ०६४ सालको पहिलो संविधानसभा निर्वाचनअगाडि खटिएको नागरिकता टोलीबाट देशैभर १ लाख ७० हजार ४२ जनाले जन्मका आधारमा नागरिकता पाएका थिए । तर उनीहरूका सन्तानका सन्दर्भमा त्यतिबेलाको संविधान वा कानुनले केही बोलेको थिएन । ०७२ को संविधानमा वंशजको नागरिकता दिने व्यवस्था राखियो ।

नागरिकतासम्बन्धी यो मात्रै होइन, आमाका नाममा, पितृत्व र मातृत्वको ठेगान नभएका नाबालक तथा गैरआवासीय नेपाली नागरिकले नागरिकता पाउन सक्ने संविधानले दिएका अधिकारहरू प्रयोगमा आउन सकेका छैनन् । संविधानका प्रावधान कार्यान्वयमा नआउँदा आमा र बुबा नेपाली नागरिक भए पनि सन्तानहरू 'अनागरिक' को स्थितिमा छन् । नागरिकता नभएकै कारण लाखौं युवायुवती राज्यबाट पाउने सबैखाले सेवासुविधाबाट वञ्चित छन् । त्यसले राज्यप्रति उनीहरूको असन्तोष बढाउँदै लगेको छ । संविधानमा उल्लेखित नागरिकतासम्बन्धी धाराहरूको कार्यान्वयनका लागि ल्याइएको नागरिकता विधेयक संसद्मा अड्किएको दुई वर्ष नाघेको छ ।

मौलिक हक नै अलपत्र

संविधानमा नागरिकका लागि ३१ वटा मौलिक हकको व्यवस्था गरिएको छ । तिनको कार्यान्वयन तीन वर्षभित्र कानुन बनाएर गरिने उल्लेख छ । निश्चित समयसीमाभित्र कानुन बनाइन सक्नुपर्ने बाध्यकारी संवैधानिक व्यवस्थाका कारण मौलिक हकसम्बन्धी १७ वटा ऐन बनेकै दुई वर्ष पुगेको छ । तर संविधानले दिएको निःशुल्क शिक्षा, रोजगारी, स्वास्थ्य सेवा, खाद्य सम्प्रभता, आवासलगायत दर्जनौं आधारभूत हकहरूको अनभूति आमनागरिकले गर्न पाएका छैनन् । मौलिक हकका धाराहरू संविधानमा सजावटी मात्रै भएका छन् ।

तत्कालीन संविधानसभाको ९० प्रतिशत समर्थनमा ०७२ असोज ३ गते संविधान जारी भएको थियो । संविधान पाँच वर्ष पूरा गरेर छैटौं वर्षमा लागेको छ । यस अवधिमा दुई पटक संशोधन गरिएको छ । संविधान जारी भएको ६ महिनाभित्रै ०७२ माघमा आन्दोलनरत मधेसी दलहरूको माग सम्बोधन गर्न समानुपातिक प्रतिनिधित्व र जनसंख्याका आधारमा पनि निर्वाचन क्षेत्र निर्धारणको विषय संशोधन गरिएको थियो । यसै वर्ष असारमा मुलुकको नक्सालाई पूर्णता दिन अर्को संशोधन गरिएको छ । संविधान जारीपछि संघ, प्रदेश र स्थानीय तीनवटै तहको चुनाव सम्पन्न भएर सरकारहरूको गठन तथा संविधानको व्यवस्थाअनुसार तीनवटै तहका व्यवस्थापिकामा महिलाको सम्मानजनक प्रतिनिधित्वलाई उपलब्धि मानिएको छ । तर संघीयता, मौलिक हक, नागरिकता वा संविधानले दिएका कैयन् विषयहरूले सही दिशा समात्न सकेका छैनन् ।

संविधान निर्माणका बेला प्रदेशको गठन र त्यसको साँध-सिमानाको विषय सबैभन्दा पेचिलो थियो । त्यतिबेला सात प्रदेश बनाइयो र संविधानमा प्रदेशको सीमांकनसम्बन्धी विषयमा सुझाव दिन सरकारले आयोग गठन गर्ने प्रावधान राखियो । संविधानको धारा २९५ को उपधारा (३) मा रहेको स्थानीय तह पुनःसंरचनासम्बन्धी आयोग गठन भयो । त्यसले काम पनि पूरा गऱ्यो तर त्यही धाराको उपधारा (१) मा रहेको प्रदेश सीमांकनसम्बन्धी आयोग गठनको अत्तोपत्तो छैन ।

संविधान जारी भएको एक वर्षभित्र प्रदेशहरूमा उच्च अदालतहरू गठन गरिनुपर्ने, एक वर्षभित्र भाषा आयोगको गठन गरिनुपर्ने, तीन वर्षभित्र मौलिक हकसम्बन्धी कानुनहरू बनाइसक्नुपर्ने संवैधानिक बाध्यताका कारण ती काम गरिएका छन् । तर समयसीमा नतोकिएका धेरै विषयमा सरकार उदासीन छ । संविधानले नागरिकलाई दिएको अर्को महत्त्वपूर्ण कुरा हो- राज्यको सबै संरचनामा समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता तथा समतामूलक समाजको संकल्प । तर, पाँच वर्षको अभ्यासले त्यसको व्यावहारिक पक्षलाई कमजोर देखाएको छ । प्रतिनिधित्व र समानताको लडाइँ जनताले अझै पनि गर्नुपरिरहेको छ । संविधानले महिलालाई लैंगिक भेदभावबिना समान वंशीय हक दिएको छ । त्यस्तै, पैतृक सम्पत्तिमा लैंगिक भेदभावबिना सबै सन्तानको समान हक हुने भनिएको छ । तर व्यवहारमा त्यसको कार्यान्वयन कहिले हुने हो ? सुनिश्चित छैन ।

'संविधानले जनतालाई दिनेको भनेको हक र अधिकारको सूची हो, जनताको राज्यमाथिको हक त्यसैले निर्धारण गर्छ,' पूर्वप्रधानन्यायाधीश श्रेष्ठ भन्छन्, 'जनताप्रति राज्यको दायित्व भनेको त्यसलाई कार्यान्वयन गरेर देखाउने हो । ती विषय कार्यान्वयनमै गएन भने जनतालाई हात लाग्यो के ?' संविधानबाट पाएको हक र अधिकारको व्यावहारिक उपयोग वा त्यसको कार्यान्वयनको लक्षणको अनुभूति जनताले गर्न नपाएको उनले उल्लेख गरे ।

असन्तुष्ट पक्षका माग सम्बोधन भएन

संविधान निर्माणका समयमा आफ्ना माग पूरा नभएको भन्दै मधेस केन्द्रित दलहरू र आदिवासी जनजातिका समूहहरूले संविधानलाई अस्वीकार गरेका थिए । तर ५ वर्षको अवधिमा तिनै शक्तिहरू संविधानको पालना गर्दै यहीभित्र रहेर आफ्ना माग राखिरहेका छन् । संविधान कार्यान्वयनलाई गति दिन राजनीतिक रूपले सरकारलाई कहींकतैबाट बाधा अड्चन छैन । कानुन निर्माणका लागि संसद्मा सरकारसँग सहज बहुमत छ । स्थिर सरकार छ तर परिणाम त्यसअनुसारको छैन ।

संविधानको मस्यौदा निर्माणमा विज्ञका रूपमा काम गरेका नेपाल कानुन आयोगका अध्यक्ष माधव पौडेल संविधानले गति समाते पनि ज्यादै सुस्त रहेको बताउँछन् । उनले संविधानलाई गति दिन सरकार, सदन, न्यायपालिका, संवैधानिक निकाय, राजनीतिक दल, मिडिया र नागरिक समाज प्रत्येक वर्गले संविधानको स्पिरिटअनुसार काम गर्नुपर्ने बताए । 'संविधान दिनु एउटा कुरा, त्यसलाई व्यवहारमा उतार्नु र त्यसअनुसारको आचरण गर्नु अर्को कुरा हो,' उनले भने । संविधान कार्यान्वयनका लागि त्यसको भावनाअनुसारको आचरण महत्त्वपूर्ण हुने उनले उल्लेख गरे । समावेशिता, मौलिक हक, नागरिकको स्वतन्त्रतालगायत विषयमा संविधानले धेरै विशेषता बोकेको छ । 'कतिपय मानेमा नेपालको संविधान दक्षिण एसियाकै उत्कृष्ट मानिएको छ,' कानुन आयोगका अध्यक्ष पौडेलले भने, 'सबै धारा उत्तिकै महत्त्वपूर्ण छन् तर संविधानको व्यवस्था र व्यवहारका बीच धेरै फराकिलो खाडल निर्माण भएको छ । समस्या त्यही हो ।'

समस्या राजनीतिक दलकै

संविधान कार्यान्वयनको महत्त्वपूर्ण जिम्मेवारी बोकेको सरकार, राजनीतिक दल र नेतृत्वकर्ताहरूकै आचरणमै समस्या छ । उनीहरूले आफ्नो 'स्पेस' को खोजीमा संविधानलाई कुल्चँदै आएका छन् । संविधानले ५ वर्ष पूरा गर्दै गर्दा नेकपा उपाध्यक्ष वामदेव गौतमलाई राष्ट्रिय सभाको मनोनीत कोटामा नियुक्ति गरिनु संविधानको भावनाविपरीतको 'स्पेस' खोजी हो । निर्वाचनमा पराजित भएका व्यक्तिलाई राष्ट्रिय सभामा ल्याइएपछि प्रश्न उठेका छन् ।

निर्वाचनबाट आउन नसकेका, निर्वाचन फेस गर्न नचाहने तर राष्ट्रमा विशेष योगदान पुऱ्याएका विषय विज्ञहरूलाई समेट्नका लागि राष्ट्रिय सभामा तीनवटा सिट सरकारको सिफारिसमा राष्ट्रपतिले मनोनीत गर्ने व्यवस्था गरिएको हो । संविधानका मस्यौदाकार र कानुनका ज्ञाताहरूले संविधानको भावनाविपरीत प्रतिनिधिसभामा प्रत्यक्षतर्फ चुनाव हारेका व्यक्तिलाई राष्ट्रिय सभामा लगिएको बताइरहेका छन् । विरोधका स्वरहरूलाई बेवास्ता गर्दै गौतमको व्यवस्थापन गर्न सत्तारूढ दल नेकपाले उनलाई राष्ट्रिय सभामा पाठाउने निर्णय गऱ्यो । सरकारले त्यसैअनुसार निर्णय गरी राष्ट्रपतिसमक्ष पठायो । राष्ट्रपतिबाट नियुक्ति पाएका गौतमले राष्ट्रिय सभा सदस्यको शपथ लिइसकेका छन् ।

राजनीति र नेताको आवश्यकताअनुसार संविधानको आफूअनुकूल व्याख्या प्रतिनिधिसभा र प्रदेशसभाका सभामुख/उपसभामुख एउटै दलका राख्दा पनि गरियो । संविधानले अलग-अलग दल र फरक लिंगका व्यक्तिलाई सभामुख/उपसभामुख बनाइनुपर्ने प्रावधानविपरीत प्रतिनिधिसभामा दुई वर्ष नेकपाकै नेताहरू दुईवटै पदमा विराजमान रहे । गत माघदेखि प्रतिनिधिसभामा उपसभामुख रिक्त राखिएको छ । यतिबेला सातवटै प्रदेशमध्ये प्रदेश २ बाहेकमा नेकपाको र प्रदेश २ मा जनता समाजवादी पार्टीकै नेता दुईवटै पद ओगटेका छन् ।

दल र शक्तिमा रहेका व्यक्तिले संविधानलाई आफूअनुकूल व्याख्या गरेर त्यसलाई कुल्चेका कैयन् उदाहरण छन् । संविधान कार्यान्वयनको अवस्थालाई निगरानी गर्न नेपाल कानुन समाजअन्तर्गत गठन गरिएको 'कन्स्टिच्युसन वाच ग्रुप' को संयोजकसमेत रहेका पूर्वप्रधानन्यायाधीश श्रेष्ठले संविधानमाथि धेरै राजनीतीकरण गरिएको बताउँछन् । 'संविधानसम्मत ढंगले राजनीति चलाउने कि ? संविधानमाथि नै राजनीति गर्ने ?' उनले भने, 'संविधानको हरेक अक्षर र धारामा राजनीतिक स्वार्थका अभीष्टहरूले अभिशासित गर्ने होइन । राजनीति क्षेत्र उल्टो हिँड्दा संविधानको मूल स्वर राजनीतिको अधीनस्थ पर्न गएजस्तो छ ।'

संविधान बनाउने बेला दलहरूले देशभित्र विभिन्न समूहले बढाएको दबाब तथा आफ्नै इच्छाले पनि धेरै 'पपुलिस्ट' कुरा राख्दा कार्यान्वयनमा समस्या भएको छ । 'जुन परिस्थितिमा लेखिए पनि त्यसलाई कार्यान्वयन गरेरै लगिनुपर्छ, संविधानमा लेखिएका कुनै पनि शब्द, कमा वा फुलस्टप पनि निरर्थक हुनुहुँदैन,' पूर्वप्रधानन्यायाधीश श्रेष्ठ भन्छन्, 'संविधानको आयु दीर्घकालसम्म सुनिश्चित गर्ने हो भने यसको अक्षर र भावनालाई इमानदारीपूर्वक, कडाइका साथ कार्यान्वयन गर्नैपर्छ । संविधान कार्यान्वयन गर्नेभन्दा अर्को ठूलो एजेन्डा हुनुहुँदैन ।' अहिलेको जस्तै अवस्था लम्बिँदै गए संविधानको वैधता र उपादेयतामाथि प्रश्न गर्नेहरूले ठाउँ पाउने उनले उल्लेख गरे ।

समाजवादीले संविधान दिवसको विरोध गर्ने

जनता समाजवादी पार्टीले संविधान दिवस बहिष्कार गर्दै विरोधका कार्यक्रम गर्ने घोषणा गरेको छ । संविधानका विभेदकारी प्रावधानहरू संशोधन नभएको भन्दै उसले दिवस नमनाउने भएको हो । यसअघि पनि मधेस केन्द्रित दलहरूले कहिले 'कालो दिन' का रूपमा त कहिले विरोधका कार्यक्रम गरेर बहिष्कार गर्दै आएका थिए ।

जनआन्दोलन, सशस्त्र द्वन्द्व, मधेस जन विद्रोहलगायतका बेला सरकारसँग भएका सम्झौता, अन्तरिम संविधानमा भएका प्रावधान र पहिलो संविधानसभामा सर्वसम्मत भइसकेका विषय तथा जनताको अभिमतलाई समेत अनादार गरी संविधान जारी भएको जसपाले दाबी गरेको छ । उसले विभेदकारी प्रावधान संशोधन नगरेसम्म संविधानको स्वामित्व विस्तार नहुनेसमेत जनाएको छ । 'विभेदकारी, अधुरो, अपुरो एवं त्रुटिपूर्ण संविधानले मधेसी, आदिवासी जनजाति, दलित, सिल्पी, महिला, खस, मुस्लिम, थारू, अल्पसंख्यक समुदायका साथै उत्पीडित जातजाति एवं समुदायले उठाउँदै आएका राष्ट्रिय मुद्दाहरूलाई सम्बोधन गर्न सकेको छैन,' जसपाका अध्यक्षद्वय महन्थ ठाकुर र उपेन्द्र यादवद्वारा शुक्रबार जारी विज्ञप्तिमा भनिएको छ ।

संविधानमा संघीयता, समावेशी लोकतन्त्र, राष्ट्रिय पहिचान, समानुपातिक समावेशीकरणलगायत प्रावधान पनि अधुरो रहेको जसपाको जिकिर छ । जसपाले असोज ३ गते सरकारले घोषणा गरेको संविधान दिवसमा भाग नलिने, विरोध गर्ने र संविधानमा रहेका विभेदकारी एवं त्रुटिपूर्ण प्रावधान परिवर्तनका लागि दबाब दिने जनाएको छ ।

फाइल तस्वीर

जे अझै गरिएका छैनन्

- प्रदेश र स्थानीय तहले राज्यशक्तिको प्रयोग गर्ने गरी कानुनहरू अझै बनेका छैनन्
- संविधानअनुसार गठन हुनुपर्ने आयोगहरूलाई अझै पूर्णता दिइएको छैन
- कानुन निर्माण तथा त्यसको कार्यान्वयन तीव्र रूपले हुन सकेको छैन
- लाखौं युवायुवतीले संविधानको व्यवस्थाअनुसार नागरिकता पाउन सकेका छैनन्
- संविधानले दिएका मौलिक हकहरूको अनुभूति जनताले गर्न पाएका छैनन्
- मधेस केन्द्रित दल, आदिवासी जनजातिलगायत असन्तुष्ट पक्षका माग सम्बोधन गरिएका छैनन्

तीन पार्टीका तीन कोण

'महत्त्वपूर्ण उपलब्धि हासिल'



सुवास नेम्वाङ
नेता, नेपाल कम्युनिस्ट पार्टी

संविधान जारी भएको ५ वर्षमा धेरै महत्त्वपूर्ण ऐतिहासिक उपलब्धि हासिल गरेका छौं । जनतालाई मौलिक अधिकारले सम्पन्न र कानुनहरूलाई संविधानसम्मत बनाएका छौं । स्थानीय तहको निर्वाचन गरी सिंहदरबारको अधिकार गाउँघर पुऱ्याएका छौं । प्रदेश र संघीय संसद्को निर्वाचन सम्पन्न गरेका छौं । अर्को महत्त्वपूर्ण पाटो शान्ति प्रक्रियाको सन्दर्भमा देशलाई हामीले यो ठाउँसम्म ल्याइपुऱ्याएका छौं । सशस्त्र द्वन्द्व भएका अन्य देशहरूको स्थिति हेरौं र हाम्रो हेरौं । राजधानी र सहर/बजारबाहेक गाउँमा जान नसक्ने अवस्था थियो । त्यसबाट आजको स्थितिमा आइपुगेका छौं । स्वयं सशस्त्र द्वन्द्वका पक्षधरहरू अहिले राज्य सञ्चालन गरिरहेका छन् । यो विश्वकै लागि अद्वितीय काम हो । अब शान्ति प्रक्रियाका थोरै बाँकी काम दुई वर्षमा टुंगोमा पुऱ्याउँछौं ।

अब राजनीतिक परिवर्तनका लागि आन्दोलन गर्नुपर्दैन । जनताको मन जित्नुस्, जुनसुकै प्रकारका परिवर्तन गर्न सकिन्छ । हामीले त्यो प्रणाली स्थापित गरेका छौं । जनताले समृद्धि अनुभूत गर्ने ढंगले अगाडि बढ्ने आधार तयार भएको छ । त्यस दिशामा हामी अघि बढ्दै छौं । मौलिक हकहरूका कानुन तीन वर्षमा बनायौं । तर त्यसलाई चित्तबुझ्दो ढंगले कार्यान्वयन गर्ने कुरा लामो समयसम्म उठिरहने विषय हो । अमेरिकामा अझै उठिरहेको छ । भारतमा पनि त्यस्तै छ । देखिएका कमीकमजोरीलाई हटाउँदै अब निरन्तर जनतालाई सबल बनाउँदै अगाडि बढ्नुपर्छ, यसका लागि सिंगो देश एकजुट हुनुपर्छ । यो संविधान समझदारी र सम्झौताको दस्तावेज हो । आवश्यकता र औचित्यका आधारमा संशोधन हुन सक्छ । भर्खर ५ वर्ष पुग्यो, अहिले नै त्यो बेला भएको छ कि छैन ? दलहरूले ढंग पुऱ्याउनुपर्छ । कार्यान्वयनको अवस्था राम्रो छ । कतिपय कमीकमजोरी देखिएका छन् । त्यसलाई सच्याउँदै अगाडि बढ्नुपर्छ । तर जतिसुकै राम्रो संविधान भए पनि त्यसले बुद्धि विवेक बाँड्दैन । त्यो चाहिँ हामीले देखाउनुपर्छ ।

'कार्यान्वयन क्षमता कमजोर'

रमेश लेखक
नेता, नेपाली कांग्रेस

सशस्त्र द्वन्द्वले मुलुकमा जुन अशान्ति रह्यो त्यसलाई शान्तिमा रूपान्तरण गर्न र नयाँ संविधान निर्माणमा कांग्रेसले नेतृत्वदायी भूमिका निर्वाह गरेको हो । लोकतान्त्रिक संविधान बनेको छ । जनताले यसको कार्यान्वयनको जिम्मा नेकपालाई झन्डै दुई तिहाइ बहुमतका साथ दिएका छन् । अहिले राजनीतिक अस्थिरता छैन । तर ५ वर्षको मूल्यांकन गर्दा जनताले आशा गरेबमोजिम संविधान कार्यान्वयन भएको छैन ।

संविधानमा ३१ वटा मौलिक हक मात्रै उल्लेख गरिएको छ । तर त्यसको कार्यान्वयन छैन । जनताको चाहनाबमोजिम काम हुन सकेको छैन । मुलुकले जस्तो आर्थिक, सामाजिक रूपान्तरण र समृद्धि खोजेको थियो, त्यो पूरा भएको छैन । जनजीविकाको सवाल, शिक्षा, स्वास्थ्य र रोजगारीका विषयमा ठीक ढंगले काम भएको छैन । खालि संविधानबमोजिमका रचना खडा गर्ने काम भए । संसद् र सरकार मात्रै बन्यो । कार्यान्वयन ठीक ढंगले नहुनुमा संविधानको गल्ती होइन । बरु कार्यान्वयन गर्नुपर्ने पक्षमा कमजोरी छ । कार्यान्वयन गर्ने जिम्मा मूलतः सरकारकै हो । संघले कानुन नबनाइदिँदा प्रदेश र स्थानीय तहले अधिकारको अभ्यास नै गर्न पाइरहेका छैनन् । केन्द्रमा बसेकाहरूले तिनलाई प्रशासनिक निकायका रूपमा मात्रै व्यवहार गर्न खोजेका छन् । संविधानलाई कार्यान्वयन गर्ने मानसिकता, योग्यता र क्षमता नै सरकारले देखाएन । ५ वर्षको अवधि धेरै होइन । तर मर्निङ शोज डे भनिन्छ नि । यो अवधिमा आशाको किरण देखाउनुपऱ्यो नि ? त्यो देखाउन सकेन ।

जनअपेक्षाअनुसार काम भएन भने चाँडै संविधान र व्यवस्थासँग निराश हुने खतरा बढेको छ । संविधानले सुशासनको कुरा गरे पनि भ्रष्टाचार बढेको छ । कालोबजारी र बेरोजगारीले जनता पीडित छन् । त्यसमाथि कोभिडले गर्दा जनताको जनजीवन अत्यन्तै कष्टकर भएको छ । संविधानले जनताका बारेमा जुन ढंगले सोचेको थियो । त्यो ढंगले काम भएन ।

'हाम्रो माग संविधान संशोधन'



लक्ष्मणलाल कर्ण
नेता, जनता समाजवादी पार्टी

संविधानको केही विषयमा हाम्रो असहमति छ । पहिचानमा आधारित प्रदेश र त्यसअनुसारको सीमांकन गरिएको छैन । प्रदेशको अधिकार सीमित गरिएको छ । सबै भाषा, संस्कृतिले राष्ट्रिय मान्यता पाउन सकेका छैनन् । एक भाषा, एक संस्कृति नै लादिएको छ ।

समावेशी समानुपातिक केवल मौलिक अधिकारमा उल्लेख मात्र छ । बाँकी ठाउँमा समावेशी/समावेशी मात्रै लेखिएको छ । नागरिकताको समस्या उस्तै छ । माथिल्लो पदमा जानलाई नागरिकसँग विभेद गरिएको छ । संविधान संशोधनको माग हाम्रो निरन्तर छ । त्यसको सुनुवाइ गरिएको छैन । त्यसैले असोज ३ मा विरोध प्रदर्शन नै गर्छौं ।

संविधान कार्यान्वयनको सवालमा केन्द्रीकृत मानसिकताभन्दा अलग हुन सकेको छैन । मौलिक हकमा समानुपातिक समावेशी भनिए पनि न्यायाधीश, संवैधानिक आयोग वा राजदूतहरूको नियुक्तिमा कार्यान्वयन देखिँदैन । संविधानले खाद्य सम्प्रभताको अधिकार भनेको छ, मानिसले खाना पाइरहेका छैनन्, भोकले मृत्यु भइरहेको छ । मौलिक अधिकार भनेको मार्बलमा छापिएको अंगुर जस्तो भएको छ, जसलाई खान सकिँदैन ।

प्रदेशले आफ्नो अधिकार प्रयोग गर्न नसक्ने स्थिति छ । लेखिएको कुरा पनि बिस्तारै बिस्तारै खोसिने प्रयत्न गरिएको छ । कानुनहरू केन्द्रीकृत बनाइँदै छ । कार्यान्वयनको राम्रो अवस्था छैन । संविधानको भावना छाडौं, लेखिएका शब्दअनुसार पनि कार्यान्वयन भइरहेको छैन । संविधान संशोधनपछि मात्रै मधेसी, जनजाति, थारू, दलित, मुस्लिमलगायतका वर्गको सन्तुष्टि हुनेछ । हतार-हतार संविधान ल्याउनुको परिणाम पनि कार्यान्वयनमा देखिएको छ ।

‘मै मात्रै भइरहनुपर्छ भन्ने होइन’

नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकका रूपमा चार वर्ष बिताएर गत साता बिदा भएका **कुलमान घिसिङ**लाई फेरि नियुक्ति दिनुपर्ने मागले सामाजिक सञ्जालदेखि सडकसम्म चर्चा भइरहेको छ । उनी पनि यो चर्चाबारे बेखबर छैनन् । प्राधिकरणबाट निस्कँदा पाएको चर्चाले आफूलाई सन्तुष्टि दिएको घिसिङ बताउँछन् । भदौ ३० गते प्राधिकरणबाट बिदा भएका उनी फुर्सदको दैनिकीमा असहज महसुस पनि गरिरहेका छन् । प्राधिकरणको कार्यकारी निर्देशकको कार्यकाल, लोडसेडिङ अन्त्यको पृष्ठभूमि र राजनीतिक नेतृत्वसँगको सम्बन्धदेखि ऊर्जा क्षेत्रका आगामी चुनौतीबारे उनीसँग कान्तिपुरका **विजय तिमल्सिना**ले गरेको कुराकानीको सम्पादित अंश :

कान्तिपुर

> सरकारले काम गर भन्यो भने गर्न सक्छु
>
> एमसीसी सरकार र संसद्को विषय भएकाले बोलिनँ
>
> मैले जुन खालको चर्चा र सफलता पाएँ, त्यसमा सन्तुष्ट छु
>
> जसले चिलिमेबाट मलाई फिर्ता बोलायो उसलाई धन्यवाद
>
> अघिल्ला कार्यकारी निर्देशकको टिप्पणीमा लोडसेडिङ अन्त्य हुन्न भन्ने बुझाइ देखिन्थ्यो

नेपाल विद्युत् प्राधिकरणमा सक्रिय भई २६ वर्ष बिताएर बिदाइ हुनुभएको छ । केमा व्यस्त हुनुहुन्छ ?

प्राधिकरणमा २६ वर्ष काम गरेपछि सेवा निवृत्त भएर अहिले म घरमै समय बिताइरहेको छु। यत्तिकै बस्दा कामै नभएजस्तो लागेको छ, असहज महसुस भइरहेको छ । तर, २६ वर्षमा जे-जस्तो काम गर्न पाएँ, त्यसले मलाई सन्तुष्टि दिएको छ । खुसी पनि लागेको छ ।

प्राधिकरणमा तपाईंलाई दोहोऱ्याउनुपर्छ भनेर आवाज उठिरहेको छ । यो देख्दा कस्तो महसुस हुन्छ ?

प्राधिकरण नेपाल सरकारको एउटा संस्था हो । यसको प्रमुखको नियुक्ति नेपाल सरकारले गर्ने हो । सरकारले मलाई चार वर्षका लागि नियुक्ति दिएको थियो । यो कार्यकालमा मलाई दिइएको जिम्मेवारी पूरा गरेको जस्तो लाग्छ । केही कुराहरूमा त्रुटि रहे होलान्, केही काम अधुरा रहे होलान् तर समग्रमा मैले जिम्मेवारी पूरा गरेको छु । निरन्तरता दिने, पुनर्नियुक्ति गर्ने, नयाँ व्यक्ति ल्याउने काम सरकारको भएकाले उसलाई जसरी उपयुक्त लाग्छ त्यसरी नियुक्त गर्ने हो । मलाई सरकारले फेरि पनि काम गर्नुहोस् भन्यो भने म गर्न सक्छु । प्राधिकरणका आगामी दिन अझै चुनौतिपूर्ण छन् र धेरै काम गर्नुपर्ने छन् ।

ऊर्जामन्त्रीको सचिवालयले तपाईंको पुनर्नियुक्तिका लागि मन्त्रिपरिषद्मा प्रस्ताव लगेका छौं, विचाराधीन छ भनेको छ । तपाईंलाई पुनर्नियुक्तिको आशा छ ?

मैले अघि पनि भनें, यो सरकारको विषय हो । पुनर्नियुक्ति गर्ने वा नयाँ व्यक्ति चयन गर्ने विषय सरकारको भएकाले मैले आफैं पुनर्नियुक्ति हुनुपर्छ भन्नु उचित हुन्न । सरकारले नियुक्त गऱ्यो भने ठीकै छ, थप जिम्मेवारीका साथ काम गर्ने विषय रह्यो । नगर्दा पनि मलाई त्यति दुःख लाग्दैन । म खुसी नै हुन्छु । बाहिर रहँदा पनि जनताको हितका लागि र ऊर्जा क्षेत्रको विकासका लागि खटिनै रहन्छु ।

तपाईंको पुनर्नियुक्तिका लागि प्रधानमन्त्री अनिच्छुक हुनुहुन्छ भनेर मिडियामा आइरहेका छन् । तपाईंले त्यस्तो के गर्नुभयो, जसले प्रधानमन्त्री तपाईंसँग रुष्ट हुनुहुन्छ ?

त्यस्तो केही छैन । हाम्रो सौहार्दपूर्ण वातावरणमा भेटघाट र काम भइरहेको थियो । पछिल्लो चरणमा चाहिँ कोभिड-१९ को कारणले पनि होला, विभिन्न व्यस्तताको कारणले पनि होला, बिदाइ हुने बेलामा मैले गरेका काम र आगामी दिनका चुनौतीका विषयमा केही ब्रिफिङ गर्न समय मिलेन । उहाँ मेरो बारेमा नकारात्मक हुनुहुन्छ जस्तो मलाई लाग्दैन ।

प्रधानमन्त्रीले तपाईंलाई नेकपाका अर्का अध्यक्ष पुष्पकमल दाहालनिकट ठान्ने गरेको भन्दै मिडियामा टीकाटिप्पणी भइरहेका छन् नि ?

म विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक, यो सरकारको एउटा अंग । मैले चार वर्षमा तीन जना प्रधानमन्त्री र चार जना मन्त्रीहरूसँग काम गरेको छु। हरेक समय सरकार, प्रधानमन्त्री र मन्त्रीहरूले दिएको निर्देशन, नीति, कार्यक्रमअनुसार काम गरिरहेको हुन्छु । म सरकारको मान्छे हो, काम गर्ने मान्छे हो, एक्सन ओरियन्टेड मान्छे हो । म काम गर्ने व्यक्ति हो, सबैसँग समदूरीमा रहेर काम गर्ने, सबैसँग कामको बारेमा, प्रगतिको बारेमा ब्रिफिङ गर्ने कुरा त रहन्छ । समदूरीमा रहेर सबैको कन्फिडेन्स लिएर काम गर्नुपर्छ भन्ने नै हो । त्यो भएको हुनाले हामीले दिने भनेको नतिजा हो । त्यो नतिजा केही हदसम्म आएको छ । त्यो सरकारको कार्यक्रमअन्तर्गतको नतिजा हामीले दिन सकेका छौं । कुनै पनि व्यक्ति, पार्टीसँग म नजिक छु भन्ने होइन ।

पुनर्नियुक्तिका लागि कसैको भनसुन गराउनुभएन त ?

कार्यकारी निर्देशक मै हुनुपर्छ भनेर लबिङ गर्दै हिँड्ने, मेरो विकल्पै छैन भनेर भन्दै हिँड्ने कुरा भएन । केही वर्ष कुलमान घिसिङलाई राख्दा हुन्छ भन्ने जनचाहना प्रस्फुटन भएको देखिन्छ तर मै हुनुपर्छ भनेर म लागेको छैन ।

कतिपयले तपाईंलाई प्रचारमुखी भएको आरोप लगाउँछन्, यसबारे के भन्नुहुन्छ ?

यो कुरा मलाई भन्दा पनि आमपत्रकार साथीहरूलाई थाहा छ । मैले मेरो बारेमा यो कुरा लेखिदिनुपऱ्यो, यो गर्दिनुपऱ्यो भनेर अहिलेसम्म कहिल्यै भनेको छैन । मिडियाका साथीहरूले नै मलाई फलोअप गरिरहनुभएको हुन्छ । विद्युत् प्राधिकरणले गरेका राम्रा, नराम्रा कामबारे जुन किसिमले सम्प्रेषण भएको छ, यसका लागि हामीले मिडियाका साथीहरूलाई धन्यवाद दिनुपर्छ । चार वर्षको अवधिमा कुनै पनि ठाउँमा सबै काम मैले मात्रै गरेको हो, मैले यो गरें भनेर भनेको छैन । मैले यो सामूहिक प्रयासको उपलब्धि हो भनेको छु। सरकार, प्रधानमन्त्री, मन्त्री, सचिव, सञ्चालक समिति र आमसर्वसाधारणले सहयोग गर्नुभएको छ । सबैको सामूहिक प्रयास हो भनिरहेको छु ।

पब्लिकले यसमा बढी क्रेडिट मलाई दिने गरेका छन्, सञ्चारमाध्यममा मेरो प्रचार बढी भयो भन्ने गरेको देखिन्छ तर यो कुरा मैले भनेको होइन नि ! जस अपजसको भागीचाहिँ प्राधिकरणको कार्यकारी निर्देशक पनि एउटा हो । नराम्रो काम गरेको भए प्राधिकरणका कार्यकारी निर्देशकलाई त्यही हिसाबले गाली पनि गर्थे । राम्रो काम गऱ्यो भनेर अलिकति प्रोत्साहन पाएको छु। त्यो भनेको मैले मात्र पाएको होइन, समग्र सरकारले पाएको हो भनेर सम्झिनुपर्छ ।

आफ्नो चारवर्षे कार्यकालप्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

समग्रमा म सन्तुष्ट छु । ऊर्जा क्षेत्रमा एउटा जग बसेको छ । यो जगलाई लिएर ठूलो फड्को मार्नुपर्ने हुन्छ । आगामी दिन धेरै काम गर्न सकिन्छ । यसबीचमा लोडसेडिङ अन्त्य भयो, प्राधिकरणको वित्तीय अवस्था सुधार भयो । लामो समयदेखि घाटामा रहेको संस्था नाफामा आयो । यसलाई संस्थागत गर्दै ठुल्ठूला काम गर्नुपर्नेछ । अहिले डिमान्ड कसरी बढाउने, सप्लाईदेखि लिएर योभित्रको संरचनालाई व्यवस्थित गर्ने कुरा छन् । प्राधिकरणभित्रको प्रणालीलाई डिजिटलाइज र अटोमेसनमा लैजानुपर्ने काम बाँकी छ, सहरको ब्युटीफिकेसन, विद्युत्को विश्वसनीयता सुधार गर्नुपर्ने कुराहरू छन् । काठमाडौं उपत्यकामा सहितका ठाउँमा तार भूमिगतको काम सुरु गरेका छौं । स्मार्ट मिटर र स्मार्ट ग्रिडको सिस्टममा अगाडि बढ्दै जानु पर्नेछ । उत्पादित विद्युत्लाई भारतसम्म कसरी निर्यात गर्ने भन्ने विषयलाई गम्भीर रूपमा लिनुपर्ने छ । यसको सफलताका लागि नेतृत्वले धेरै ठूलो काम गर्नुपर्नेछ । देशभित्र उत्पादन हुने परियोजना, ट्रान्समिसनको परियोजना, पूर्व पश्चिम, उत्तर दक्षिण सबै परियोजनाहरू सम्पन्न हुने अवस्थामा छन् । तामाकोसी करिब २-३ महिनामा सम्पन्न हुन्छ । प्रसारण लाइनलाई पनि त्यही हिसाबले थप गर्नुपर्नेछ । वितरण सबस्टेसन थप गर्नुपर्नेछ, औद्योगिक करिडोरमा प्रसारण लाइन बढाउनुपर्नेछ, गाउँगाउँमा सिँचाइ सुविधाका लागि विद्युतीकरण गर्नुपर्नेछ । विद्युतीय गाडीको प्रवर्द्धन, कुकिङका लागि इन्डक्सन कुकरको प्रवर्द्धन गर्नुपर्नेछ । चार वर्षअघि विद्युतीकरण ६३ प्रतिशत मात्रै थियो, अहिले ८६ प्रतिशत पुगेको छ । अब शतप्रतिशत पुऱ्याउनुपर्नेछ । यी सबै काम आगामी दिनका चुनौती हुन् ।

तपाईंले अवसर पाउँदा पनि ठूलाखाले जलाशययुक्त आयोजना अघि बढाउन नसकेको, विद्युत् खपत बढाउन नसकेको, विद्युत् प्रणालीलाई विश्वसनीय बनाउन ध्यान नदिएको आरोप छ । यसबारेमा तपाईंको टिप्पणी के छ ?

म आउँदा विद्युत् खपत १३० युनिट प्रतिव्यक्ति थियो । अहिले २६० पुगेको छ । खपत करिब दोब्बर भएको छ । बरु पिक डिमान्ड घटेको छ । यसले हामीलाई राम्रै गरेको छ । प्रतिव्यक्ति खपत बढेको छ, योभन्दा धेरै बढाउनु छ । ठूला प्रोजेक्ट सुरु भएन भन्ने गलत आरोप हो । ठूलो प्रोजेक्टका लागि निरन्तर रूपमा लगानी, डिटेल डिजाइनको काम गरिरहेका छौं । प्रोजेक्टहरू आजको भोलि सुरु हुने होइन । अपर अरुणको ३ सय मेगावाटको प्रोजेक्टलाई हामीले १ हजार ६० मेगावाटको प्रोजेक्ट डिजाइन अप्टिमाइजेसन गऱ्यौं । नेपालको पानी जनताको लगानीअन्तर्गत यो अघि बढिरहेको छ । त्यो डिटेल डिजाइन सम्पन्न हुने चरणमा छ ।

६ सय ३५ मेगावाटको दूधकोसी पनि ठूलो जलाशययुक्त आयोजना हो । यसको डिटेल डिजाइन सकिएर जग्गा अधिग्रहणको प्रक्रिया अघि बढेको छ । सय मेगावाटको तामाकोसी ५ ठेक्का प्रक्रियामा छ । २ सय १० मेगावाटको चैनपुर सेती डिटेल डिजाइन सम्पन्न हुने चरणमा छ । उत्तरगंगाको डिटेल डिजाइनको प्रोसेसमा छ । तमोरको सम्भाव्यता अध्ययन गरिसकेपछि लगानी बोर्डअन्तर्गत गएको छ । प्राधिकरणको उत्पादन कम्पनीमार्फत २ हजार मेगावाट जतिका परियोजना अघि बढेका छन् । एनईए इन्जिनियरिङ कम्पनीले त्यसको अध्ययन गरिरहेको छ ।

तपाईंका प्रतिस्पर्धीहरूले हामीले भारतबाट विद्युत् आयातका लागि पूर्वाधार बनाइसकेका थियौं । त्यसैले लोडसेडिङ अन्त्य भएको हो भन्ने आरोप अझै पनि लगाइरहेका छन् नि ?

पहिलो कुरा, मैले मात्रै लोडसेडिङ अन्त्य गरेको हो भनेर भनेको छैन । लामो समयदेखि लोडसेडिङ अन्त्य गर्ने भनेर विभिन्न कार्ययोजना बनेका थिए, काम भएको थिएन । मेरो पालामा नतिजा आयो । मभन्दा अघिल्ला कार्यकारी निर्देशकले मेरो नियुक्तिपछि दिएको अन्तर्वार्तामा पुस, माघ, फागुन, चैतमा नेपालमा लोडसेडिङ भएन भने म कार्यकारी निर्देशक होइन, कुनै पनि सार्वजनिक पद धारण गर्दिनँ भन्नुभएको थियो । लोडसेडिङ अन्त्यका लागि पूर्वाधार ठिक्क भएको भए उहाँले त्यस्तो भन्नुहुन्नथ्यो होला । उहाँको टिप्पणीमा त लोडसेडिङ अन्त्य हुन्न भन्ने बुझाइ देखिन्थ्यो नि !

आयातले मात्रै लोडसेडिङ अन्त्य गरेको होइन । आयात एउटा फ्याक्टर हो । मभन्दा अघिल्ला कार्यकारी निर्देशकले आफ्नो अन्तिम वार्षिक प्रतिवेदनमा ३ सय ५३ मेगावाट भारतबाट आयात गरेको लेख्नुभएको थियो । प्रतिवेदनमा अहिलेसम्मकै बढी विद्युत् आयात गर्न सक्यौं, यो हाम्रो उपलब्धि हो भनेर लेख्नुभएको थियो । ३ सय ५३ मेगावाट उहाँले त्यो बेलै आयात गर्नुभएको थियो । २०७२/७३ को खपत् करिब ३ अर्ब ७० करोड युनिटजति थियो । त्योमध्ये १ अर्ब ७७ करोड युनिटजति विद्युत् आयात गरिएको थियो । कुल उपलब्ध ऊर्जाको ३५-३६ प्रतिशत आयात त्यो बेलामा पनि थियो । तर, लोडसेडिङ सुक्खायाममा १५-१६ घण्टा थियो । किन त्यो बेलामा लोडसेडिङ अन्त्य भएन त ? पैसाका आधारमा भन्ने हो भने त्यो बेला वार्षिक १४ अर्बको विद्युत् आयात गरिएको रहेछ । अहिले आयात १३ अर्बबराबरको मात्रै छ । कुल उपलब्ध ऊर्जाको २२ प्रतिशत मात्रै आयात गरिएको छ । खपत दोब्बर भएको छ तर लोडसेडिङ अन्त्य भएको छ । यो महत्त्वपूर्ण पक्ष हो । आयातलाई पनि कसरी व्यवस्थित गर्ने भनेर उहाँहरूले सोच्नुभएको थियो त ? गत वर्ष हामीले १३ अर्बको विद्युत् आयात गर्दा १ अर्ब ७ करोडजतिको विद्युत् त निर्यात गरेका छौं । यो वर्ष आयात करिब करिब ५-६ अर्बमा झर्नेछ । आगामी वर्ष करिब करिब शून्यमा झर्नेछ । विद्युत् आयात एउटा पक्ष हो तर त्यसको व्यवस्थापन गम्भीर हो । हामीले सुक्खायाममा पनि कालीगण्डकी र मर्स्याङ्दीलाई करिब करिब पूर्ण क्षमतामा चलायौं, चिलिमेलाई चलायौं । यो कुरा कसैले सोचेकै थिएन । डिमान्डतर्फ चार/पाँच सय मेगावाट इन्भरर्टरहरू बाहिरियो, यो त हाम्रो उत्पादनजस्तो भयो । लस पनि १० प्रतिशतले घट्यो । यो भनेको लोड साइटबाट मात्रै १५० मेगावाट उत्पादन भएको जस्तो हो ।

चिलिमेबाट प्राधिकरणमा तानिएर जिम्मेवारीविहीन अवस्थाबाट एकैपटक कार्यकारी निर्देशक नियुक्त हुनुभयो । अहिले त्यो समयलाई कसरी सम्झनुहुन्छ ?

चिलिमेबाट मलाई काम गर्दागर्दै बीचमा तानिएको होइन । मेरो चारवर्षे कार्यकाल थियो, कार्यकाल सम्पन्न भएपछि मलाई काज फिर्ता गरिएको हो । त्यो बेलामा पनि चिलिमेमा काम गर्न धेरै बाँकी थियो । त्यहाँ बसेको भए धेरै काम हुन्थ्यो भन्ने थियो । तर जसले मलाई फिर्ता बोलायो, उहाँहरूलाई म धन्यवाद दिन चाहन्छु । म डेढ वर्षसम्म काम नपाएर छट्पटिएर बसें । प्राधिकरणभित्र मलाई बस्ने कुर्सी थिएन । गएर हाजिर गर्थें, दिनभरि यताउति गरेर फर्किन्थें । त्यो एउटा पीडादायी अवस्था थियो तर सरकारले मेरो क्षमताको मूल्यांकन गऱ्यो र कार्यकारी निर्देशकको पदमा बस्ने मौका दियो । आज कार्यकारी निर्देशकबाट बिदा हुँदाखेरी देशैभरि कुलमान घिसिङको जुन चर्चा भयो, त्यसमा म एकदमै सन्तुष्ट छु । किनभने चिलिमेबाट आउँदा भनेको थिएँ, कुनै न कुनै रूपमा जोडिनेछु भनेर । म कार्यकारी निर्देशक हुँदा ४ वर्ष चिलिमेको अध्यक्ष भएँ । यसलाई सहज रूपमा लिनुपर्छ । मैले जुन खालको सफलता र चर्चा पाएँ त्यसमा म खुसी छु ।

एमसीसी अनुदानअन्तर्गतको अधिकांश रकम विद्युत् प्रसारण लाइनमा खर्च गर्ने योजना छ । तपाईं एमसीसी नेपालको पदेन सञ्चालक समिति सदस्य हुनुहुन्छ तर एमसीसीबारे यत्रो विवाद हुँदा पनि आफ्नो कार्यकालभर सार्वजनिक रूपमा एक शब्द नबोलेर विवाद छल्न खोजेको आरोप छ नि ?

विद्युत् प्राधिकरणले आफ्नो क्षेत्रको कार्यक्रम गरिरहेको छ । प्रसारण लाइन बनाइरहेका छौं । एमसीसी बीचको पाटो हो । एमसीसीको आफ्नै निकाय छन्, ती निकायहरूले काम गरिरहेका छन् । सुरुदेखि म एमसीसीमा संलग्न थिइनँ । कार्यकारी निर्देशक भएपछि एमसीए नेपालमा पदेन सदस्य छु । यो संसद् र सरकारको विषय भएकाले मैले बोल्ने कुरा भएन । आन्तरिक रूपमा दिनुपर्ने सल्लाह, आफूलाई लागेका कुराहरू जुन ठाउँमा दिनुपर्ने हो, दिएकै छु ।

अब प्राधिकरणका प्राथमिकताहरू के हुनुपर्ला ?

पहिलो चुनौती अहिलेसम्मको उपलब्धिलाई संस्थागत गर्ने हो । लोडसेडिङ अन्त्य भए पनि गुणस्तर र विश्वसनियता कायम गर्ने चुनौती छ । त्यसलाई कसरी व्यवस्थापन गर्ने भन्ने चुनौती छ । प्राधिकरणको वित्तीय स्वास्थ्यमा भएको सुधारलाई कसरी कायम राख्ने ? प्राधिकरण नाफामा रहेर जनतालाई जतिसक्दो सस्तोमा विद्युत् दिने हो । अब कहिल्यै पनि विद्युत्को मूल्य बढ्दैन, घट्दै जान्छ । त्यसका लागि प्राधिकरणले आफ्नो सञ्चालन दक्षता बढाउनुपर्छ । प्राधिकरण सधैं नाफामा जानुपर्छ । यो वर्ष घरायसी ग्राहकका लागि पनि ९-१० प्रतिशत मूल्य घटेको छ । १५ प्रतिशतमा झारेको चुहावटलाई कसरी कायम राख्ने भन्ने अर्को चुनौती छ । संस्थागत संरचनाहरू कसरी चुस्त दुरुस्त पार्ने ? यो काम पनि बाँकी छ । नयाँ विद्युत ऐन, संघीय संरचनाअनुसार यसको पुनर्संरचना प्रक्रिया सुरु भएको छ । यसलाई पुनर्संरचना कसरी गर्ने भन्ने विषय पनि गम्भीर छ । पुनर्संरचना गर्दाका बाधा धेरै छन् । ट्रेडदेखि लिएर कर्मचारीको सेवा-सुविधाका विषय छन् । सबैभन्दा ठूलो कुरा त जति पनि उत्पादन भइरहेको छ, तिनलाई खपत गर्ने माग कसरी बढाउने भन्ने कुरा महत्त्वपूर्ण छ । भोलि हामीले खपत गर्न सकेनौं, भारत निर्यात गर्न सकेनौं भने प्राधिकरण एकै वर्षमा घाटामा जान सक्छ ।

विद्युत् आपूर्ति भनेको आजका लागि वा भोलिका लागि मात्रै योजनामा काम गरेर हुन्न । २० वर्षको योजना बनाउनुपर्छ । मैले आज एउटा ठूलो प्रोजेक्ट सुरु गरें भने १० वर्षपछि बल्ल आउँछ । अब १० वर्षपछि लोड के हुन्छ त ? आज विद्युत् बढी भयो भनेर भोलिका लागि प्रोजेक्ट सुरु नगर्ने भन्ने हुँदैन । ठूला परियोजना कसरी अघि बढाउने, विद्युत् व्यापारमा भारतसँग कसरी सम्बन्ध अघि बढाउने भन्ने पनि प्राथमिकता हुनुपर्छ । धेरै प्रयासपछि भारतसँग विद्युत् व्यापारका लागि गाइडलाइन बनेको छ, त्यसलाई कसरी कार्यान्वयन कसरी गर्ने भन्ने कुरा महत्त्वपूर्ण छ । न्यु बुटवल-गोरखपुर, लम्की-बरेलीजस्ता पूर्वाधार अघि बढेको छ । आन्तरिक प्रसारण लाइनको जालो मध्यपहाडी राजमार्ग र उत्तर-दक्षिणको प्रसारण लाइन निर्माण गर्नुपर्नेछ । चीनसँग जोड्ने प्रसारण लाइन पनि सम्पन्न गर्नुपर्नेछ ।

तपाईंको कार्यकालको अन्त्यतिर डेडिकेटेड र ट्रंक लाइनको महसुलसम्बन्धी विवाद आयो । यो मुद्दा अख्तियारसम्म पुग्यो । समयमै बिलिङ नगरेको र असुल नगरेको आरोप पनि लाग्यो । त्यसमा तपाईंलाई कहाँ गल्ती भयोजस्तो लाग्छ ?

यो महसुल विवाद मेरो कार्यकाल सुरु हुनु एक वर्ष अगाडिदेखिको हो । यो विवादभन्दा पनि एक वर्षअघि नै सुरु गर्नुपर्ने कामलाई हामीले सुरु गरेका हौं । हाम्रो पालामा आएर बिलिङ गरिएको हो । पहिला त्यसलाई महसुलमा देखाइएको भए पनि बिलिङ गरिएको थिएन । किन गरिएन, थाहा भएन । यसका विभिन्न कारण हुन सक्छन् । पछि हामीले समिति गठन गरेर छानबिन गऱ्यौं, कार्यान्वयन चरणमा पुग्दा मन्त्रिपरिषद्ले समिति गठन गऱ्यो । त्यो समितिले प्रतिवेदन दियो । पछिल्लो चरणमा मन्त्रिपरिषद्ले त्यो प्रतिवेदन कार्यान्वयन गर्ने भनेको छ । अहिलेसम्मको चरणमा अन्तिम निर्णय नआएका हुनाले पटक-पटक ताकेदा गर्दा पनि नउठेको हो । हामीले नउठाउने भनेका छैनौं । बोर्डले उठाउने निर्णय गरेको छ । हामीले ताकेता गरेका थियौं । मन्त्रिपरिषद्को निर्णय आइसकेपछि त्यो कार्यान्वयनको चरणमा छ । मन्त्रिपरिषद्ले गठन गरेको समितिको प्रतिवेदन नआउन्जेल उद्योगको लाइन नकाट्नु, विद्युत् आपूर्ति बन्द नगर्नु भनेर निर्देशन आएको थियो । हामीले मात्रै नभई नियमन आयोगले गर्ने केही विषय छन् ।

आगामी दिनमा के गर्ने योजना बनाउनुभएको छ ?

म मैले जति पनि काम गर्छु, देश र जनताको समृद्धिको चाहनाकै सेरोफेरोमा रहेर गर्छु । ऊर्जा क्षेत्रमै रहेर काम गर्छु ।

प्राधिकरणबाहेक अन्य निकायमा पनि सरकारले जिम्मेवारी दिन्छ भन्ने आस गर्नुभएको हो ?

हामीले बोलेर हुँदैन । ‘राइट म्यान इन राइट प्लेस’ भनेर गर्नुपर्छ । जसको जहाँ विज्ञता छ, त्यहाँ बढी नतिजा आउँछ । नतिजा आउने गरी काम गर्नुपर्छ । जुन ठाउँमा मेरो विज्ञता छ त्यही मात्रै मैले नतिजा दिन सक्छु । अनुभव नै नभएको ठाउँमा गएर म काम त गर्न सकुँला । नतिजा दिन पनि सकिएला तर विज्ञता नभएको ठाउँमा गएर नतिजा भनेको जस्तो आउँदैन । नेपालका लागि योगदान गर्ने क्षेत्र ऊर्जा मात्रै नहुन सक्छ । अरू क्षेत्रमा गएर पनि काम गर्न सकिन्छ । म बाहिरै बसेर काम गर्न पनि सक्छु ।

बर्गिकृत विज्ञापन

घर जग्गा

प्लानिङ्कोलागि, कृषिकोलागि १०,५०,१००, २००,१००० रोपनी जग्गाबिक्रीमा 9823140441, 9851112878

भैसेपाटी धापाखेल चुनिखेल एरीयामा घरजग्गाहरु बिक्रीमा, ९८४१५१५३०२

काठमाण्डौ, तराईका घरजग्गाहरु सट्टापट्टा ९८५१२५५२७७

बुढानिलकण्ठ राष्ट्रपति निवासनजिकै सम्पूर्णसुविधा भएकोघडेरी ०-८-२-० आनाको 26,50,000/- 9840413384

सुकेधारा रिंगरोडनजिकै १२ आनामा बनेकोएउटै कम्पाउण्डभित्र ६/६आनामा दईवटा नयांघर 9823582607

मंडिखाटारनेर न्युतिनतलेघर @215 जग्गासाट्ने 9813637744

अर्निकोराजमार्गमा Touristhub सुनकोसी बिचमा सुकुटेपुलपारी पक्किसडकमा १६ रोपनी सेराटारखेत जग्गा बिक्रिमा 9861592684

गल्कोपाखा (ठमेल)मेनरोडमा ७५आना (होटल, हस्पिटल, कलेज एपार्टमेन्ट) ९८१०२८००९८

घरजग्गा खरिदविक्री सेवा 01-4254422, 9849305830

टोखा बजारनजिक ढल खाने पानीको सुविधाभएको ०-५-२-० र ०-७-३-०छुट्टाछुट्टै प्लट बिक्रिमा ९८४१२११११८५, ९८५११४४५३६

प्रतिष्ठित companyलाई आपसी सहमतीमा बैंकिङ्ग प्रयोजनकोलागि ५०/५०प्रतिशत Loan उपयोग गर्ने गरि काठमाण्डौ वा तराइको जग्गा चाहिएकोले Genuine जग्गा धनीले सम्पर्क:9813109750

आनाको ३४,००००० सितापाइलाको ०-१३-०-० जग्गाबिक्रिमा सबैलिएमा छुट 9880409364

सुन्धारामा चलिरहेको होटलसहित ६.५ तल्लाको घर बिक्रिमा ९८५१२५३८३४

चावहील, धुम्बाराही, व्यापारीक,आवासीय, घरजग्गाहरु 9818509742

लाजिम्पाटमा ३८ आनाजग्गा आनाको ५३लाख, नारायणथान ०-७-०-०, मंडिखाटारफाटमा ०-५-०-० जग्गाबिक्रीमा 9823140441, 9851112878

गोलभट्टाचोक इमाडोलमा एकतले घर १,३०,००,०००।- ९८४१२६८००६

धुम्बाराहीमा ०-३-०-० माबनेको घर बिक्रीमा ९८४९१७९३८५

दहचोकमा ०-०-०-४ जग्गा बिक्रीमा, ९८०८२१७८२५

१ मिनेटमै स्कुल, सिनेमा, बजार, बैंक पुगिने चुच्चेपाटी डवलीकै छेउमा ५ आना, 9849091587

कैलाली, टिकापुर खकरौला पिच्सडकमा व्यापार तथा उद्यो गकोलागि तथा खेतीकोलागि अन्य ठाउंहरुमा सिंचाईयुक्त जग्गाकोलागि सम्पर्क ९८४१७२७४३४

राधेराधे चोकबाट ५०० मिटर दक्षिण, ट्राकजग्गा, अतिसस्तोमा 9804587668

चावहिल बजारको घर बिक्रिमा 9861003562

ग्राण्डी हस्पिटलनजिकै २.५आनामा ३.५तल्लेघर रु.२,००,००,०००/- ९८४१०१६४७४

डिल्लीबजार चारखाल हाईटमा कमर्सीयल जग्गा बिक्रिमा, ०-५-०-०, ०-४-०-०, ०-२-२-० साथै ५आनाको कमर्सीयल घर, डिलक्स फल्याट, ९८२३३११००३

चाबहिल गोपिकृष्ण पछाडी कमर्सीयल घरबिक्रीमा जग्गासंगपनि सांट्नमिल्न ९८५११०६२३७, ९८६३६०१८८१

टोखामा ०-४-०-० प्रतिआना १७,५०,०००।- ९८५१२०७०२३

बुढानिलकण्ठ सिद्धार्थ कोलोनीमा ०-१७-२-०लोलसलमा ०-११-०-० ९८०३१३३९०७, ९८५११३८१९३

नयांठिमीचोक मध्यपुर हस्पिटलनजिकै तिनआना जग्गाबिक्रिमा आनाको ३६,००,०००।- ९८०१०७९१७३

सवारी साधन

2016 अल्टोकार किस्तामा 365000/- 9846048242

स्यान्ट्रो कार किन्नलाई चाहियो 9851164699

सम्पर्क

जग्गा राखी लोन चाहिएमा ९८०८१९००९९, ९८४९२५७५०४

सबैभन्दा सस्तोमा धितो फुकुवा, 9869422001

सस्तोमा धितोफुकुवा, बैंकब्यालेन्स, ९८४१०००००६५, ९८४१५४३३६७

धितो राखी लोन चाहिएमा ९८५११९४९३०

काठमाडौं उपत्यकाभित्र साना तथा मझौला उद्योग बिक्री गर्नुपर्ने मा, लगानी गर्नुपरेमा सम्पर्क ९८४३५२२७३४

Looking Partner/ working partner to run studio appartment/ bed& breakfast at Pulchwok 9813468772

कुनै पुरानोघर भत्काउन परेमा नयांबनाउन परेमा हामिलाई सम्झनुहोला ९८४१४४७३१४

घरजग्गा धितोकर्जा लिलामीबाट जो गाउन ९८६७०६४१९५

विविध विक्रीमा

CTEVT सम्बन्धनप्राप्त- २०६७ एस्काभेटर, JCB, फोर्कलिफ्ट तालीमकेन्द्र बिक्रीमा: 9851222364

सतुङ्गलचोकको तरकारी, फलफुल पसल बिक्रिमा ९८०३६४१०९६

नयांपुरानो Computer Laptop खरीदीबेक्री मर्मत, 9851135511

चलिरहेको गेष्टहाउस बिक्रीमा सोह्रखुट्टे 9843264308

चलिरहेको बेकरीउद्योग नयांगाडी सहित बाहूलाख ९८५११५०६४५

पार्लर, कस्मेटिक बिक्रिमा बानेश्वर ९८०३३७२७१०

पार्लर, कस्मेटिक बिक्रिमा बानेश्वर ९८०३३७२७१०

निर्माण सफाई

मेसिनबाट ढलट्वाइलेट मंगाल जामखोल्ने 9849442728

सेफ्टिटैंकी सफाई 01-5712671, 01-5712554, 9851152299

सेफ्टीटैंकी सफाई गाडीमा १५००। 9843768737

पानीटैंकी, ईनारसफाई, बोरिङ्गसर्भिस, प्लम्बिङ्ग, वाटरफिल्टर 9851168028

सेफ्टिटैंकी सफाई 9841212244, 9841488132, 015182401

ढलट्वाइलेट, मंगाल जामखोल्ने सस्तोमा 9841176292 9841634234

ढलमंगाल जामखोल्ने सस्तोमा 9849759072, 9851183072

सेफ्टीटैंकी सफाई ठुलोगाडीमा मेशिनबाट 01-5251092, 9851024364

धेरैसस्तोमा सेफ्टीट्याङ्की सफाईगर्ने 9841691494, 9823859294

फोनबाटै अनलाइन बिज्ञापनसेवा www.onlinebigyapan.com तिसदिनको एकहजार 9843954078

ढलट्वाईलेट मंगाल जामखोल्ने मंगालबनाउने 9840540700

ढलट्वाइलेट मंगालजामखोल्ने इनारसफाई, सोलारफिल्टर, प्लम्बीङ्ग 9843192344

ढलमंगाल, सेफ्टिटैंकी सफाई सस्तोमा ९८४११९८४७३

सेफ्टीटैंकी सफाई ३०००। ९८४१६७३२३०, ९८५१०९९५७२

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा 9841955291

ढलट्वाईलेट जाम खोल्ने १००ड 9841000096

भाडामा

काठमाण्डौमा घर भाडामा लिनुदिनुपरेमा 9846578599

बालाजु चोकको main track रोडमा अफिसियल Porpose को लागी फ्ल्याटहरु भाडामा सम्पर्क, 9849843875

ललितपुरमा घरफल्याट भाडामा लिनदीने 9851071590

मैतिदेवीमा पार्किङ्ग सहित फ्ल्याट अफिस रेसिडेन्स, 9851027499

महालक्ष्मीस्थान ५ फल्याट भाडामा ९८५११०५०३०

Flat,बंगलो अफिसस्पेस लिनदिन सम्झनुहोला www.homektm.com 9801117335

महालक्ष्मीस्थानदेखि बाल कुमारीसम्म चक्रपथ भित्र बाहिर ५ सय मिटरसम्म एक रोपनी जग्गा भएको घर भाडामा चाहियो ९८५११३१२६५

मैतीदेवी शास्त्रीयमार्गमा ६कोठा अफिसकोलागिमात्र ९८४१२५६५५३८, ९८४०२४३०४२

नयांबानेश्वर शंखमूलमा २फ्ल्याट भाडामा ९८४१२५०१५०

चाहियो

चावहिलचोक पेपरकटिङमा काम चाहिएमा 24,500/- 9803434644, 014583414

चावहिल अफिसलाई कम्प्युटर सेक्टर, पेपरकटिंगमा Test, SEE +2 गरेनगरेका कर्मचारी आवश्यकता Rs24,500/-

मुस्कुराउनुस्, तपाईं सीसीटीभीको निगरानीमा हुनुहुन्छ !

स्टालिनको आदेशमा सीसीटीभी क्यामेरा पहिलोपटक क्रेमलिनको चौकीमा निगरानीका निम्ति राखियो । कसरी स्टालिनको सीसीटीभी बिस्तारै 'लोकतान्त्रिक' देशहरूको अभिन्न अंग बन्न पुग्यो र कसरी देवताको चंगुलबाट निस्किएर मान्छे फेरि क्यामेराको चक्रव्यूहमा फस्यो, यस विषयमा कमै छलफल भएको छ ।

भूषिता वशिष्ठ



जहाँ छन् बुद्धका आँखा, स्निग्ध शान्त र सुन्दर
त्यहाँ छ शान्तिको क्षेत्र, मेरो राष्ट्र मनोहर
प्राणभन्दा प्यारो लाग्छ, मेरो देश कताकता
झल्किन्छ ममता मेरो भावगंगा जताजता

पुरानो नेसनल रेडियोबाट छर्चल्किएर यो गीत घरभरि बग्न थाल्थ्यो । गुनगुनगुनगुन पहाडी छाँगोजस्तै पूजाकोठाबाट बाबाको चण्डीपाठको लय यही आवाजमा आएर मिसिन्थ्यो, अनि एकैछिनमा प्रेसर कुकरको सिठ्ठी अट्टहास गर्दै हाँस्न थाल्थ्यो । मलाई यी गीत कहिल्यै नसकिऊन्जस्तो लाग्थ्यो । तर, गीत सकिँदा-नसकिँदै एक थान छरिता पदचाप ओछ्यान नजिकै आइपुग्थे ।

'छिटो उठ, स्कुल जान ढिलो हुन्छ,' मामूको दैनिक उर्दी जारी हुन्थ्यो । डरले पो हो कि रेडियो पनि गीत बन्द गरेर समाचार बजाउन थाल्थ्यो । बिहान त्यसैत्यसै नीरस हुन्थ्यो । मामू गम्भीर मुद्रामा तरकारी केलाउँदै समाचार सुन्नुहुन्थ्यो । समाचार सुनेर मलाई उदेक लाग्थ्यो- मौसुफ, यासिर अराफात, पूर्वी टिमोर, चेचनिया, बोस्निया हर्ज गोभिना – एउटा वाक्य बुझे मरिजाऊँ ! तर, कता-कता मलाई चेचनिया भन्ने शब्द भने मन पर्थ्यो, यो चेचनिया भनेको खसीको भुटेको मासु हो कि जस्तो लाग्थ्यो, सुन्नेबित्तिकै मुख रसिलो भएर आउँथ्यो ।

हुन त म गीत पनि कहाँ बुझ्थें र ! तर, मलाई लाग्थ्यो- कतै टाढा 'राष्ट्र' भन्ने बिछट्टै मनोरम ठाउँ छ, जहाँ मनोहर फूलको बाग होला, घाम लुकामारी खेल्ने शीतल कुञ्ज होलान्, ठूला-ठूला बडहर, आँप, कटहरका गाछी होलान्, जसको लठ्याउने सुवासमा नीला प्वाँख भएका चरा बयली खेल्दा हुन् । बुद्धको आँखा भने मलाई कल्पना गर्न गाह्रो पर्थ्यो । सबैभन्दा सुन्दर आँखा सम्झिँदै जाँदा मेरो मन मामाघरमा टालेको माधुरी दीक्षितको चिल्लो पोस्टरमा गएर अड्किन्थ्यो । माधुरी दीक्षितको आँखामुन्तिर हप्तैपिच्छे, म 'राष्ट्र' को साजसज्जा फेरिरहन्थें । गर्मीमा त्यहाँ फिलुंगेको सुनौलो सरिता बग्थ्यो, जाडामा त्यही ठाउँ सुन्तलाका मसिना सेता फूल लाग्थे । यसरी, मेरो 'राष्ट्र' मा मनलाग्दी थियो ।

अनि अचानक मेरो 'राष्ट्र' सँग जम्काभेट भयो । सात वर्षजस्तो अगाडिको कुरो हो, कुनै एक राष्ट्रिय मुद्दाको विषयमा फेसबुकमा स्टेटस लेख्दा मैले अपरिचित मानिसहरूको अनावश्यक खप्की खानुपऱ्यो । वास्तवमा त्यो मेरो विवेक र आत्माले सही ठहर गरेर लेखिएको थियो । त्यसपछि मैले बुझें- 'राष्ट्रवाद' निकै संवेदनशील हुँदोरहेछ ।

'राष्ट्र भनेको मजाकजस्तो लाग्छ तपाईंलाई फेरबदल गरिराख्न ?', एक जनाले लेखे । त्यो दिन मैले थाहा पाएँ, राष्ट्र भनेको चानचुने कुरो होइन रहेछ । मान्छेको ज्यानभन्दा ठूलो मोल राष्ट्रको हुँदो रहेछ । यो स्वर्ग मेरो मनलाग्दी स्वर्ग होइन रहेछ, यो स्वर्गमा बस्न निश्चित नापनक्सा तोकिएको हुँदो रहेछ । त्यो नापभित्र कोही नअटाएमा खुट्टा काटेर वा टाउको निहुऱ्याएर पनि कोचिनुपर्दो रहेछ । राम्रो छ भन्दैमा बुद्धको आँखाको सट्टामा माधुरी दीक्षितको आँखा राख्न नमिल्ने रहेछ ।

तर, आखिर राष्ट्रलाई बुद्ध वा अन्य देवताकै सर्वज्ञ आँखा नै किन चाहिने ? यो बुझ्नलाई हामी एकैछिन अतीतको त्यो सुदूर गल्लीमा जाँदै छौं, जहाँ मानव इतिहासकै सबैभन्दा डरलाग्दो मनोवैज्ञानिक प्रयोग गरिँदै छ ।

उषाको लालिमासँगै वन नजिकैको फाँटमा सुनौला बाला झुल्न थालेका छन् । हिजोको सिकारी फिरन्ते मान्छेले खेती गर्न सिकेको छ । खेती गर्न सजिलो छैन, दिनौं लगाएर बाली हुर्कायो, अर्कैले चोरेर लग्दिन्छन् । हुन त हिजोसम्म सिकार गरी, लुछुतै, चोर्दै, निमोठ्तै हिँडिरहेका मानिसलाई निजी खेतको कुरो बुझाउन पनि सजिलो थिएन । बाली कसरी जोगाउने ? चोर्नेलाई के दण्ड दिने, कसले दण्ड दिने ? यिनै कुरा सल्ट्याउन आज यहाँ पहिलो नेता चुनिँदै छ । त्यो नेताले भूपतिको बाली र सम्पत्तिको रक्षा गर्ने र अपराधीलाई दण्ड दिने काम गर्ने भयो । दण्ड त दिने तर हिजो वन सार्वजनिक सम्पत्ति भएजस्तै भूमि पनि सबैको साझा होइन र ? केको आधारमा खेत निजी हुन्छ ? यत्रा जनावर छन्, मानिसभन्दा बलिया र उद्यमी जनावर छन्, कसैले आफ्नो निजी वन तोकेको छैन, मान्छेको किन निजी सम्पत्ति हुने ? एक-दुई जना बलियाबांगाले पौंठेजोरी गरेर यो जग्गा मेरो हो भन्दैमा हुन्छ ?

निजी सम्पत्तिको औचित्य आज पनि नैतिक आधारमा स्थापित गर्न गाह्रो छ, त्यसैले केही चलाख मान्छेहरूले एउटा काल्पनिक सत्ताको पत्ता फ्याँके- दैवी सत्ता । त्यो कहानीका अनुसार, सो अदृश्य सत्ताले नै हरएक मानिसको क्रियाकलापको लेखाजोखा राखिरहेको छ र कसलाई दण्डित गर्ने, कतिसम्म दण्ड दिने भन्ने कुराको तय गर्छ । तर, रमाइलो कुरो के थियो भने ती देवताहरू सबैसँग बात मार्दैनथे । हुनेखानेसँग मात्र तिनको हिमचिम हुन्थ्यो । यसरी मनोवैज्ञानिक रूपमा मान्छेको विवेकभन्दा माथि काल्पनिक सत्ता खडा गरेर मान्छेको विवेकलाई पंगु बनाइयो । बिस्तारै सार्वजनिक विषय मात्र नभएर राज्यले व्यक्तिको आचरण र चरित्रको पनि मानक बनायो, यौनदेखि लिएर भोजनसम्म मान्छेका सबै नैसर्गिक वृत्ति 'पाप' मा परिणत भए । र, यो कुनै आकस्मिक दुर्घटना थिएन । जसै मान्छेलाई गहिरो आत्मग्लानिले भर्न सकियो, तसै जनता आफ्ना पाप मेटाउन दक्षिणा तिरेर राज्यको ढुकुटी भर्थे । आत्मग्लानिले भरिएको मान्छे निरीह हुन्छ, उसलाई शासन गर्न सजिलो हुन्छ । यस्तै निरीह र ग्लानिले भरिएको मान्छेहरूको झुन्ड काबिलाबाट, बस्ती हुँदै राज्य बन्यो, शासकहरूले आफ्नो वैधानिकता यही दैवी म्यान्डेटबाट स्थापित गरे ।

अब वैधानिकता भनेको बडो रमाइलो कुरा छ । मान्छे यथार्थमा जिउँदैन, मान्छे कथामा जिउँछ । एउटा कविले चन्द्रमामा सौन्दर्य देख्छ, वैज्ञानिकले त्यहाँ भएका खाल्डाखुल्डी देख्छ, धर्मभीरु हिन्दुले रक्सीमा पाप देख्छ, इसाईले त्यहाँ जिससको होली वाइन देख्छ । को के कथामा विश्वास गर्छ, उसले त्यसैअनुरूप दुनियाँ देख्छ । यो कुरा शासकहरूलाई धेरै अगाडिदेखि थाहा थियो । त्यसैले, क्रूरतम राजाले पनि आफ्नो क्रूरताको औचित्य स्थापना गर्न करुण कथा बनाउँथ्यो । कुनै एक व्यक्ति वा कुलले बृहत्तर समुदायमाथि शासन गर्नु स्वाभाविक होइन । बलकै हिसाबले पनि जस्तै मुढेबल लगाए तापनि एउटा व्यक्तिले सय जनालाई आफ्नो अधीनमा राख्न सक्तैन । तैपनि करोडौं जनता, एउटा निम्छरो नेताको अधीनमा कसरी चल्छन् ? हरेक राज्य व्यवस्थाले आफ्नो शासनको औचित्य स्थापना गर्न एउटा कथ्य रच्छ- यो कथा सुरक्षाको होस् या स्वतन्त्रताको होस् या त समृद्धिको- यी कथाहरू मान्छेको सापेक्षिक आवश्यकताका आधारमा रचिन्छन् ।

समय बित्दै जाँदा, मान्छेको भौतिक परिस्थिति बदलिँदै जान्थ्यो, अनि बिस्तारै यी कथाहरूमा भ्वाङ पर्न थाल्थ्यो । रुढीले ग्रस्त एउटा प्राचीन समुदायमा दैवी अनुकम्पामा आधारित राजतन्त्र मान्य हुन्छ, तर जसै मान्छेले प्रकृतिको नियम थाहा पाउँदै जान्छन्, देवताको हाउगुजी समाप्त हुन्छ । अनि मान्छे क्रान्ति गरेर फेरि कथा फेर्छ, मान्छे अझै पनि दास हुन तयार छ तर अदृश्य देवताको होइन । अब शासनको वैधानिकता देवताबाट प्राप्त हुँदैन । त्यसो भए कसले वैधानिकता दिन्छ त ?

सन् १७८८ मा बहादुर शाहका सिपाहीले तिब्बतमा युद्ध गरिरहँदा, विश्वमा एउटा अनौठो घटना घट्यो । बीस वर्षअघिको पृथ्वीनारायण शाहको काठमाडौं विजयले, नेपालमा शाह राजतन्त्रको बीउ गाडेको थियो, बहादुर शाह राज्य विस्तारको महत्त्वाकांक्षामा तिब्बतसम्म पुगेका थिए । गोरखनाथको कथित आशीर्वादले राजतन्त्रलाई अतिरिक्त आत्मविश्वास दिएको थियो । राजतन्त्र र देवताप्रति नेपालीको आस्था बढ्दो थियो । तर, त्यहीबेला विश्वको अर्को कुनामा दैवी शक्ति र राजतन्त्रको दोहोलो काढिँदै थियो । सन् १८८२ मा जर्मन दार्शनिक नित्सेले 'गड इज डेड' भन्नुभन्दा सय वर्षजति अघि अर्कै राजनीतिक दस्तावेजले देवताको मृत्युको घोषणा गरेको थियो । तर, रमाइलो कुरो के थियो भने त्यो दस्तावेजमा कतै पनि देवताको उच्चारणै गरिएको थिएन ।

'सबै मानिस जन्मका हिसाबले समान छन्, यो स्वत: सिद्ध सत्य हो ।'

अमेरिकी स्वाधीनता घोषणापत्रको दोस्रो अनुच्छेदको यो वाक्यांश हेर्दा सामान्य लागे पनि यसको दूरगामी महत्त्व छ । बहादुर शाहले तिब्बतमा आक्रमण गर्दाताका लेखिएको अमेरिकी संविधान विश्वको पहिलो धर्मनिरपेक्ष संविधान बन्यो, जहाँ मान्छेको गरिमा वा उसको स्वाधीनता र समानताको हक कुनै दैवी अनुकम्पाका आधारमा होइन, अपितु सामान्य विवेकका आधारमा स्थापित गरियो । राजा वा रैती हुँदैमा मानिस सानो वा ठूलो हुँदैन, सबै मानिस कानुनका आँखामा समान छन् र यो स्वत: सिद्ध छ, यसलाई सिद्ध गर्न अतिरिक्त तर्क जरुरी नै छैन । देवता मन्छाउनु पर्दैन ।

तर, त्यतिसम्म पनि ठीकै थियो किनभने अमेरिकी राज्यलाई सदियौंदेखिको सभ्यता भएको युरोपले एउटा टुमौटे र सभ्यताहीन व्यापारीको काबिलाभन्दा बढी ठानेको थिएन । तर, जब अमेरिकी क्रान्तिको झिल्कोले फ्रान्सको शताब्दियौं पुरानो राजतन्त्रको गद्दी डढाएर राख बनायो, सारा युरोप देवताको सम्मोहनबाट एकैछिनलाई भए पनि ब्युँझिएको थियो । फ्रान्सबाट राजतन्त्र हटेन मात्र, हिजोसम्म दैवी सत्ताको उत्तराधिकारी मानिएका राजाको निर्मम हत्या पनि गरियो । यो आक्रोश धर्मको नाममा मानिसमाथि लादिएको कृत्रिम विभेद र त्यसको आधारमा रचिएको प्राचीन षड्यन्त्रविरुद्धको आक्रोश थियो । यो आक्रोश मान्छेको गरिमाको खोज थियो, सम्मान र समानताको माग थियो ।

तर, युरोप र अमेरिकाको इतिहास हामीले किन पढ्ने ? मैले अघि पनि वैधानिकताको कुरा गरेकी थिएँ । विश्वका सबै राजनीतिक क्रान्ति तत्कालीन शासनप्रणालीको वैधानिकतामाथिको प्रश्न हो । राजनीतिक दर्शनका हिसाबले विसं २०६२ को क्रान्ति माओवादबाट प्रभावित भए तापनि वास्तवमा यसको स्वरूप चिनियाँ क्रान्तिभन्दा फ्रान्सेली क्रान्तिसँग नजिक छ । यसले राजतन्त्र र धार्मिक मतको आधारमा गरिने शासनप्रणालीको वैधानिकतामाथि प्रश्न उठाएको थियो । त्यो मानेमा बैसट्ठी सालको क्रान्ति समाजवादी क्रान्ति कम, पुँजीवादी क्रान्ति ज्यादा हो । फ्रान्सेली क्रान्तिले जस्तै यसले धर्मनिरपेक्षता, गणतन्त्र र लोकमतलाई शासनको वैधानिक पृष्ठभूमि बनायो । तर, त्यसपछि फ्रान्समा के भयो त ?

एक हिसाबले दैवी सत्ताको अन्त्यसँगै विश्वमा एउटा जटिल नैतिक प्रश्न उठ्यो । यदि सर्वज्ञ देवता नभए मान्छे केको भयले अपराध गर्नबाट डराउँछ ? अल्बेर कामूले यही नैतिक प्रश्नलाई मानव समाजको सबैभन्दा ठूलो प्रश्न मानेका थिए । यहाँ स्मरण गर्नुपर्ने कुरा के छ भने, पाप र अपराधको धारणामा एउटा ठूलो तात्त्विक भिन्नता छ- पाप स्व:विदित घटना हो । पाप गरेको कसैले नदेखे पनि पापी आत्मग्लानिले भरिन्छ । तर, अपराध साक्षीबाट प्रमाणित भएमा मात्र अपराध हुन्छ । त्यसैले प्राचीन पापको धारणा राज्यसञ्चालनको हिसाबले ज्यादा प्रभावकारी थियो । दैवी सत्ताको अन्त्यपछि मान्छे आफैं देवताको पदमा बस्यो । तर, नैतिक आचरणका हिसाबमा मान्छे अझै पनि आदिम थियो । ऊ अझै पनि परार्थभन्दा स्वार्थमा केन्द्रित थियो, केन्द्रित छ । त्यसैले हिजोआज मान्छे अपराध गर्न डराउँदैन, बस्, आफ्नो अपराधको प्रमाण देखिएला कि भनेर डराउँछ ।

यही जटिलताका कारण, राज्यले सर्वज्ञ चक्षुको विलयपछि त्योभन्दा डरलाग्दो यन्त्रको आविष्कार गऱ्यो ।

फ्रान्सेली क्रान्तिको दुई वर्षअघि बेलायती नागरिक जेरेमि बेन्थम र उनका भाइ स्याम्युअल बेन्थम रुसको भ्रमणमा गएका थिए । अमेरिकी संविधानले विश्व राजनीतिलाई अनौठो मोडमा ल्याइदिएको थियो । मान्छेका नैतिक मान्यताका आधारशिला गर्ल्यामगुर्लुम ढलेका थिए । त्यही दौरान यी दुई दाजुभाइले अजीव जेलको कल्पना गरे, जसको नाम थियो 'पनाप्टिकोन' । यस्तो जेलमा सबै कैदीहरू कुनै अदृश्य व्यक्तिको निगरानीमा हुन्थे, तर सो चौकीदारलाई भने कुनै कैदीले देख्न सक्तैन थिए । बेन्थमको तर्क थियो- चौबिसै घण्टा निगरानीमा राखेमा मान्छे स्वत: डरले अनुशासित बन्छ ।

बेन्थमको यो अवधारणा उनको जीवनकालमा आलोचित नै रह्यो । तर, सन् १९२७ मा रसियामै यो अवधारणाले मूर्तरूप लियो- सीसीटीभीका रूपमा । र, स्टालिनकै आदेशमा यो क्यामेरा पहिलोपटक क्रेमलिनको चौकीमा निगरानीका निम्ति राखियो । स्टालिनको सर्वसत्तावादी राज्यले कुन हदसम्म गएर नागरिकको गोपनीयताको हनन गऱ्यो त्यो त हामी सबैलाई थाहै छ, तर कसरी स्टालिनको सीसीटीभी बिस्तारै तथाकथित लोकतान्त्रिक देशहरूको अभिन्न अंग बन्न पुग्यो र कसरी देवताको चंगुलबाट निस्किएर मान्छे फेरि क्यामेराको चक्रव्यूहमा फस्यो, त्यसमा कमै छलफल भएको छ ।

अमेरिकी स्वाधीनताको लगभग दुई सय वर्षपछि नेपालमा पनि राजतन्त्र हट्यो र देशको पहिलो धर्म निरपेक्ष संविधान लेखियो । र, योसँगै देशमा अनुगमन र निगरानीका यन्त्रको आयात पनि बढेको छ । 'हिमाल' खबरपत्रिकामा प्रकाशित एक रिपोर्टका अनुसार, आर्थिक वर्ष २०७३/७४ मा करिब ५२ करोड बराबरको सीसीटीभी र डिजिटल क्यामेरा आयात गरिएका थिए भने, लगत्तै दोस्रो वर्ष करिब ९८ करोड बराबरका सोही उपकरण आयात गरिएका थिए । सरकारको बढ्दो निगरानी र अनुगमनका नियम र काइदा पनि सर्वविदितै छन् ।

तर, बीसौं शताब्दीका चिन्तकहरूले राज्य र प्रविधिको एकाधिकारले जन्माउने दमनकारी समाजको पहिल्यै कल्पना गरिसकेका थिए । जर्ज अरवेलको '१९८४' पुस्तकमा यस्तै सर्वसत्तावादी समाजको चित्रण छ, जहाँ हरेक नागरिक चौबीसै घण्टा टीभीमार्फत सरकारको निगरानीमा हुन्छन् । यतिसम्म मात्रै होइन, नागरिकका विचार र भावना पनि हरपल निगरानीमा हुन्छन् । कल्पना गर्नुस्, यदि कुनै पनि बेला अरू कसैले तपाईंको विचार पढ्न सक्ने भए मान्छे तपाईं कस्तो भयावह बन्दीगृहमा जाकिनुहुनेछ ! त्यस्तो समाजमा कुनै अतिरिक्त बन्दीगृह बनाउनु पर्दैन, हरेक मान्छेको शरीर नै उसको भ्यालखाना हुन्छ, मान्छेको अस्तित्व नै उसको नर्क हुन्छ ।

अरवेलको भविष्यवाणी केही हदसम्म सत्य साबित भयो, तर हाम्रो वर्तमान उनले कल्पना गरेको भविष्यभन्दा कहालीलाग्दो भएर आएको छ । आज हामीलाई राज्यले बाध्यकारी रूपमा आफ्ना सबै विचार वा भावना प्रकाशित गर्ने उर्दी दिएको छैन । तर, सामाजिक सञ्जालमार्फत हामी आफैं आफ्ना निजी जीवन, विचार र भावनालाई प्रकाशित गर्न उद्यत छौं । थाहै नपाई हामी आफ्नो निजत्वलाई बजारको कमोडिटी बनाइरहेका छौं । तर, यसमा त्यस्तो आत्तिहाल्नुपर्ने पनि के छ र ?

केही महिनाअगाडिको कुरो हो । एक सनकी रुसी कलाकारले पेरिसको मेयर पदका प्रत्याशी बेन्जामिन ग्रिवोको हस्तमैथुन गरिरहेको भिडियो सार्वजनिक गरे । सो भिडियोले फ्रान्समा ठूलो वैचारिक लहर ल्याइदियो । गिब्रोले लज्जित भएर चुनावबाट आफ्नो उम्मेदवारी फिर्ता लिए । सोही विषयमा 'न्युयोर्क टाइम्स' मा पामेला ड्रकरम्यानले लेखेकी थिइन्, 'के हामी फ्रेन्चहरूले पनि अमेरिकीजस्तै व्यक्तिगत पापलाई सार्वजनिक रूपमा दण्डित गर्न थालेका हौं ?'

सयौं वर्षपछि पाप र अपराधको द्विविधा फेरि टड्कारो भएको छ । पाप आफैंमा एक मनोवैज्ञानिक षड्यन्त्र भए तापनि, धर्म धेरै हदसम्म उदार थियो । हाम्रा देवतामा मान्छेका नैसर्गिक वृत्तिसँग अनौठो सामञ्जस्य थियो । गणेश खन्चुवा थिए, शिवजी योगी हुनाका साथै यौनका मामलामा उदार र अराजक थिए, कृष्ण रुमानी थिए, राधाको परपुरुषसँग प्रेम थियो, लक्ष्मीमा ईर्ष्या थियो, काली स्वच्छन्द, निर्वस्त्र र निर्भीक थिइन्, दुर्वासा रिसाहा थिए, द्रौपदीका पाँचवटा पति थिए । हाम्रा देवता उदार थिए । यदि ग्रिवोको त्यो भिडियो शिवजीकहाँ पुगेको भए, ग्रिवोले त्यसरी लज्जित हुनुपर्ने थिएन होला । यौन मान्छेको प्राकृतिक वृत्ति हो । तर, फ्रेन्च वैज्ञानिक लाकँले भनेजस्तै सबैको यौनिकता निजी हुन्छ र त्यसमा समाजका लिखित नियमसँग बगावत गर्ने कामना हुन्छ । किनभने प्रेममा मान्छे समाजको तथाकथित सभ्यताले नस्विकार्ने, सबैभन्दा घीनलाग्दो भनिएको मानवीय पक्षको पनि उपासना गर्छ । र, यो स्वीकार्यता नै मान्छेको एकाकीपन र सभ्यताको दमनकारी अनुशासनले नीरस बनाएको मनको सबैभन्दा ठूलो औषधि पनि हो । यसमा लज्जित हुनुपर्ने कुनै कारणै छैन ।

तर, सामाजिक सञ्जालको यो युगमा हाम्रो प्रेम पनि प्रदर्शनीको खेला भएको छ । उदाहरणका लागि, केही महिनाअघिको महरा प्रकरणलाई लिऊँ । महरालाई गाली गर्नुमा कुनै महानता छैन, ओरालो लागेको मृगलाई बाच्छोले पनि खेद्छ । तर, महरा प्रकरणले हाम्रो रुग्ण समाजको चित्तदशा छर्लंग पार्छ । कुनै पनि अन्तर्राष्ट्रिय कानुनमा अपराध सिद्ध नहुन्जेलसम्म कसैलाई अपहेलना गर्न पाइँदैन । तर, फगत अपुष्ट समाचारका आधारमा नै सामाजिक सञ्जालमा महराको व्यापक आलोचना सुरु भयो । कालान्तरमा गएर महरा 'निर्दोष' साबित भए । अब महरा निर्दोष हुन् या होइनन्, दैव जानून् ! तर, कुन हदसम्म प्रविधिले मान्छेको निजी जीवनलाई निमोठेको छ र कसरी सामाजिक सञ्जालले मानिसलाई असहिष्णु र अमानवीय बनाएको छ, त्यो असाध्यै डरलाग्दो छ ।

केही वर्षयता टेलिभिजनहरूमा 'रियालिटी शो' को हवात्तै बिगबिगी बढेको छ । यी शोहरूपछाडिको धारणा सीसीटीभीकै दर्शनमा आधारित छ । अझ 'बिग बोस' जस्ता शोहरू त हाकाहाकी सीसीटीभीकै निगरानी शैलीमा बनाइएको हुन्छ । यस्ता कार्यक्रम हेर्न अभ्यस्त भएका दर्शकलाई वास्तविक जीवन र मनोरञ्जनका निम्ति बनाइएका 'रियालिटी शो' हरूको कृत्रिम रियालिटीबीचको फरक खुट्याउन गाह्रो हुँदै जान्छ । हामीलाई लाग्छ, टेलिभिजनमा प्रसारण गरिएका फुटेजहरू नै यथार्थ हुन् । र, ती यावत् फुटेज केवल हाम्रा मनोरञ्जनका लागि बनेका हुन् । भारतमा अहिले जुन भयावह अमानवीयताका साथ रिया चक्रवर्तीको मुद्दालाई हेरिँदै छ, यो यही रोगको उपज हो । हामी मनोरञ्जनका भोका ब्वाँसाजस्ता भएका छौं । व्यक्तिको निजी जीवन, उसको प्रेम, उसको यौनिकता, उसका कमजोरी, उसका व्यथा हाम्रा लागि बस् मनोरञ्जनका खुराक भएका छन् । हामी मनोरञ्जनका नाममा सिंगै मान्छेको जीवनलाई टुक्रा-टुक्रा पारेर लुछ्न पनि पछि पर्दैनौं । मान्छे कसरी यस्तो सर्वभक्षी राक्षस बन्यो ?

बाइबलमा एउटा कथा छ । कुनै गाउँमा व्यभिचारको आरोपमा एउटी महिलालाई ढुंगाले हानेर मारिँदै रहेछ । जिजस आफ्ना शिष्यसहित त्यही बाटो जाँदै थिए । भीडले जिजसलाई पनि त्यो पापी महिलालाई ढुंगा हान्न उक्सायो । उनले मानेनन् । उनले भने, 'तिनले मात्र ढुंगा हानून्, जसले कर्ममा मात्र होइन, विचारमा पनि कुनै पाप गरेको छैन ।' भनिन्छ, त्यसपछि कसैले ढुंगा उठाउने साहस गरेन । अरू त अरू, जिजसले पनि गरेनन् ।

वैचारिक तलमा हामी सबैले अनेक बार त्यस्ता कृत्य गरेका छौं, जसलाई समाजले पचाउँदैन तर यो मान्छे हुनुको स्वाभाविक स्थिति हो ।

केही दिनअगाडि म मेरो कार्यालयमा बसेर लेख्दै थिएँ । अचानक मेरो आँखा ढोकामाथिको स्यानो सीसीटीभीमा पऱ्यो । लेख्दा वा पढ्दा आफैंसँग बोल्ने मेरो बानी छ । त्यो सीसीटीभी देखेपछि, म खुलेर लेख्नै सकिनँ । पछि कुरा गर्दा त्यो क्यामेरा सुरक्षाका लागि राखिएको बताइयो । तर, मेरो एकान्तमा मलाई केबाट सुरक्षा चाहियो ? -मेरो निजत्वबाट ?

समाज मान्छेको निजत्वसँग डराउँछ । यसले सबै जनालाई सालाखाला हेर्न खोज्छ । धर्म, भाषा, लिंग, यौनिकता इत्यादिका आधारमा वर्गीकरण गरेर समाजले औसत मान्छेको खाका कोर्छ । त्यो औसतको मापदण्डभन्दा अलिकति पनि माथि-तल भएमा समाज सशंकित हुन्छ । हाम्रो नैतिकता, यौनिकता, हाम्रा धर्म, हाम्रो सौन्दर्यचेत औसत हुन्जेल मात्र समाजलाई मान्य छ । यस्ता औसत मान्छेलाई समाज सहर्ष स्विकार्छ । त्यसो त कोही पनि मानिस औसत हुँदैन । हरेक व्यक्ति आफ्नौ निजत्व लिएर जन्मिएको हुन्छ, तर समाजबाट स्विकारिने लोभमा मान्छे औसत हुँदै जान्छ ।

हाम्रा भनिएका उदारवादीहरू पनि साँच्चै मान्छेको आँत छाम्नबाट डराउँछन् । मान्छेको कमजोरीसँग डराउँछन् । महिलावाद, समाजवाद, फलानावाद, ढिस्कानावाद- यी सबै वाद असाध्यै असहिष्णु र अमानवीय छन् । एउटा मान्छेको मानवजन्य कमजोरीलाई लिएर हामी त्यसको खेदो खन्नबाहेक करुणा, सहानुभूति जान्दैनौं भने यी सारा वादको के काम ? यदि हामीले मान्छेलाई, अझ उसको कमजोर क्षणमा, उसलाई माया गर्न सकेनौं भने हाम्रो उदारताको के काम ? निरपेक्ष मानवताको नाममा मान्छे धर्ममा भन्दा बढी असहिष्णु भएको छ । हाम्रा अखबार, टीभी, रेडियो, सामाजिक सञ्जाल बिषवमन गर्ने ठाउँ भएका छन् । यही हो उदारता ?

हाम्रा यस्तै कथित सामाजिक उदारतामाथि व्यंग्य गर्दै अमेरिकी नाटककार एडवार्ड एल्बीले 'हु इज सिल्भी' भन्ने नाटक लेखेका छन्, जहाँ प्रमुख पात्र मान्छेको अस्वाभाविकतादेखि दिक्क भएर एउटी बाख्रीको प्रेममा परेको छ । बाख्रीमा छलकपट छैन, कृत्रिम शृंगारको चाहना छैन, वस्तुवादी लोभ छैन । आखिर एउटी बाख्रीको प्रेममा पर्नु कसरी अस्वाभाविक हुन्छ ?

यो प्रश्नको उत्तर जटिल छ । प्रेम के हो, यौन के हो, क्रान्ति के हो, जीवन के हो, सौन्दर्य के हो, यी जटिल प्रश्न छन् । र, यी प्रश्नको उत्तर कुनै दार्शनिकले तपाईंका लागि दिन सक्तैन । यी प्रश्नको उत्तर हरेक व्यक्तिले आफ्ना लागि आफैं खोज्नुपर्छ । यी आत्मनिष्ठ प्रश्न हुन्, यसको उत्तर तपाईंलाई राज्यले वा सामाजिक सञ्जालले दिन सक्तैन र त्यो उत्तर दिने अधिकार तपाईंले अरूलाई दिनु पनि हुँदैन ।

पहिलेपहिले धर्मको कर्मकाण्ड थियो, अहिले पुँजीवादको कर्मकाण्ड छ । एउटा औसत सामाजिक प्राणी बन्न हामीले रेस्टुरेन्टमा खाना खानुपर्छ, पार्टीमा जानुपर्छ, सके विदेश घुम्न गएर सामाजिक सञ्जालमा फोटो राख्नुपर्छ, अनि यो जीवनशैली बरकरार राख्न गधाजस्तो पेलिएर काम गर्नुपर्छ । यी कुनै पनि काम आफैंमा गलत होइनन् । तर, यो कर्मकाण्डको चक्करमा मान्छेले आफ्नो एकान्त र फुर्सद गुमाउँदै गएको छ । साँच्चै भन्ने हो भने त, मान्छे एकान्तबाट डराउन थालेको छ ।। म मेरो बार्दलीबाट एक्लै टिकटक भिडियो बनाइरहेकी एक किशोरीलाई देख्छु । ऊ क्यामेरा अन गर्छे अनि हाँस्दै, छिल्लिँदै कम्मर मर्काउन थाल्छे । गीत सकिएपछि, नीरस, भावहीन भएर अपलोड गर्न थाल्छे । मलाई अचम्म लाग्छ । मान्छे के अब आफ्नै सत्यमा, आफ्नै यथार्थमा, कसैले नदेखे बाँच्न सक्तैन ? के एकान्तवासको रस, निजत्वको सौन्दर्य, एक्लै उभिनुको रोमाञ्चक मात हामीले बिर्सिएका हौं ?

अब हामी एकपटक फेरि इतिहासको त्यही दिनमा जाऊँ जब राज्यको उदय भएको थियो । राज्य मान्छेको निजत्वको रक्षार्थ बनेको थियो । अब प्रविधिको विकाससँगै हाम्रो निजी र सार्वजनिकको परिभाषा पनि बदलिँदै छ । सामाजिक सञ्जालमा व्यक्तिगत रूपमा हालिएका डाटाहरू राज्य, कर्पोरेट हाउस र यान्त्रिक सर्वभक्षी दर्शक निम्ति मान्छेको निजी जीवनमा चियाउने मनोरञ्जनका विकृत स्रोत भएका छन् । हरेक दिन कैयौं मात्रामा संकलन गरिएका डाटा कहाँ जान्छन् ? हाम्रा नेता भ्रष्ट छन्, हाम्रा न्याय प्रणाली कमजोर र बिकाउ छन्, हाम्रो नागरिक समाज भीड मानसिकताबाट ग्रसित छन् । हामीलाई पहरेदारी गर्ने मान्छे आफैं रुग्ण र असहिष्णु छन् । के देवताको सवर्ज्ञ चक्षुको चंगुलबाट फुत्किएर कैयौं क्रान्तिपश्चात् सीसीटीभीको निगरानीमा मनुष्यत्व सुरक्षित छ ?

मसँग उत्तर छैन । तर, इतिहासले भन्छ, बेन्थमको पनाप्टिकोनको नमुनामा सन् १८१६ मा बनाइएको मिलब्यांक जेलमा मानिसहरू अनुशासित त भए तर कालान्तरमा प्राय: सबै बन्दीहरू क्रमश: पागल बन्दै गए ।

स्वर्गीय पिताजीका नाममा

स्विडिस फिल्मकार इङ्गमार बर्गम्यान भन्छन्, 'उम्बर्टो डी मैले सयौंपल्ट प्रेमपूर्वक हेरेको छु । संसारका सारा फिल्महरूमा मेरो पहिलो रोजाइको फिल्म यही हो ।' टाइम साप्ताहिकले सन् २००५ मा यसलाई संसारका सर्वकालीन १०० महान् फिल्मको सूचीमा राखेको छ ।

अभय श्रेष्ठ

इटालीका निर्देशक भितोरियो डेसिकाले आफ्नो फिल्म 'उम्बर्टो डी' मा संसारभरिका सारा वृद्ध पिताहरूको संघर्ष र संवेदनाको कथा टपक्क टिपेका छन् । कताकता त्यसमा म आफ्नै पिताजीको विरही जीवनको एउटा झाँकी भेट्छु । सिनेमाको दुःखी पात्र उम्बर्टो डी फेरारीजस्तै मेरा बाको जीवन पनि बाध्यता, विपत्ति, धैर्य, दुर्घटना, प्रतिदानरहित प्रेम र संघर्षको सङ्ग्रहालय थियो । तथापि उहाँ कहिल्यै दुःखी हुनुभएन । न कुनै कुरामा उहाँको गुनासो थियो । निरन्तर नियतिको प्रहार र ताडनाले उहाँ ४० वर्षको उमेरमै मुटुको दीर्घरोगी हुनुभयो । त्यसपछि नै उहाँको जीवन फेरारीको जस्तै एक्लोपनको विरहमा धकेलिन सुरु भयो । तर, संघर्ष त बाँचुन्जेल गर्नु नै थियो !

वृद्धहरूको संवेदना

डेसिकाले यो फिल्म आफ्नै पिताप्रति समर्पण गरेका छन् । खासमा, उनलाई संसारभरि चिनाउने कालजयी फिल्म थियो, 'द बाइसाइकल थिभ्स', जसको प्रभावमा भारत र संसारभरि 'समानान्तर सिनेमा'को लहर चल्यो । तर, विश्वका थुप्रै महान् फिल्मकारले डेसिकाको उत्कृष्ट मानेको फिल्म हो, 'उम्बर्टो डी' । महान् स्विडिस फिल्मकार इङ्गमार बर्गम्यान भन्छन्, 'उम्बर्टो डी मैले सयौंपल्ट प्रेमपूर्वक हेरेको छु । संसारका सारा फिल्महरूमा मेरो पहिलो रोजाइको फिल्म यही हो ।' टाइम साप्ताहिकले सन् २००५ मा यसलाई संसारका सर्वकालीन १०० महान् फिल्मको सूचीमा राखेको छ । सन् १९५२ मा पहिलोपल्ट इटालीमा रिलिज हुँदा यो फिल्म व्यावसायिक रूपले पूरै असफल भयो । तर, चाँडै नै अन्तर्राष्ट्रिय स्तरमा अपार लोकप्रिय भयो । यसले थुप्रै अन्तर्राष्ट्रिय फिल्म उत्सवहरूमा पुरस्कार, मनोनयन र प्रशंसा पायो । पछि एक अन्तर्वार्तामा डेसिकाले आफ्ना कृतिमा सबैभन्दा गर्व गर्नलायक यसै फिल्मलाई मानेका थिए ।

म्याक्सिम गोर्कीको एउटा विश्वप्रसिद्ध कथा छ, बुढी इजरगिल । त्यसभित्रकै उपकथाको जाज्वल्यमान् पात्र दान्को आफ्नै मुटुलाई लालटिनझैं बालेर बैगुनी गाउँलेहरूलाई अन्धकार जंगलको बाटो पार गराउँछ । अन्धकार सकिनेबित्तिकै मुटु भुइँमा खसेर चकनाचुर हुन्छ र त्यहीं उसको मृत्यु हुन्छ । 'उम्बर्टो डी' आदर्शहरूका खातिर गरिने त्यस्तो महान् आत्मबलिदानको कथा त होइन । यो 'युवाहरूको गीत' की नायिका लिन ताओ चिङको जस्तो देशभक्तिपूर्ण लडाइँको कथा पनि होइन । मिहिन रूपमै सही, यसले अवसादबाट जीवनतिर फर्कन जगाउने आशा भने उस्तै छ । यो, दोस्रो विश्वयुद्धपछि सङ्क्रमणकालीन इटालीमा सर्वसाधारणको अत्यन्त कष्टकर जीवनको अथक संघर्षको कथा हो । यसको खलनायक नै इटालीको तत्कालीन राजनीतिक एवं सामाजिक सत्ता हो । घरबेटी एन्टोनियो बेलोनी त्यही सत्ताको क्रूर प्रतिनिधि हो । रोम सहरको यस्तो क्रूर समाजमा वृद्ध पेन्सनर उम्बर्टो र घरबेटीकी तरुनी कामदार मारियाजस्ता जनसाधारणले सादा जीवनका लागि असाधारण सङ्घर्ष गर्नुपरेको कथा हो यो । पेन्सन वृद्धिको माग गर्दै सरकारविरुद्ध गरिएको प्रदर्शनीबाट फर्कंदा वृद्ध उम्बर्टो आफ्नो कोठामा एक जोडी तरुनी-तन्नेरी रासलीलामा मस्तराम भेट्छ । उसको अनुमतिबिना त्यो कोठा एक घण्टाका लागि घरबेटीले तिनीहरूलाई भाडामा दिएकी हुन्छे । पिता समानका वृद्धको आत्मसम्मानमाथि छोरी समानकी महिलाले गरेको यो प्रहार पुँजीवादी युगको आगमनसँगै संवेदनाको हत्याको संकेत हो । वृद्धले घरभाडाबापत उसलाई १५ हजार लिरा तिर्न बाँकी हुन्छ । महिनाको अन्त्यसम्म तिर्न नसके उसलाई गलहत्याउने धम्की दिइएको हुन्छ ।

तीस वर्षसम्म सामाजिक गतिविधि मन्त्रालयमा काम गरेको उम्बर्टोलाई युद्धले क्षतिग्रस्त इटालीले दिने पेन्सन कति न्यून र अनियमित हुन्छ भने त्यसले हातमुख जोर्न र डेरा भाडा तिर्नै पुग्दैन । यता, विधवा घरबेटी एन्टोनियो अद्बैंसे उमेरमा कसैको प्रेममा फसेकी हुन्छे र उसैसँग बिहे गर्न चाहन्छे । त्यसका लागि ऊ तीस वर्षदेखि यही घरमा बस्दै आएको बिरामी वृद्धको कोठा गाभेर ठूलो बैठककोठा बनाउन चाहन्छे । सत्तरी नाघेको बिरामी वृद्ध झिटीगुन्टा बोकेर कहाँ जाने ?

उसले आफूसँग भएको सिरीखुरी गर्दा, घडी र किताब बेच्दा पनि ऋणको एक तिहाइ मात्र जम्मा हुन्छ । घरबेटी यो आंशिक रकम तिरस्कारपूर्वक फर्काइदिन्छे । ऊ साथीभाइसँग ऋण खोज्छ । कसैले पत्याउँदैन । बाटोमा हात थापेर माग्ने कोसिस गर्छ, मध्यमवर्गीय अभिमानले दिँदैन । त्यही तनावले ज्वरो र टन्सिल भएपछि ऊ अस्पताल भर्ना हुन्छ । घरबेटीकी कामदार मारिया ऊप्रति अत्यन्त हार्दिक छे । मालिकीका आँखा छलेर ऊ वृद्धलाई खानेकुरा दिन्छे । तातोपानी, थर्मामिटर दिएर सघाउँछे । वर्गीय प्रेम भनेको सायद यही हो । तर, उसका पनि चिरन्तन दुःखहरू छन् । ऊ तीन महिनाकी गर्भवती छे । दुई प्रेमीमध्ये गर्भमा रहेको बच्चा कसको हो, उसलाई थाहा छैन । नेपल्स र फ्लोरेन्सका दुवै प्रेमी उसको गर्भ स्विकार्न तयार छैनन् । घरबेटीले थाहा पाएपछि ऊ पनि निकालिन्छे र सडकमा पुग्छे । किनभने उसको जाने ठाउँ कतै छैन । गाउँमा बाबुको क्रूरताबाट बच्नै सहर आएकी ऊ अब घर फर्कन पनि सक्दिन ।







उपचारपछि डेरा फर्कंदा उम्बर्टोलाई एकसाथ दुइटा तनाव हुन्छ । एक, फ्लाइक नामक सानो कुकुरबाहेक उम्बर्टोको आफ्नो भन्नु कोही हुँदैन । अस्पताल जाँदा उसले त्यसको हेरचाह गर्न मारियालाई अह्राएको हुन्छ । मारिया काममा व्यस्त हुँदा मालिकीले त्यसलाई छाडिदिन्छे । कुकुर उसको खोजीमा कतै हराउँछ । दुई, उसका सामानहरू लथालिङ्ग पारेर कोठाको भित्ता भत्काई ठूलो बैठक कोठा बनाउन घरबेटीले रङरोगन गराइरहेकी हुन्छे । छाडा ठानेर नगरपालिकाले मार्ने लाग्दा संयोगले भेटेर उम्बर्टो आफ्नो प्राणप्रिय कुकुरलाई फिर्ता ल्याउँछ । तर, आत्मसम्मानमाथिको प्रहार खपेर कतिन्जेल यहाँ बसिरहने ? उम्बर्टो मारियालाई खबर गरेर त्यही रात फ्लाइकसँगै घर छाडेर निस्कन्छ ।

फ्लाइक नभएको भए सायद ऊ संसारबाट ऊबेलै बिदा भइसक्थ्यो । ऊ फ्लाइकलाई कसैको जिम्मा लगाएर हिँड्न चाहन्छ । कोही भेटिँदैन । अन्ततः फ्लाइकलाई लिएरै रेलको लिकमा बसेर आत्महत्या गर्न खोज्छ । तर, कुकुरले नै उसको ज्यान बचाउँछ र जीवनप्रति महत्त्वबोध गराउँछ । उम्बर्टो छानाविहीन, शरणविहीन र पैसाविहीन भएर पार्कमा फ्लाइकसँग खेलिरहन्छ । बाँकी जीवनका लागि त फेरि पनि संघर्ष गर्नु नै छ ! संघर्ष छ र त जीवन छ । जीवन छ र त संघर्ष पनि छ ।

साक्षी भाव

संसार हल्लाएको यति मार्मिक, यति लयदार, यति जैविक र यति कालजयी फिल्म हेर्न पाउँदा यो ६८ वर्ष पुरानो फिल्म हो भन्ने कतै लाग्दैन । डेसिकाको क्यामेरा साक्षी भावको उत्कृष्ट नमुना हो । त्यसले कुनै नक्कलझक्कल गर्दैन । सिजर जाभात्तिनीसँग मिलेर डेसिकाले लेखेको पटकथाको उत्कृष्टता तिनै प्रसङ्गबाट साबित हुन्छ जहाँ दृश्यमा नदेखाई कतिपय उपकथा छर्लङ्ग हुन्छ । मारिया बारम्बार उम्बर्टोलाई भ्यालबाट तल सडकमा उभिरहेका आफ्ना दुई प्रेमीलाई देखाउँछे । अरूले जस्तो डेसिका तिनलाई क्लोजअप गरेर देखाउँदैनन् । तल सडकका मान्छेलाई भ्यालबाट जति देखिने हो, त्यति मात्र देखाउँछन् । मारिया नेपल्सको प्रेमीलाई नै आफ्नो बच्चाको बाबु हो भन्ने अनुमान गर्छे । त्यसकारण उम्बर्टो पनि डेरा छाडेर जान लाग्दा उसलाई नेपल्सको सिपाहीलाई छाड्नू भनेर सुझाव दिन्छ । एकपल्ट मात्र नेपल्सवाला प्रेमीसँग मारियाले आफू गर्भवती भएको रुँदै बताएको दृश्य देखाइन्छ । ऊ मारियाको गुनासो सुन्दैन । उम्बर्टोले सोधपुछ गर्दा पनि खासै चासो दिँदैन । तर, फ्लोरेन्सवाला प्रेमीलाई लड सटबाट बाहेक नजिकबाट देखाइन्न । तैपनि, मारियाका यी दुवै प्रेमी दर्शकका दिमागमा चक्कर लगाइरहन्छन् ।

डेसिकाले सोफिया लारेन, मार्सेलो मायस्त्रोनीजस्ता विश्वविख्यात कलाकारबाहेक आफ्ना फिल्ममा बिरलै व्यावसायिक कलाकारलाई अभिनय गर्न लगाए । उनले लेखेका छन्, 'फिल्मका लागि उपयुक्त पात्र नभेटुन्जेल म आफ्नो मनका आँखा घुमाइरहन्छु ।' धेरै प्रयासपछि उम्बर्टोको भूमिकाका लागि उनले ७० वर्षे वृद्ध प्राध्यापक कार्लोस बत्तिस्तीलाई भेटे जसका आँखामा वेदनापूर्ण आत्मसम्मानको भाव थियो । उनी भन्छन्, 'त्यसअघि रोम, नेपल्स र अन्य सहरमा म कैयन् दिन, कैयन् घन्टा यस्तो वृद्ध पेन्सनरको खोजीमा भौतारिरहें ।'

अन्त्यमा

फिल्म सकिँदा उम्बर्टोको हालत कताकता दस्तोएब्स्कीको समाजले मुर्ख मानेको असल पात्र प्रिन्स मिस्किनकै जस्तो लाग्छ । तर, उम्बर्टो जीवनप्रति आशाको दियो जगाउँछ र सबै दुःख बिर्सेर पार्कमा फ्लाइकसँग खेलिरहन्छ । यस फिल्मको चर्चा गर्दा मैले मेरा बालाई सम्झनुको कारण पनि यही आशाको झिल्को हो जुन जीवनको अन्तिम घडीसम्मै उहाँले त्याग्नुभएन । आत्मसम्मान नगुमाई आउने सारा दुर्भाग्यलाई जित्न उम्बर्टोजस्ता सबैले अभ्यन्तर र नैतिक बल उँचो राख्नु जरुरी हुन्छ । जीवनवादी गायक बब मार्ले यस्तै परिस्थितिका मान्छेलाई प्रेरणा दिँदै आफ्नो चर्चित गीतमा भन्छन्, 'गेट अप, स्ट्यान्ड अप एन्ड डोन्ट गिभ अप योर फाइट ।'

छोप्न खोजेका विषय उघारिँदै गए

अर्थशास्त्रका प्राध्यापक **विश्वम्भर प्याकुर्याल** संगीत, साहित्यका पारखी हुन् । नारायणगोपालले गाएको 'तिमीले भनेका सारा देव छोएर' गीतका गीतकार प्याकुर्यालको आत्मकथा 'आफैंलाई खोज्दा' हालै प्रकाशित छ । माल्दिभ्स र श्रीलंकाका लागि नेपाली राजदूत रहिसकेका अर्थशास्त्रका पीएचडी प्याकुर्यालका यसअघि अर्थशास्त्रलगायतका विषयमा १३ पुस्तक प्रकाशित छन् । उनीसँग गरिएको किताब वार्ता-



तपाईंका विचारमा पढ्नु के-का लागि होला ?

- पढ्न एकाग्रताको आवश्यकता पर्छ । लेख-पुस्तक लेख्न, विचार तिखार्न अध्ययनले मद्दत गर्छ । अध्ययनले आत्मविश्वास बढाउँछ, तर्क, संवाद गर्ने ताकत दिन्छ ।

हालसालै पढेको हृदयस्पर्शी कुनै किताब ?

- किताब पुरानै हुन् तर ती मैले लकडाउनमा पढें । जेम्स ए. डोर्न र बरुण यस. मित्राले सम्पादन गरेको 'पिटर बउर एन्ड द इकोनोमिक्स अफ प्रस्पेरिटी' र सन् २०१९ मा प्रकाशित पल मेसनलिखित 'क्लियर ब्राइट फ्युचर- अ च्याडिकल डिफेन्स अफ द ह्युमन बिइङ' पढिरहेको छु ।

तपाईं अन्तर्राष्ट्रिय मामिलाको जानकार पनि हुनुहुन्छ । अन्तर्राष्ट्रिय मामिलामा लेखिएका असाध्यै मन परेका किताब पाठकलाई सिफारिस गर्नुस् न !

- यस्ता किताब अनगिन्ति छन् । तर, मलाई साह्रै मन परेको र अन्तर्राष्ट्रिय मामिलामा रुचि राख्ने विद्यार्थीले वालेस थिजको 'ह्वेन गभरमेन्ट्स कोलाइड' अनि थमस सेलिङको 'द स्ट्राटेजी अफ कन्फ्लिक्ट' पढ्दा राम्रै ज्ञान हासिल होला ।

मन परेका किताबलाई के गर्नुहुन्छ ? देखिने ठाउँमा सजाउनुहुन्छ या सिरानीछेउ राख्नुहुन्छ ?

- मन परेका किताब देखिने ठाउँमा सगर्व सजाएर राख्छु । तर, समयअनुसार र प्राथमिकताअनुसार सजाउने स्थान र पुस्तक भने परिवर्तन भइराख्छन् ।

नेपाली साहित्यमा प्रकाशित पछिल्ला आख्यान/ गैरआख्यान/ आत्मकथा कत्तिको पढ्नुहुन्छ ?

- पछिल्लो समय प्राविधिक कारणले अर्थशास्त्रका भन्दा अन्य पुस्तक पढ्ने समय खासै मिलेको छैन । तर, पढेका केही किताबमा 'अन्तर्मनको यात्रा', 'पत्यसा क्याफे', 'मेरो समय', 'खुशी', 'महको म', 'नथिया' मन पर्छन् ।

तपाईंले पढेका सामाजिक-राजनीतिक किताबमध्ये पाठकलाई कस्ता किताब रिफर गर्न चाहनुहुन्छ ?

- मैले स्नातकोत्तर तहमा प्राध्यापन गरेको थोर्सटिन भेबलिनको 'द थ्यौरी अफ् लिजर क्लास' रिफर गर्न चाहन्छु । यो सामाजिक-राजनीतिक व्यङ्ग्यको अनुपम उदाहरण हो ।

नेपालीमा कस्ता किताब लेखिएका छैनन् ? कस्ता लेखिनुपर्छ ?

- अन्य विधामा नबोलूँ किनभने मेरो अध्ययन पुगेको छैन । तर, अर्थशास्त्रमा बोल्न सक्छु । महेशचन्द्र रेग्मीले लेखेका केही उल्लेखनीय किताबबाहेक नेपालमा हिस्टोरिकल इकोनोमिस्ट नै छैनन् । र, यसको महत्त्व हामी धेरैले बुझेकै छैनौं । यसअलावा इन्स्टिट्युसनल अर्थशास्त्रमा किताब पनि अभाव छन् ।

नेपाली समाज र इतिहासमाथि लेखिएका किताबका कमजोर पक्ष के होलान् ?

- समाज र इतिहासका विषयमा लेखिएका धेरैजसो किताब राम्रै लाग्छन् । कमजोर पक्ष केलाउनतिर नलागौं । बरु मलाई लाग्छ- सूचनाको उपलब्धताको जटिलताले लेखक अन्योलमा पर्नु स्वाभाविकै हो ।

पढ्नु तपाईंका लागि के हो ? आनन्द, बाध्यता कि ज्ञानको अभीप्सा ?

- यो जीवनमा परीक्षा दिनुपर्ने दिन अब सकिएकाले किताब पढ्नु मेरा लागि आनन्द र ज्ञानको अभीप्सा हो । बाध्यता कदापि होइन ।

स्कुल-क्याम्पसमा पढेका कस्ता किताब जीवनमा उपयोगी भए ?

- स्कूले जीवनमा हाम्रा पुस्तकालय भनेकै शिक्षक हुन्थे । हाम्रो समयमा जे पढे पनि कोर्समा भएका ओरिजिनल किताब नै हुन्थे । स्कूल-क्याम्पसमा पढेका किताब सैद्धान्तिक ज्ञानका लागि अहिलेसम्मै उपयोगी छन् ।

घरमा तपाईंसँग कति किताब छन् ? तीमध्ये प्रिय पाँचको लिस्ट बनाउनुस् न !

- घरमा, कौसीमा, थिङ्क ट्यांक कार्यालयको मेरो कोठामा, नेपाल अर्थिक संघको कार्यकक्षमा गरी हजारौं किताब छन् । तीमध्ये यीचाहिँ प्रिय हुन् भनेर लिस्ट बनाउनु सम्भव छैन । पाँच प्रिय किताबको सूची तयार पार्ने विषय साना छोरा-छोरीलाई बा र आमामध्ये को प्रिय भनेर जिस्क्याउनुजस्तो सजिलो होइन ।

तपाईंको आत्मकथा 'आफैंलाई खोज्दा' को कभरमै लेखिएको छ- 'केही छोपिएका, केही उघारिएका' । 'छोपिएका' विषय उघार्नुपर्छ भन्ने किन लाग्यो ?

- यो मैले आफैंलाई खोज्दाको कथा हो- जीवनभरका सुख-दुःखको संकलन । आफ्ना भोगाइलाई आफैंसँग किरिया खाएर जस्ताको तस्तै लेखेको छु । लेखक पनि स्वयं, पात्र पनि आफैं । कतिपय विषय भन्न सकिन्न । त्यसैले लाग्यो- लेख्ने आँट गर्नुपर्छ । लेख्दै गएँ, छोप्न खोजेका विषय उघारिँदै गए, उघार्न खोजेका विषय पनि आवश्यकताभन्दा बढी उघारिए । यो कुरा मैले किताबको 'आरम्भ' मा पनि लेखेको छु ।

बालबालिकालाई 'कोसेली'

राम्रा, नयाँ, सचित्र किताब हात परेको दिन केटाकेटी किताबसँगै रमाउँछन् । खुसी भएर किताब ओल्टाइपल्टाइ गर्छन् । सक्दो छिटो पढिसक्छन् । 'पढ' भन्नै पर्दैन ।

नरेन्द्रकुमार नगरकोटी

सानो छँदा 'चित्र छ कि छैन ?' भन्दै पाना पल्टाउँदै किताबसँग खेलेको सम्झना मजस्तै धेरैसँग हुनुपर्छ । मेरो समयका किताबमा विरलै हुन्थे चित्र । चित्र भए पनि सामान्यतया रङ्गीन हुँदैनथे । किताबका पानामा चित्र छन् कि छैनन् भन्दै अनुमान गर्ने खेल बडो आनन्दको हुन्थ्यो ।

आजकाल हामी प्रायः यस्तो सुन्न अभिशप्त छौं, 'केटाकेटी किताबै पढ्दैनन् ! पढाइमा ध्यानै दिँदैदन् ! भएका किताब पनि पढ्दैनन् !'

अभिभावक/शिक्षकका यस्ता डायलग खारेज गर्न जरुरी छन्- राम्रा, सचित्र किताब । राम्रा, नयाँ, सचित्र किताब हात परेको दिन केटाकेटी किताबसँगै रमाउँछन् । खुसी भएर किताब ओल्टाइपल्टाइ गर्छन् । सक्दो छिटो पढिसक्छन् । 'पढ' भन्नै पर्दैन ।

प्रश्न उठ्छ, कुन किताब राम्रो ? राम्रा किताब कहाँ पाइन्छन् ? यसै सन्दर्भमा, सचित्र किताब प्रालिले एकैपटक प्रकाशन गरेको छ, १० सुन्दर बालकिताब- 'कोसेली' । '३ वर्षदेखि १० वर्षसम्मका बालबालिकाका लागि सचित्र किताबको कोसेली' भनेर चिटिक्कको प्याकेटमा किताबहरू राखी होम डेलिभरी पनि गरिरहेको छ । तिनै दस किताबमाथि संक्षिप्त चर्चा गरौं ।

'आकारको घाउ' रत्न प्रजापतिको कथा हो । चित्रचाहिँ समित श्रेष्ठको । कथामा ग्याजेट नै आकारको साथी हुन्छ । उसका आँखा कमजोर बन्छन् । ऊ हरेक विषयमा पछि पर्दै जान्छ । साथीहरू पनि टाढिन्छन्, ऊ एक्लिन्छ । ग्याजेटको लतले बालबालिकामा पर्ने असरबाट बच्न सचेत गराउँछ कथाले ।

सिर्जना शर्माको लेखन र नीलम भुर्तेलको चित्रमा तयार पारिएको छ 'उपहार' । आदित्यको जन्मदिनको विषयमा लेखिएको कथामा 'के उपहार दिने ?' भन्ने दुविधा प्रस्तुत छ । मौलिक खानालाई महत्त्व र जङ्क फुडलाई निरुत्साहित गर्न कथाले प्रेरित गर्छ ।

'कथा भन्ने खाट' मा शाश्वत पराजुलीले खाटलाई पात्र बनाएर कथा लेखेका छन् । चित्र छ- कृष्णगोपाल श्रेष्ठको । बाआमाले खाट बेच्न लागेको कुरा हजुरबाको कथा सुनेका मिलनलाई मन नपरेको प्रसंगबाट कथा अगाडि बढ्छ ।

'के पो गर्ने खै ?' निर्मला चापागाईको लेखन हो । यसमा अविन श्रेष्ठले बनाएका जीवन्त चित्रहरू छन् । बालबालिकाका मनमा उठ्ने प्रश्न र जिज्ञासालाई चित्रकारले आकर्षक रूपमा प्रस्तुत गरेका छन् ।

'गाउँ खाने कथा' हरूले शोभितमान बनियाका चित्रसँगै केटाकेटीलाई तान्छन् । किताबले केटाकेटीलाई नयाँ विषयमा प्रश्न गर्न, सोच्न, उत्तर खोज्न प्रेरित गर्छ । हरेक पानामा एउटा प्रश्न सोधिएको छ । अन्तिम पानामा उत्तरको सूची पनि छ ।

'चकचके खरायो' लेखक-चित्रकार बियाट्रिक्स पोटरको किताबको नेपाली अनुवाद हो । अनुवाद कृष्णदीप सिग्देलले गरेका हुन् । पोटरकै चित्रहरू भएको किताबमा बादल नाम गरेको साहसी खरायोको कथा छ ।

'चुलबुले च्यान्टु' मा कृष्णदीप सिग्देलको लेखन र सोनाम तामाङको चित्र छ । कथामा चकचक गर्ने सानो बाँदरलाई रोचक किसिमले प्रस्तुत गरिएको छ ।

सुशीला खनालको लेखनमा दीपक गौतमका चित्रले सजिएको किताब हो 'प्यारी' । आमा र सन्तानको मायालाई मूल विषय बनाइएको किताबका हरेक पानामा भाका हालेर गाउन मिल्ने गरी शब्द बुनिएको छ ।

रोशन पोखरेलको कथा 'भूत' मा सुमन महर्जनले चित्र बनाएका छन् । अनिलले राति भूत देखेको प्रसंगले डर लागे पनि अन्तमा रमाइलोसँग कथा टुङ्ग्याइएको छ ।

'लोभी कुकुर' इसापूर्व ६२० मा जन्मेका इसप कथाको पुनर्लेखन हो । कृष्णदीप सिग्देलको लेखन भएको किताबमा सोनाम तामाङको चित्र छ । इसपका कथालाई नेपाली परिवेशअनुसार रोचक ढंगले लेखिएको छ ।

'कोसेली' का यी १० किताबको सम्पादन कृष्णदीप सिग्देलले गरेका हुन् । छरितो-आकर्षक साजसज्जामा तयार पारिएका किताबहरूका कागज तथा छपाइ अब्बल छ ।

(नगरकोटी मासिक बालपत्रिका 'बाल उदय'का सम्पादक हुन् ।)

‘सर्पसँग के को डर ?’

सर्पले हाम्रो पारिस्थितिक प्रणालीमा सिकारी र सिकारको दोहोरो भूमिका खेलेको हुन्छ । यिनले बाली विनाशकहरूको संख्या घटाइदिन्छन् । नाशकारी महामारी फैलाउने मुसाविरूद्ध लड्ने अथक र विश्वासिला सहयोगी हुन् सर्पहरू । पर्यावरणमा सर्पको स्थान अत्यन्त महत्त्वपूर्ण छ ।

केआर खम्बू

एजेन्सी

सर्प शब्द सुन्नासाथ हाम्रो मस्तिष्कमा एउटा चित्र सलबलाउँछ- हात-खुट्टाविहीन सामान्य रूपमा घस्रेर हिँड्ने एक जीव । सरीसृप वर्गको यसको शरीर लाम्चो डोरीजस्तो र कत्लाले ढाकिएको हुन्छ । सामान्यतः सर्पको शरीरलाई टाउको, घाँटी, जीउ र पुच्छर गरी चार खण्डमा बाँडिएको हुन्छ । यसको टाउको पनि प्रजातिअनुसार विभिन्न आकारका हुन्छन् । पुच्छर पनि जमिन र समुद्रमा बस्ने प्रजातिको बेग्लाबेग्लै हुन्छ । सबै सर्पको आँखाको ढकनी नहुने भएकाले यसले हामीलाई ट्वाल्ल परेर हेरिररहेझैं देखिन्छ र प्रायः मानिस त्यसैकारण तर्सिने वा डराउने गर्छन् । नेपालको हिमाल, पहाड, चुरे तथा समतल तराई तीनवटै भूभागमा विभिन्न खाले सर्पहरू छरिएर बस्ने गर्छन् ।

संसारभरि ३५०० प्रजातिका सर्प भएको तथ्यांक छ । तीमध्ये जम्मा ६०० प्रजातिका सर्प मात्रै विषालु मानिन्छन् । त्यस्तै भारतमा २७१, चीनमा २०९ र नेपालमा ७७ प्रजातिका सर्प पाइएका छन् । यसमा १० सेमि मात्र भएको अन्धा सर्पदेखि ६ मिटर लामोसम्मका अजिंगर र राजगोमनसमेत पर्छन् । सर्पका यी प्रजातिमध्ये जम्मा २०५ जति मात्रै विषालु हुन्छन् भने बाँकी विषरहित हुन्छन् । भारतमा ६१, चीनमा ३५ र नेपालमा २१ प्रजातिहरू मात्र विषालु सर्पका रूपमा चिनिएका छन् । त्यसमा पनि गोमन, करेत, पुवाले (कोरल) सर्प, रसेल्स भाइपर र सोऊ-स्केल्ड भाइपर गरी जम्मा चार प्रजातिका सर्पचाहिँ निकै घातक मानिन्छन् ।

मेरुदण्डीय समूहको सरीसृप वर्गभित्र पनि उपवर्ग छन् । तीमध्ये केही हुन् : शरीरमा कडा खबटा भएको टेस्टुडाइन उपवर्ग (कछुवाहरू), ठूलो शरीर, आँखाको डल्लो उभोतिर फर्केको, थुतुनोमाथि नाथ्री उठेको आदि भएको क्रोकोलिडा उपवर्ग (गोहीहरू), शरीरभरि कत्ला भएको, खुट्टा भएका वा नभएका, पुच्छर लामो वा छोटो भएका आदि गुण भएका स्क्वामाट उपवर्ग । स्क्वामाट उपवर्गमा छेपारा तथा सर्पहरू पर्छन् । नेपालका सर्पहरूलाई स्क्वामाट उपवर्ग (अर्डर) को सर्पेन्टिज भन्ने सबअर्डरमा राखिएको छ । यस सबअर्डरलाई बोइडी, कलुब्रिडी, इलापिडी, भाइपेरेडी र डाइफ्लोपिडी गरी जम्मा पाँच परिवारमा बाँडिएको छ । यी हरेक परिवारले सर्पहरूका बेग्लाबेग्लै गुण सामूहिक रूपमा देखाउँछन् । हरेक परिवार विभिन्न गुण भएका जाति वा प्रजातिमा बाँडिएका छन् । ठूलो शरीर र ढिलो हिँडाइ भएका सर्प बोइडी परिवारभित्र पर्छन् । जस्तै : पाडे अजिङ्गर (पाइथन मलुरस), चिचिन्डे वा बाउन्ने अजिङ्गर (इरिक्स कोनिकस) आदि ।

साधारण खाले सर्पहरू कलुब्रिडी परिवारमा पर्छन् । सर्पको जगत्मा यो सबैभन्दा ठूलो परिवार हो । यसका पेटतिरका कत्लाहरू पिठ्युँतिरको भन्दा निकै ठूला र प्रायः शरीरको जत्रै चौडा हुन्छ । यस समूहका प्रजातिहरू घातक खालका विषालु छैनन् । हरहरा सर्प (एम्फिस्मा स्टोलाटम), गहने सर्प (इलाफे फोरफाइरेसिया), धामन सर्प (टाइयस म्युकसस) आदि यस समूहमा पर्छन् ।

बाटुलो टाउको, खबटे कत्ला, छरितो जीउ, बढी सुल्कने क्षमता भएका सर्पहरू इलापिडी परिवारमा पर्छन् । यस परिवारका सबै सर्प अति विषालु हुन्छन् । एक थोप्ले गोमन (नजा काउथिया), दुई थोप्ले गोमन (नजा नजा), राजगोमन (ओफियोफ्यागस हान्ह) तथा करेटहरू (बंगरस स्पेक) यस समूहमा पर्छन् ।

च्याप्टो तीनकुने टाउको, घाँटी साँघुरो, जीउ पोटिलो, मसिना कत्ला, नाथ्रो र आँखाको बीचमा खोपिल्टा परेको पिट, ठाडो परेको आँखाको नानी, सुल्कने शरीर भएका गुर्भे (ओभोफिस मन्टिकोला), हरेउ (टाइमेरेसुरस ग्रामेनी) आदिलाई भाइपेरेडी परिवारमा राखिएका छन् । यसैगरी सानो झिनो शरीर भएको तथा आँखाको थोप्ला मात्र भएको साथै करिब १० सेमि जति मात्र लम्बाइ भएका साना गनेउले (ट्याम्फोटाइफ्लप ब्रामिनी) आदिलाई टाइफ्लोपिडी परिवारमा राखिएका छन् ।

विषालु सर्पका कुरा

सर्प विषालु हो कि विषरहित भन्ने बुझ्न यसका दन्तीकरणमा विष दन्त (फ्याङ) को अध्ययन गर्नुपर्छ । यसैको आधारमा सर्पलाई तीन समूहमा बाँड्न सकिन्छ ।

पहिलो ओपिस्थोग्लिफ अर्थात् पाश्चदन्त समूहको सर्पको विष दन्त मुखेओडारको पछिल्लो भागमा हुन्छ र यो विशेष खोलभित्र हुन्छ । यसर्थ यो पाश्चदन्तलाई डस्न निकै समय लाग्छ । यसले विरलै मात्र टोक्ने गर्छ । यस समूहमा कलुब्रिडी परिवारका (साभे, बिराले, माटे) सर्पहरू पर्छन् । यस परिवारमा पर्ने याब्डोफिसबाहेक अन्य सबै प्रजाति विषरहित मानिन्छ ।

दोस्रो प्रोटोग्लिफ अर्थात् अग्र अचल विषदन्तधारी समूहका सर्पको विषदन्तको अवस्थिति मुखेओडारको अघिल्तिर हुन्छ, जसले गर्दा कुनै वस्तुलाई झट्टै टोक्न सजिलो हुन्छ । मुख उघ्रनासाथ यसका विषदन्त पनि ठाडो पर्ने भएकाले सिकार टोक्दा सीधै दाँत गाडेर विषलाई शरीरभित्र छिराइदिन्छ, जसकारण मान्छे वा सिकार तुरुन्त मर्न सक्छ । यस समूहका सबै सर्प (गोमन, राजगोमन, करेत आदि) घातक र विषालु हुन्छन् ।

तेस्रो सोलेनोगलिफ अर्थात् चल अग्रदन्त समूहको सर्पको विष मुखेओडारको अग्रभागमै भए पनि यो यताउति चल्न सक्छ । आवश्यक परेको बेला बाहिर निस्कन्छ र अरू बेला पछिल्तिर दोब्रिएर रहन्छ । यसमा नेपालमा पाइने गुर्भे समूहका सबै सर्प पर्छन् । यिनीहरू निकै विषालु हुन्छन् । सर्पको विषदन्तको अवस्थिति र बनावटले यसको विषालुपनको स्तर निर्धारण हुन्छ ।

वातावरण र सर्प

सर्पसँग तर्सिने वा घिनाउने मनोविज्ञान बोकेर बाँचेका छौं हामीहरू । त्यसो त नागपञ्चमी वा अन्य बेला जातिअनुसार, सर्पको पूजा गर्ने प्रथा पनि छ । तर, सर्पलाई मायाले होइन त्रासले हेरिन्छ ।

वास्तवमा सर्पले हाम्रो पारिस्थितिक प्रणालीमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसले खाद्य सञ्जाललाई सन्तुलनमा राख्छ । सर्पले पारिस्थितिक प्रणालीमा सिकारी र सिकारको दोहोरो भूमिका खेलेको हुन्छ । यिनले बाली विनाशकहरूको संख्या घटाइदिन्छन् । बाली ध्वस्त पार्ने रोगवाहक मुसा तथा अन्य साना स्तनधारी विनाशकलाई खाइदिन्छन् । नासकारी महामारी फैलाउने मुसाविरुद्ध लड्ने अथक र विश्वासिला सहयोगी हुन् सर्पहरू । यसैले सर्पलाई मार्नु हुँदैन । प्रकृतिले सर्पलाई विषग्रन्थि तथा विषदन्त मानिस डस्न होइन, आफ्नो खाद्य शृंखलाभित्र भोजन प्राप्त गर्न र सिकार खेल्न दिएको हो । जलचर सर्पले पानीमा रहेका दूषित पदार्थ वा जन्तु खाई पानी स्वच्छ राख्छ । पाखामा बस्ने सर्पले बालीनालीमा लाग्ने हानिकारक कीटपतंग खाइदिन्छ । रूखजीवी सर्पले बगैंचाका फल लाग्ने रूखमा बस्ने विभिन्न सिकारी जन्तुलाई मार्छ । यसरी पर्यावरणमा सर्पको स्थान सधैं महत्त्वपूर्ण छ ।

अनौठा स्वभाव

सर्पको एउटा अनौठो स्वभाव के भने यसले जिब्रोले सुँघ्छ । हाम्रो जिब्रोको काम चपाउनु र निल्न सहयोग गर्नु हो भने सर्पको जिब्रो सुँघ्नलाई हो । यसर्थ सर्पले कतै हिँड्दा वा रिसाउँदा जिब्रो छिटोछिटो बाहिर निकाल्दै चलायमान बनाउँछ । हाम्रो जिब्रोमा स्वाद थाहा पाउने ‘स्वाद कोपिला’ भन्ने ज्ञानेन्द्रिय हुन्छन् तर सर्पको जिब्रोमा यो हुँदैन । यसर्थ सर्पको जिब्रोले स्वाद होइन गन्ध पत्ता लगाउने काम गर्छ । यसले गन्ध मात्रै होइन दिशा पत्ता लगाउन, खाने कुरा चिन्न तथा आफ्नो प्रजाति पहिल्याउनसमेत सघाउँछ । जिब्रो निकालिदिने हो भने सर्प बाटो पहिल्याउन, सिकार पत्ता लगाउन तथा आफ्ना समुदायसँग सम्पर्क राख्न असमर्थ हुन्छ । समग्रमा जिब्रोको अभावमा सर्पहरू असहाय भई मर्न पनि सक्छन् ।

सर्पको बाह्य कान नभएकाले हामीले झैं सुन्दैनन् । तर, पूरै बहिराचैं हुन्नन् । यिनीहरूको कानको अवशेष भित्रबाट चिउँडोको हड्डीसँग जोडिएको हुन्छ । त्यसमा बाह्य ध्वनिका तरंग ठोक्किँदा कम्पन पैदा भई कुनै पनि वस्तुबाट आएको आवाज सर्पले सुन्न सक्छ । यसर्थ सुरिलो बाजा, बिन, दमाहा, ढोल आदि बजाउँदा सर्पको पूरै शरीर कम्पन भई कि तुरुन्तै भाग्छ कि लट्ठिएर यता-उता चलमलाउन थाल्छ ।

सर्पदेखि व्यापक डराउने युगौंदेखिको परम्परालाई अब हामीले तोड्नुपर्छ । नयाँ पिँढीलाई सिकाउनुपर्छ- सर्पसँग डराउने वा त्यसलाई घृणा गर्ने होइन बरु प्रकृतिको अभिन्न अंग मानेर माया र संरक्षण गर्ने पाठ । माथि नै लेखियो- हिन्दु समाजमा सर्पको प्रतीक नागलाई नागपञ्चमीमा पूजा गर्ने चलन छँदै छ । अझ हिन्दुशास्त्रमा सातटाउके शेष नागमा विष्णु सुतेको, शिवको गलाको गलबन्दी गोमन भएको, समुद्र मन्थन गर्दा मदानीको नेती नाग (सर्प) भएको चर्चा छ ।

उहिले किरात क्षेत्रमा पनि राईहरूले बर्सेनि होइकुमाङ (खोलादेउ) पुज्ने भनी केराको पातमा सर्पको आकृति बनाई खोला वा धारा वा पँधेरोमा लगी पुज्ने चलन थियो । भोजपुरको होमतोक भन्ने ठाउँनजिक नागछाँगा भन्ने ठाउँ छ, जहाँ एउटा ठूलो ओढारमा झरिरहेको झरनाको ढुंगामा सर्पका आकृतिहरू बनेकोलाई नाग भनेर पूजिन्छ साथै त्यहाँ छेउछाउका सर्प नमार्ने चलन पनि थियो । यसरी हरेक सम्प्रदाय वा समाजमा सर्पलाई मार्ने होइन पुज्ने संस्कार छ । तथापि सर्प मार्ने हाम्रो खराब प्रवृत्ति छँदै छ ।

सर्पलाई शत्रुवत् होइन मित्रवत् व्यवहार गर्नुपर्छ । अहिलेको विकास निर्माणको चपेटामा परेर प्राकृतिक बासस्थान नष्ट भई ज्यान जोगाउन सर्पहरू मानव बस्ने क्षेत्रतिर आइरहेका छन् । ती बेवारिसे सर्पलाई मार्ने होइन, उद्धार गरेर सुरक्षित रूपमा नजिकैको जंगलमा पुऱ्याइदिनुपर्छ । कहिलेकाहीं सर्प व्यस्त सडकमा निस्केर घाम ताप्न वा बाटो काट्न लागेको देखिन्छ । यस्तोमा गाडी चालकले यिनलाई निर्दयतापूर्वक किचेर मार्ने होइन बाटो काट्ने अवसर दिई बचाउनुपर्छ ।

र, सर्पलाई मार्ने होइन, संरक्षण गर्नुपर्छ भन्ने भावना सिर्जना गर्नुपर्छ । सर्प-डसाइ आक्रमण होइन, एक दुर्घटना हो ।

‘प्रतीक’ प्रोफाइल

साँझ परेपछि वीरगन्ज आइपुग्ने ‘गोरखापत्र’ र भारतीय अखबार पढ्ने बानी थियो मानिसहरूको । ‘प्रतीक’ को टिम गल्ली-मोहल्ला, सडक घुम्थ्यो र हातमा ‘प्रतीक’ लिएर यो आजैको अखबार हो, यसमा आफ्नै समाचार छ भनी मानिसहरूमा विश्वास भर्न लागिपर्थ्यो ।

खिमलाल देवकोटा

कोरोनाले निम्त्याएको तनावबीच ‘प्रतीक’ दैनिकले भदौ १ गते आफ्नो ३४औं वार्षिकोत्सव अन्य वर्षझैं धुमधामले होइन, अति सामान्य प्रकारले मनायो । यो लेख काठमाडौंबाहिरबाट छापिने एउटा पत्रिकाको जीवन-संघर्ष हो । एक पत्रिकाको प्रोफाइल । २०४४ साल साउन २८ गते ‘प्रतीक’ को पहिलो अंक प्रकाशन भएको थियो । ‘प्रतीक’ को संघर्षसँग मेरो जीवनका पनि केही हिस्सा जोडिएका छन् । मेरो मस्तिष्कमा पुरानो समय ओहोरदोहोर गर्छ ।

वीरगन्जबाट प्रकाशित हुने ‘प्रतीक’ का सम्पादक जगदीश शर्मासँग भेट नभएको भए सम्भवतः पाठकहरूसँग मेरो यस रूपमा भेट हुँदैनथ्यो । उहाँसँग चिनाउने काम कलेजका मित्र बभ्राडबाट वीरगन्ज पढ्न आएका धर्मदेव जोशीले गरे । ठाकुरराम क्याम्पसमा स्नातक पढ्दा हामी एकै घरमा डेरा बस्थ्यौं ।

२०६० सालतिर डा. दीपक शाक्यको अनुरोधमा वीरगन्ज पब्लिक कलेजमा अर्थशास्त्र अध्यापन गर्न वीरगन्ज जाँदा धर्मदेव जोशी ‘प्रतीक’ मा जागिरे थिए । जोशीको सल्लाह र जगदीश शर्माको अनुरोधमा मैले ‘प्रतीक’ मा आर्थिक विषयमा लेखहरू लेख्न सुरु गरें । सम्पादक जगदीश शर्माले औद्योगिक-व्यावसायिक नगरी वीरगन्जलाई लक्षित गरी हरेक साता अर्थ-पृष्ठ निकालौं भन्ने प्रस्ताव ल्याउनुभयो र पृष्ठ संयोजनको जिम्मा मलाई दिनुभयो । ‘प्रतीक’ मा प्रत्येक शुक्रबार अतिरिक्त दुई पृष्ठ प्रकाशित हुन्थ्यो- अर्थ, वाणिज्य विषयमा । अध्ययनका निम्ति २०६४ सालमा मैले वीरगन्ज छाडें । आफ्नो विषयमा निपुण, पेसाप्रति इमानदार र समर्पित जगदीश शर्मा अनि उहाँको टिमबाट पूर्ण लाभान्वित हुने अवसर मैले प्राप्त गरें । उबेलाका साथीहरू शत्रुधन नेपाल, प्रताप श्रेष्ठ, आरके पटेलजस्ता पुराना र स्थापित पत्रकार अहिले पनि ‘प्रतीक’ मा आबद्ध छन् ।

२०४४ सालमा अरूकै लेटर प्रेसमा छापिने ‘प्रतीक’ पछि आफ्नै लेटर प्रेसबाट प्रकाशित हुन थालेको थियो । जगदीश शर्माले त्यसबेला काठमाडौंबाट पुरानो फ्ल्याट मेसिन खरिद गरी दैनिक पत्रिका निकाल्ने प्रयास गर्नुभयो तर त्यस प्रविधिले नभ्याउने देखेर साप्ताहिक प्रकाशनमै सन्तोष मान्नुभएको थियो । २०४६ सालको परिवर्तनपश्चात् थुप्रै पत्रपत्रिका प्रकाशित हुन थाले । २०५३ सालमा बैंकबाट ऋण लिएर ‘प्रतीक’ दैनिक रूपमा छाप्न थालियो ।

वीरगन्जका लागि त्यो पहिलो डेस्कटप प्रिन्टिङको सुरुआत थियो । थुप्रै प्राविधिक कठिनाइ थिए । जनशक्ति थिएन, पाठकलाई समाचार ताजा हो भन्ने विश्वास दिलाउन कठिन थियो । साँझ परेपछि वीरगन्ज आइपुग्ने ‘गोरखापत्र’ र भारतीय अखबार पढ्ने बानी थियो मानिसहरूको । ‘प्रतीक’ को टिम गल्ली-मोहल्ला, सडक घुम्थ्यो र हातमा ‘प्रतीक’ लिएर यो आजैको अखबार हो, यसमा आफ्नै समाचार छ भनी मानिसहरूमा विश्वास भर्न लागिपर्थ्यो ।

मानिसहरू राजनीतिक समाचार बढी चाहन्थे । तर, प्रतीकले समाचार र विभिन्न किसिमका अन्य पठनीय सामग्री पस्केर सबै स्वादका पाठकको चाहना तथा रुचिलाई केही हदसम्म भए पनि परिवर्तन गऱ्यो । अब पाठकहरू बिहानीको चियासँगै प्रतीकको प्रतीक्षा गर्न थाले । माओवादी ‘जनयुद्ध’, राजा वीरेन्द्रको वंश नासका खबरलाई विश्वसनीय रूपमा पस्किन्थ्यो प्रतीकले । र, बिस्तारै पत्रिका जनजनसम्म पुग्न सफल भयो । पर्सा, बारा र रौतहट जिल्लाका कुनाकाप्चासम्म यो पहिल्यै पुगिसकेको थियो । पूर्वमा दमकसम्म पुगेको थियो भने सिन्धुलीमा स्थानीय अखबारजस्तै मान्यता पाएको थियो । एकाबिहानै जनकपुर पनि पुग्थ्यो भने पश्चिममा चितवनसम्मै बजार विस्तार गरेको थियो । माओवादी युद्धताका विभिन्न पक्षबाट निरन्तर यातायात बन्द हुन्थ्यो । त्यसबेला बारा-रौतहटका अधिकांश गाउँमा रक्सौल हुँदै भारतीय रेलबाट पत्रिका पुऱ्याइन्थ्यो । यस काममा भारतीय संवाददाताले सघाउँथे । भारतको रक्सौलसम्मै प्रतीकको गहिरो प्रभाव थियो । म पत्रिकामा रहँदासम्म एक जना कम्युटर अपरेटर थिए, रक्सौलबाट काम गर्ने ।

मोसफलको पत्रिका भए पनि यसमा विद्वान्, लेखक, पत्रकार, सांसदहरू, अधिवक्ता, मन्त्रीहरूले आफ्नो संलग्नता जनाएका छन् । बाराबाट प्रतिनिधित्व गर्ने सांसदद्वय फरमुल्लाह मन्सुर र पुरुषोत्तम पौडेल (दुवै जना मन्त्रीसमेत भए), रामनारायण बिडारी, लेखकहरू ध्रुवचन्द्र गौतम, वेदव्यास न्यौपाने, पत्रकारहरू चन्द्रकिशोर र गिरीश गिरी एक कालखण्डमा प्रतीकसँग संलग्न थिए ।

प्रतीक साप्ताहिकबाट दैनिक बनेपछि मात्रै राष्ट्रिय ‘क’ वर्गको पत्रिकामा दरिएको होइन, साप्ताहिक छँदै सम्भवतः मोफसलबाट प्रकाशन हुने पत्रिकामध्ये पहिलो ‘क’ वर्गको पत्रिका थियो । मोफसलमा राससको अनलाइन समाचार खरिद गर्ने, फोटो छाप्ने पहिलो पत्रिका पनि हो यो ।

पञ्चायतकालमा जन्मेको यो पत्रिका शून्यबाट आरम्भ भएको हो । जगदीश शर्मा भन्नुहुन्छ- त्यसबेला अभिव्यक्ति दिने स्वतन्त्रताका लागि मात्र केही कालसम्म पत्रिका चलाउने सोच थियो । किनभने पत्रिकामा लगानी गर्न पर्याप्त पैसा थिएन । पछि पत्रकारिता बानी बन्यो । तर, पत्रिकाका लागि पर्याप्त विज्ञापन थिएन । विज्ञापनलाई कृपा ठानिन्थ्यो । त्यसैले कृपास्वरूप राजाको जन्मदिन, दसैंजस्ता पर्वमा मात्र शुभकामना विज्ञापन हात लाग्थ्यो । संवाददाताहरू निःशुल्क काम गर्थे । आफ्नो पारिश्रमिक यस्तै ‘कृपा-विज्ञापन’ बाट असुल गर्थे । धेरै प्रयासपछि विज्ञापन आउन थाल्यो तर त्यसको रूप बार्टर-शैलीको थियो । अर्थात् ‘विज्ञापन छाप, उत्पादित वस्तु लेऊ ।’

तत्कालीन शाही नेपाल वायु सेवा निगमले विज्ञापन तथा उसका एयरक्राफ्टमा अखबार राखेबापत केही टिकट दिन्थ्यो । वीरगन्जका हालका मेयर विजय सरावगीका पिता चिरञ्जीवी सरावगीले साबुन कारखाना खोलेका थिए, विज्ञापन छापेबापत पत्रिकालाई केही दर्जन साबुन दिन्थे । एक फर्निचर उद्योगले विज्ञापन छापेबापत एउटा पलङ नै दिएको थियो । तर, समस्या आयो स्व. बिहारीलाल लाठको समयमा । उनको बिँडी बनाउने उद्योग थियो । बिँडी लिने कुरा आएन, वर्षभरि विज्ञापन छापेबापत १२ सय रुपैयाँ दिएका थिए । ‘यो नै पत्रिकाको पहिलो वर्षको पहिलो व्यावसायिक विज्ञापन थियो’ जगदीश शर्मा भन्नुहुन्छ ।

सरकारले लोककल्याणकारी विज्ञापनबाहेक अरू सहयोग गर्दैन, त्यो पनि ६ महिना, वर्ष दिनपछि भुक्तानी दिन्छ । भुक्तानीको ठेगान हुँदैन । देशका ठूला औद्योगिक घराना वीरगन्जकै हुन् तर वीरगन्जका अखबारहरूमा तिनका विज्ञापन छापिँदैनन् । एउटालाई दियो भने बाँकी दैनिकले दिक्क पार्न थाल्छन्, विज्ञापन नपाएपछि तथानाम लेख्न सुरु गर्छन् । त्यसैले न कुनै अखबार उँभो लाग्न पाएको छ न पत्रकारहरूको नै सम्मान भएको छ ।

२०५३ साल साउनमा प्रकाशित भएको प्रतीकको नमुना अंकदेखि नै शनिवारीय परिशिष्टांक ‘वाटिका’ पनि छापिन सुरु भयो । यसमा विद्यालयका साना बालबालिकादेखि लेखक, साहित्यकारहरूका लेखहरू प्रकाशित हुँदै आएका छन् । यसै संस्थाको कार्यालयमा गजलकार घनश्याम परिश्रमी, धर्मेन्द्र भट्टराई, चन्द्रकिशोरलगायतको उपस्थितिमा २०५३ सालमा प्रत्येक महिनाको अन्तिम शनिबार सुरु भएको ‘प्रभात काव्ययात्रा’ आजपर्यन्त जारी छ । सुरुको दिनमा प्रतीकले ‘जमर्को’ साहित्यिक पत्रिका पनि सुरु गरेको थियो तर दुई अंक प्रकाशित भएर त्यो थन्कियो ।

पत्रकारिता, यसमा संलग्न व्यक्तिहरूका लागि लोकधर्म हो भन्ने मान्यता राख्ने जगदीश शर्माले प्रतीक साप्ताहिकको पहिलो अंकको पहिलो पानामा आफ्नो आचारसंहिता छाप्नुभएको थियो । नेपाल पत्रकार महासंघले २०५३ सालमा वीरगन्जमा सम्पन्न अधिवेशनमा मात्रै पत्रकारहरूको आचारसंहिता निर्माण गरेको हो । यस धर्ममा अडिग रहँदा उहाँले गरेको संघर्षको म पनि साक्षी छु । जस्तोसुकै प्रलोभनमा पनि कहिल्यै नझुक्ने नैतिक बल, त्यही आचारसंहिताका कारण प्राप्त गरेको उहाँ बताउनुहुन्छ । राजा ज्ञानेन्द्रको शासनकालमा उहाँलाई वीरगन्जको मेयर बन्ने प्रस्ताव आएको थियो, जसलाई उहाँले तत्काल अस्वीकार गरेर बरु पत्रकारिताबाट हुन सक्ने राम्रो काममा सहयोग र सुझाव दिन्छु भनेको मलाई राम्ररी स्मरण छ ।

पत्रकारिताप्रति यसै अडानका कारण माओवादी युद्ध, मधेस आन्दोलनताका पनि निर्भय र तथ्यगत समाचार सम्प्रेषण गर्न सजिलो भएको जगदीश शर्माको ठम्याइ छ । एकपटक माओवादीहरूले आफूविरुद्ध समाचार लेखेको भनेर अनकण्टार स्थानमा उहाँलाई बोलाएका थिए । उहाँ निर्भीक भएर जानुभयो र आफ्नो पक्षको कुरा राख्नुभयो । माआवादीले राखेको आफ्ना लागि काम गर्नुपर्ने सर्त उहाँले अस्वीकार गर्नुभयो । उहाँले भन्नुभयो– समाचार जसको होस्, लोकहितमा छ भने लेख्छु, होइन कारवाही गर्नु छ भने म आएको छु गर्नुस् । त्यसपछि माओवादीले उहाँलाई खाना खुवाएर बिदा गरे ।

पछि ‘सूर्य नेपाल’ कम्पनीका तीन जनाको अपहरणपछि, उनीहरूको सकुशलताको साक्षी बनाउन अन्य व्यक्तिका साथ जगदीश शर्मालाई पनि बोलाएको मलाई सम्झना छ । एकातिर माओवादीको यस्तो चेप थियो भने अर्कोतिर सरकारको दृष्टि जहिले पनि प्रतीकप्रति सन्देहात्मक बनिरहन्थ्यो । यहाँसम्म कि रौतहटमा २०५६ साल चैत १५ गते नेपाली कांग्रेसका तत्कालीन मन्त्री आफताब आलमको घरमा माओवादीले आक्रमण गर्दाको खबर छापेबापत सो सम्बन्धमा गठन भएको छानबिन आयोगले समेत उहाँलाई समाचार कसरी प्राप्त भयो, माओवादीसँग के सम्बन्ध छ भनी व्यापक सोधखोज गरेको थियो ।

केही पक्षबाहेक दोस्रो मधेस आन्दोलनलाई समर्थन गरेको प्रतीकको कार्यालयमा, आफूअनुसार नलेखेको भन्दै आन्दोलनकारीले तोडफोड गर्दा लाखौं रुपैयाँको क्षति भएको थियो । त्यस बेलाको त्रासले धेरैले प्रतीकसँग आफ्नो सम्पर्क नै तोडेका थिए । तर पछि तिनै मधेस आन्दोलनका पक्षधरहरूले सार्वजनिक मञ्चबाट प्रतीकको तारिफ गरेका थिए ।

जगदीश शर्मा उमेरले सत्तरी पुगिसके । तर, सम्पादकीय काममा अहिले पनि निरन्तर खट्छन् । मोफसल पत्रकार जगत्का लागि उनी धरोहर हुन् । प्रतीकले बनाएको बेग्लै पहिचान जोगाउन यसको स्थायित्व र निरन्तरताको जरुरी छ ।

अङ्ग्रेजीमा कविता अनुवादको मोह

एकपटक अनुवाद भएर खुस्किएपछि, त्यसले प्रभाव पारिसकेपछि त्यसलाई सुधार्ने कुनै उपाय हुँदैन । कवि रवीन्द्रनाथ ठाकुरले समेत वृद्ध अवस्थामा कसरी यो अनुवाद मोहमा फसेर कविता ध्वस्त पारेंछु भनेर एक जना अङ्ग्रेज मित्रलाई लेखेका छन् । राम्रा कविता लेख्नेले अनुवादमा बग्नुअघि सोचेको राम्रो ।



अभि सुवेदी

गएको हप्ताको अमुक राति ढिलो केन्द्रीय अङ्ग्रेजी विभागमा पढाउने मेरा एक पूर्व विद्यार्थी महेश पौडेलले फोन गरे । यिनले धेरै नेपाली कविताहरू अङ्ग्रेजीमा अनुवाद गरेका छन् । कुनै सम्पर्कले गर्दा अनि कुनै केही पारिश्रमिक लिएर पनि गर्दा हुन् । सोधेको छैन । उनले भने, 'यो के भइरहेको हो ? तपाईंले पनि अनुवाद गर्नुभएको छ ।' मैले भनें, हो कालक्रममा निकै अनुवाद गरिसकेंछु । मलाई आफूले अङ्ग्रेजीमा अनुवाद गरेका सबै कवितामा सन्तोष लाग्दैन । कविताअनुसार पनि हुन्छ होला । एउटा समझदारीले, कुनै अनुरोधले वा कुनै आवश्यकताले अनुवाद गरिदिएका छन् मैले कविताहरू । तिनको प्रयोग गर्दा कविलाई राम्रो भयो र केही मानिसले तिनको परिचय पाए भने मलाई खुसी नै लाग्छ । तर, यो विषय यहाँ लेख्न लागेको होइन ।

मैले बुझेअनुसार महेशको चिन्ता अनुवाद गरिदिएका कविताको कसले कस्तो प्रयोग गर्न थालेका छन् भन्ने विषयमा आधारित थियो । कुनै विदेशी सञ्जालमा कविता पाठ गर्ने लहर चलेको विषय थियो, जसमा उनका निकै अनुवाद थिए । तर कति अनुवादकले किताबै तयार गरेका हुन्छन्, जुन अवस्थामा त्यो विषय कपिराइटसँग जोडिन्छ । अनुवादक भन्छन्, कसैले ती अनुवाद प्रकाशित गर्न वा कुनै प्रयोग गर्न अनुवादकको सहमति लिनु त के एउटा साधारण रूजमा जानकारीसम्म दिंदैनन् ।

तर मेरो यो लेखको विषय नेपाली कविताको अङ्ग्रेजी अनुवाद त हो तर छलफलको पाटो अर्कै छ । नेपाली कविता अङ्ग्रेजीमा अनुवाद गर्ने एउटा अनौठो शक्ति र सम्बन्धको चाहनासँग जोडिएको देखिन्छ नेपालमा । कवि आफ्ना नेपाली कविता अङ्ग्रेजीमा अनुवाद गराएर स्वभावत: अलिक व्यापक रूजमा फैलिन चाहन्छन् । अङ्ग्रेजीमा अनुवाद गर्नुको चाहना एउटा शक्ति र राजनीतिक मनोग्रन्थि पनि हो । म त्यसलाई अत्यन्त स्वाभाविक मान्छु ।

राणा शासन समाप्त भएको केही वर्षपछि नै महाकवि लक्ष्मीप्रसाद देवकोटा र अरू अङ्ग्रेजी जान्ने युवाहरूले मिलेर कवितामूलक 'इन्द्रेनी' साहित्यिक पत्रिका चलाए । यसको एउटा सम्पादकीयमा महाकविले लेखे, 'यी अनुवादहरू अङ्ग्रेजीमा गरिएका छन् । यसको कारण के हो भने यो अङ्ग्रेजी भाषा भारतमा खासगरी डेकन प्रान्तमा र एसिया र विश्वमा व्यापक रूजमा प्रयोग गरिन्छ ।' (इन्द्रेनी, वर्ष १, सन् १९५६:१७४) । बलिया नेपाली कविता अङ्ग्रेजीमा अनुवाद गरिए । महाकविका युवा सहयोगी भीमदर्शन रोका पनि थिए तर शैलीको प्रयोग र भाष्यबाट हेर्दा महाकविले नै सबै अनुवाद गरेका थिए । केही अङ्क चलेपछि यो पत्रिका बन्द भयो तर यसले आफ्नो इतिहास बनाएको छ ।

'इन्द्रेनी' कविहरूको योजना थियो र यसलाई आधिकारिक बनाउने चाहना रहेको थियो । यो चानचुने कुरा थिएन । नेपाल अङ्ग्रेजको साम्राज्यभित्र नभएको र अङ्गेजी भाषा शिक्षामा बाहेक त्यति प्रयोग नहुने भएकाले साहित्यकारहरूको यसलाई प्रयोग गर्ने चाहनामा केही भाषिक रोमाञ्चकता थियो । यो भाषामा कविता अनुवाद गरेर प्रकाशन गरियो वा कतै विदेशी र अरूभाषी छिमेकीहरूका गोष्ठीहरूमा उठेर पाठ गरियो भने त्यसबाट अमुक शक्ति वीक्षित गर्न सकिन्छ भन्ने मनोग्रन्थि बनिएको थियो जुन अहिले झन् व्यापक भएको छ ।

'इन्द्रेनी' पछि यो स्तरको योजना र प्रयोग न व्यक्तिले गर्न सके, न एकेडेमीले नै गर्‍यो । त्यो अर्कै छलफलको विषय हो । व्यक्तिगत रूजमा अङ्ग्रेजीमा अनुवाद गरेर आफ्ना कविता प्रचारमा ल्याउने कवि लेखकहरू थिएनन् । राम्रो अङ्ग्रेजी जान्ने नेपालीमा लेख्न जान्दैनथे । बालकृष्ण समकोमा म गइरहने युवा भएकाले उनले मलाई बीचबीचमा लेखेका कविता सुनाउँथे । उनका चित्रका व्याख्या गर्थे उनको



काम गर्ने सानो स्टुडियोमा । त्यतैबाट पछि म कला समीक्षा लेख्ने भएँ, अनि पछि नाटक पनि लेखें । त्यो कथा अर्कै हो । एक दिन समले उनको नेपाली कविता 'मृत्युपछिको अभिव्यञ्जना' को अङ्ग्रेजी अनुवाद 'एक्स्प्रसेसन् अफ्टर देथ्' उनकै नाटकीय शैलीमा सुनाए जुन सम्झेर म अहिले पनि समको त्यही भाउ लाएर विद्यार्थीहरूसँग त्यो कविता पढ्छु । यसमा समको अङ्ग्रेजी अनुवाद नाटकीय शैलीमा गरिएको छ । अङ्ग्रेजीमा कविता अनुवाद गराउने चाहना भएका कवि थिए माधवप्रसाद घिमिरे ।

एउटा संस्मरण छ । सन् १९८६ को जनरल एर्सादले ढाकामा आयोजना गरेको तथाकथित पहिलो एसियाली काव्य महोत्सवमा कवि र म गएका थियौं । प्रत्येक कविले दुईवटा कविता मात्र सुनाउन पाउँथे । घिमिरेले दुईवटा कविता पढे । मैले तिनका अङ्ग्रेजी अनुवाद गरेको पढें । तर कविको पढ्ने शैलीले प्रभावित भएर आयोजकले 'अरू पनि सुनाउँदै जानोस्, तपाईंलाई यो नियम लाग्दैन' भनेपछि कवि घिमिरेले म बसिसकेको मानिसलाई मञ्चबाटै अङ्ग्रेजीमा 'माई फ्रेन्ड मिस्टर सुवेदी, कम् कम्' भनेर दुवै हातले बोलाए । म गएर छवटा जति कविताको धाराप्रवाह अनुवाद गरें । सकेसम्म गरें, राम्रै गरें । कविले 'विश्वमञ्चमा मलाई चिनाउने काम अभिले जति अरू कसैले गरेको छैन' भनेर जीवनपर्यन्त भने । त्यो नेपाली कविहरूको नेपाली कविताको अङ्ग्रेजी अनुवाद मोहसँग जोडिएको चेतना हो । सायद यो सही चाहना हो किनभने यो एउटा माध्यमको खोजी हो ।

अङ्ग्रेजी कविता अनुवादको अर्को एउटा प्रसङ्ग जोड्न चाहन्छु । राजा महेन्द्रको उनका कविताको अङ्ग्रेजी अनुवाद होस् वा तिनमाथि अङ्ग्रेजी भाषामा केही लेखियोस् भन्ने चाहना थियो । एक जना नित्यानन्द सोसाइटीसँग जोडिएका वाईजी कृष्णमूर्तिले 'किङ्ग महेन्द्र द पोएट्' (१९६३ ?) भन्ने किताबै प्रकाशित गरे । तिनको र तिनको सोसाइटीको राजा महेन्द्र र दरबारसँग सम्पर्क थियो भन्ने कुरा त्रिचन्द्र कलेजका संस्कृतका प्राध्यापक गोकुलचन्द्र शास्त्रीले भनेका कुरावाट अड्कल काटेको थिएँ । शास्त्रीले नै मलाई यो किताब सही गरेर लेखेर दिएका थिए अनि अङ्ग्रेजीमा कविता अनुवादको महिमा गरेका थिए । कविता अनुवाद र शक्तिको सम्बन्ध एउटा नौलो तर्क थियो मेरानिम्ति । त्यो वेला म विश्वविद्यालयको विद्यार्थी थिएँ । शास्त्री कट्टर हिन्दु संस्कृतिवादी कुरा गर्थे । यो किताबमा कृष्णमूर्तिले 'उसैको लागि' भन्ने राजा महेन्द्रको किताबबाट सातवटा कविताको अनुवाद गरेर बाँकी ग्रन्थमा अद्वैतवादी धारा र काव्य सिद्धान्तका कुरा लेखेका छन् । 'उसैको लागि' का कवितालाई उनले 'काश्मिरी पण्डित' स्कुलसँग भित्रैदेखि गाँसिएका छन् भनेका छन् जुन कुरा आज मोदी युगमा नेपालको सन्दर्भमा अर्थपूर्ण छ ।

कविले अङ्ग्रेजीमा कविता अनुवाद गराउनु र गरिएको हेर्न चाहनु एउटा स्वाभाविक चाहना हो । राम्ररी अनुवाद भएको छ भने त्यसले कविताको पठन सहज बनाउँछ । तर, यसै हार्हुर अनुवाद भयो भने त्यसले कविता धूलिसात् पनि गरिदिन्छ । कस्तो अनुवाद राम्रो भन्ने विषयमा छलफल गर्न लागेको होइन ।

तर, नेपालमा नेपाली कविताको अङ्ग्रेजी अनुवादलाई आफ्नो भाव, सद्भाव पनि बाहिर व्यक्त गर्ने माध्यमको रूजमा पनि प्रयोग गर्ने चाहना बलियो छ । उदाहरण अनेकौं छन् । एउटा बलियो उदाहरण हो मित्र कञ्चन पुडासैनीले नेपालमा सन् २००० ताका हिलरी क्लिन्टन नेपाल आउने भनेपछि नेपालका कविहरूलाई उनमाथि कविता लेखाएर अनि तिनका अनुवाद अङ्ग्रेजीमा गराएर निकालेका दुईवटा किताब । नेपालीको शीर्षक छ 'एउटी नारी कवितामा' (२०५६) ।

मोहन कोइरालादेखि लिएर नाम नसुनेका कविसहित २७ जनाको यो सङ्कलन र यसको अङ्ग्रेजीमा गरिएको अनुवाद एउटा ठूलै प्रभाव सिर्जना गर्ने चाहनाले प्रेरित छ । केही कविता राम्रा छन्, अनुवाद पनि राम्रा छन् जस्तो मोहन कोइरालाको कविता र त्यसको अनुवाद । अरू पनि यस्ता केही उदाहरण छन् । तर, अङ्ग्रेजीमा अनुवाद भएर हिलरी क्लिन्टनले पढ्नेछिन् भनेपछि नानाभाँतिका कविता लेखिएका छन् । यहाँ केही स्थापितै कविहरू कसैले आफैं बिल क्लिन्टन भएर लेखेका छन् भने कतिले 'हिलरी, अहिले आदम-इभ, सुम्निमा-पारुहाङको कथा थोत्रो भएर च्यातिइसक्यो, मुना-मदन र लैला मजनूहरू... दन्त्यकथा भएको यो वर्तमानमा तिम्रो अलिकति मातृत्व चाहन्छु प्रेम जन्माउन, मन-मनका लागि प्रेम अन्भाउन' भनेर लेखेका छन् जस्को अनुवाद पनि उत्पात छ । यो सङ्कलनका टिप्पणीकारहरू र कतिपय कविहरूले हिलरीलाई आदर्श सहनशीला पत्नी र 'वैदिक नारी' सम्म भनेका छन् । उनको सहनशीलता भनेको मोनिका लुविन्स्कीसँग पति बिल क्लिन्टनको यौनिक सम्पर्कको कुरालाई उनले क्षमा गरेको कुरा भनेर मानिएको छ । हिलरीकोमा यो अनूदित किताब पुग्यो !

अङ्ग्रेजी भाषामा कविता अनुवाद गराउनुपर्छ भन्ने मान्यता भएको मानिस म । नेपालमा अहिले राम्रारामा कविता अनुवादकहरू छन् । तर, कविताको सही अनुवाद र प्रयोग भएन भने अङ्ग्रेजी भाषामा ढाल्नेबित्तिकै त्यसले आफूलाई प्रसिद्धै किम्वा शक्तिशाली नै बनाइहाल्छ भन्ने मानसिकताले काम गर्नु उचित होइन । एकपटक अनुवाद भएर खुस्किएपछि, त्यसले प्रभाव पारिसकेपछि त्यसलाई सुधार्ने कुनै उपाय हुँदैन । कवि रवीन्द्रनाथ ठाकुरले समेत वृद्ध अवस्थामा कसरी यो अनुवाद मोहमा फसेर कविता ध्वस्त पारेंछु भनेर एक जना अङ्ग्रेज मित्रलाई लेखेका छन् । राम्रा कविता लेख्नेले अनुवादमा बग्नुअघि सोचेको राम्रो ।

टीका थापेको भत्ता

'हामी जनप्रतिनिधि हौं । हामीमाथि राज्यले गरेको खर्च कसरी फजूल खर्च हुन्छ ?'

शरच्चन्द्र वस्ती

अर्को अर्थ नलागेमा

गोजीबाट एउटा कागज झिकेर मलाई दिंदै उसले भन्यो, 'यसको भाषा मिलाइदे न यार !'

'यो के हो ?' मैले सोधें, 'फेरि के गोलमाल गर्न लागिस् ?'

'केही होइन यार, एउटा चिठी हो । यसो विदेश घुम्न जाने मेसो मिलाउन लाग्या,' मलाई जिल्ल पार्दै उसले कुरा फुकायो, 'कोरोनाले गर्दा छ महीनासम्म कतै जान पाइएन । अब अलिक खुकुलो भएको छ । अन्तर्राष्ट्रिय उडान पनि शुरू हुन लाग्या छ । त्यही भएर ।'

छ महीना यता मेरो घरमा आउने ऊ पहिलो व्यक्ति थियो । चल्तापुर्जा सांसद, एउटा संसदीय समितिको सभापति । सानैदेखिको तँ-तँ म-म को साथी । राम्रो, नराम्रो कुनै कुरा मसँग नलुकाउने । कुनै न कुनै बहाना बनाएर महीनामा एक-दुईपल्ट गफ गर्न आइरहने, 'चिया खान आएँ है' भन्दै ।

मैले कागज हेरें । सभामुखलाई सम्बोधन गरिएको पत्र रहेछ । विदेशमा कोरोना नियन्त्रण कसरी भइरहेको छ भनेर अध्ययन गर्न आफ्नो नेतृत्वमा केही सांसदलाई कुनै देशको भ्रमणमा जाने व्यवस्था मिलाइदिन अनुरोध गरेर लेखिएको ।

'कसैलाई के धन्दा, घरज्वाइँलाई खानकै धन्दा', मैले छेड हानें, 'यहाँ मान्छे मरिराख्या छन्, तिमीहरूलाई विदेश घुम्न हतार ? बरु आफ्नै जिल्ला जानु नि कोरोनाको अनुगमन गर्न ।'

'न भत्ता पाइन्छ, न कुनै सुविधा । के खान जानु ?' उसले कुरा लुकाएन ।

'ल विदेश गयौ अरे । हप्ता-दश दिनको घुमाइमा सबै कुरा बुझ्न सक्छौ त ? कहिलेदेखि त्यस्ता बुझक्की भयौ तिमीहरू ?' मैले जिस्क्याएँ ।

'आफ्नै देशमा के भइराख्या छ भन्ने त छ महीनादेखि बुझ्न नसकेर हैरान छौं । विदेशको कुरा एक हप्तामा के खाएर बुझ्नु ?' उसले भन्यो, 'तर कसलाई बुझ्नुपर्‍या छ र विदेशको कुरा ?' अनि आफ्नो मनसाय खुलायो, 'दशैं आउन लाग्या छ, यसो किनमेल गरेर अलिकति राम-रमाइलो गरेर फर्किने हो ।'

'यसबाट देशलाई के फाइदा हुन्छ ?' मैले बुझ पचाएजस्तो गरें ।

'तँलाई कसले भन्यो, हामी देशलाई फाइदा गर्न विदेश जान लाग्या भनेर ? हामी त आफ्नो फाइदाका लागि जान लाग्या,' उसले अट्टहास गर्‍यो । म पनि अट्टहासमा शामेल भएँ ।

पत्रको भाषामा मिलाउनुपर्ने केही थिएन । भन्नुपर्ने कुरो भनेकै थियो, बाँकी कुरा मिलाउन ऊ आफैं उस्ताद थियो । चिठी त बहाना थियो, खासमा ऊ मसँग गफगाफको न्यास्रो मेटाउन आएको थियो ।

चिया खाएपछि उसले भन्यो, 'आज तँ पनि मसँग हिंड् ।' घुमघामको न्यास्रो मेटाउन म ऊसँगै निस्किएँ ।

हामी सभामुखको कार्यालयमा पुग्यौं । उनी मीटिङमा रहेछन्, सहायकले हामीलाई एक छिन पर्खन भने । अरू आधा दर्जन समितिका सभापति पहिल्यैदेखि उनको प्रतीक्षामा थिए । कुरा गर्दै जाँदा थाहा भयो, सबैजना विदेश भ्रमणकै कुरो लिएर आएका रहेछन् ।

सभामुखले सबैलाई एकैचोटि बोलाए । सबैको पत्र बुझेर 'विषय' मा नजर लगाएपछि भने, 'सबै जना आआफ्नो समितिबाट प्रमण्डल लिएर विदेश भ्रमणमा जान खोज्नुभएको रहेछ । किन हो ?'

सबैले पालैपालो उत्तर दिए । 'कोरोनाले शिक्षा प्रणालीमा पारेको प्रभाव अवलोकन गर्न,' एउटाले भन्यो । 'कोरोनाले विकास निर्माणमा पार्ने असरबारे अध्ययन गर्न,' अर्काले सुनायो । 'कोरोनापछि पर्यटन क्षेत्रलाई कसरी अघि बढाउन सकिन्छ भनेर विचार विमर्श गर्न,' तेस्राले बतायो । 'उद्योग-व्यापारमा कोरोनाले पारेको प्रभाव निरीक्षण गर्न,' चौथाले जानकारी दियो । 'कोरोना कालमा महिला हिंसाको अवस्थाबारे अनुभव आदान-प्रदान गर्न,' पाँचौंले उल्लेख गरिन् । 'कोरोनाले सुशासनमा पार्न सक्ने प्रभावको अध्ययन गर्न' छैटौंले भन्यो । अन्त्यमा साथीले जाहेर गर्‍यो, 'विदेशमा कोरोना नियन्त्रणको स्थिति अवलोकन गर्न ।'

'सबैजना कोरोनाकै सहारामा हुनुहुँदो रहेछ । अब अरू माननीय पनि आउनुहोला यस्तै पत्र लिएर,' सभामुखको बोली टर्रो भयो, 'हामी मितव्ययी हुनुपर्छ । फजूलखर्च गर्न हुँदैन । सबै जना विदेश घुम्न जाँदा कम खर्च हुन्छ ?'

'हामी जनप्रतिनिधि हौं । हामीमाथि राज्यले गरेको खर्च कसरी फजूलखर्च हुन्छ ?', एउटाले आपत्ति जनायो । 'संविधान बनाउने बेला म संघीयताको अध्ययन गर्न मात्र पाँचपल्ट विदेश गएँ...' अर्काले भन्यो । उसलाई उछिन्दै तेस्रो पड्क्यो, 'यस्ता प्रमण्डल लिएर कतिचोटि विदेश गइयो, गइयो । त्यसवेला फजूलखर्च भएन, अहिले फजूलखर्च भन्ने ?'

'मेरो आशय त्यो होइन,' सभामुख तत्काल नरम भए । उनलाई थाहा थियो, भत्ता लिने र विदेश घुम्ने कुरामा सबै पार्टीका माननीय एकमत हुन्छन् । तिनलाई विच्क्यायो भने आपत पर्छ । उनले भने, 'म कोशिश गर्छु मलाई एक हप्ताको समय दिनोस् ।'

सभामुखसँग विदा भएपछि सबै जना खाजा खान साथीको 'सचिवालय' मा पस्यौं । खाजा आएपछि मैले भनें, 'यस्तो वेला विदेश जान किन अपहत्ते गर्नुहुन्छ ? त्यसै पनि लकडाउनका वेला ट्याक्सी खर्च लिएको भनेर बदनाम हुनुभएको छ ।'

'त्यो सब प्रतिगामी षड्यन्त्र हो,' एउटाले भन्यो, 'कर्मचारीले हामीलाई बदनाम गराउन हाम्रो खातामा खुरुखुरु पैसा हालिदिंदा रहेछन् । हामीलाई के थाहा ?'

'तपाईहरूले पैसा लिएको भनेर सही पनि त गर्नुभएको छ नि ।'

'त्यो झन् ठूलो षड्यन्त्र हो । त्यस्तो ठाउँमा सही गराउन हुन्छ, हामीलाई ?'

अर्काले सप्रसंग व्याख्या गर्न थाल्यो, 'हामीलाई बदनाम गर्न चौतर्फी षड् यन्त्र भइरहेको छ, बुझ्नुभो ? हेर्नोस् न, ठेकेदारहरूले गाडी दिन्छन्, चढ्नैपर्‍यो । तस्करहरूले केटाकेटीको स्कूल फीस तिरिदिन्छन्, तिनलाई पढाउनैपर्‍यो । दलालहरूले श्रीमतीलाई गहना ल्याइदिन्छन्, फिर्ता लैजाऊ भन्न मिलेन । बिचौलियाहरूले फ्ल्याट मिलाइदिन्छन्, बस्नैपर्‍यो । उस्तै पर्दा जग्गा नामसारी गरिदिन्छन्, कसरी नाइँ भन्नु ? फेरि तिनलाई दिनुपर्ने चाहिं केही होइन । यसो वेलामौकामा, ठाउँमा तिनको पक्षमा बोलिदिए पुग्छ, अरू केही गर्नै पर्दैन । तैपनि तपाईहरू हामीलाई बदनाम गर्नुहुन्छ । कम पीडा छ हामीलाई ?'

'यो सब छोड्नोस् सभापतिज्यू, सभामुखको नियत मलाई चाहिं ठीक लागेन,' तेस्रोले प्रस्ताव राख्यो, 'बरु हामी आआफ्नो समितिबाट सोझै सरकारलाई निर्देशन दिऊँ न, कोरोनापछि देश कसरी बनाउने भन्नेबारे अध्ययन गर्न सांसदहरूलाई विदेश पठाऊ भनेर ।'

'हाम्रो निर्देशन कसले सुन्छ ? आजसम्म एउटा निर्देशन सरकारले पालना गरेको देख्नुभा छ ?' चौथो रन्कियो ।

'कुनै न कुनै निर्देशन त अवश्य पालना भएको होला,' पाँचौं आशावादी थियो ।

'हेरौं न त, के भएको रहेछ । यहाँ पनि त रेकर्ड होला नि,' छैटौं जुर्मुरायो ।

'छ नि, किन नहुनु ?' साथीले भन्यो र दुवैलाई अर्को कोठामा पुऱ्यायो ।

टेबुलमा निर्देशनका फाइलको डंगुर थुपारेर एउटा कर्मचारी उँघिरहेको थियो । उसलाई जगाएर साथीले सोध्यो, 'हाम्रो निर्देशन सरकारले कत्तिको पालना गरेको छ ?'

'कुनै कुनै आंशिक पालना गरेको छ, सभापतिज्यू,' उसले जवाफ दियो ।

'त्यो भनेको के ? स्पष्ट पार्नोस् न,' साथीले भन्यो ।

'त्यो कस्तो भने, मानिलिऊँ तपाईले कसैलाई पसलबाट पान लिएर आइज भन्ने निर्देशन दिनुभयो । ऊ अल्छी गर्दै निकैबेरमा उठ्यो र घरबाहिर पुगेर खैनी थुकेर फर्क्यो । अब, उसले पान नल्याए पनि आंशिक रूपमा पसलतिर गएको र फर्केर आएको त हो नि । यस्तै हो निर्देशनको आंशिक पालना भनेको,' कर्मचारीले उदाहरणबाट कुरा स्पष्टयायो ।

मैले हाँसो रोक्न सकिनँ । भनें, 'तपाईहरूका निर्देशन पनि त घाँटी नहेरी हाड कोच्याउने खालका हुन्छन् नि । हरेक गाउँपालिकामा पीचरोड पुऱ्याऊ, प्रत्येक नेपालीलाई एभोकाडो उपलब्ध गराऊ भन्ने पाराका । यस्ता आदेश कसले, कहिले, कसरी पूरा गर्ने ?'

एक छिन पछि हामी फर्कियौं । बाटोमा साथीले भन्यो, 'सभामुखको छाँटकाँट हेर्दा यसले विदेश जान देला जस्तो छैन । अब ठूलै नेताको सोर्स लगाउँछु ।'

भोलिपल्ट उसको फोन आयो । भन्दैथियो, 'नेताकहाँ गएको त सभापतिहरूको लाइन रहेछ । सबै सोर्स लाउन पुगेका ।'

तीन दिन पछि ऊ फेरि मकहाँ आयो । अनुहार उज्यालो थियो । भन्यो, 'विदेश जान त अहिले रोकियो । पछि पठाउने अरे । अब कोरोना अनुगमनका लागि जिल्ला जानुपर्ने भयो । गाडी, भत्ता लगायत सबै सुविधा दिने भए । दशैं, तिहार आफ्नै घरमा मनाउन पाइने भयो ।'

'ल मोज गर् । दशैंमा टीका थापेको भत्ता पनि पाउने भइछस् ।' मैले भनें ।

'त्यो पनि त जनताकै काम हो नि !' ऊ हाँस्न थाल्यो ।

तालीको इतिवृत्त

शैलेन्द्र साकार



विश्व सिग्देलको नयाँ कविता-किताब 'तालीको समाजशास्त्र' शालीन विद्रोहका रूपमा प्रस्तुत भएको छ । प्रथम कविता 'सार्वजनिक शौचालय' लाई संसद्सँग दाँज्ने साहस गर्ने सिग्देल नयाँ विम्ब सृष्टि गर्छन्– अघिल्लो दिनजस्तै आज पनि तिमी बुद्ध बनेर निस्कने छौ– संसद् भवनबाट ।

जीवनको विसङ्गति, सृष्टिको नियति र मान्छेको बाध्यताको अनुभूतिले कवि विश्वका कविता उज्यालिएका छन् । यस अर्थमा उनी नितान्त नयाँ पुस्ताका सशक्त र प्रतिनिधि कविका रूपमा आफ्नो परिचय दिन्छन् । जीवनसित प्रश्न गरिरहेको चेत छ-कवितामा ।

कैयौं समालोचक कविलाई अदृश्यका दृश्य प्रतिविम्ब मान्छन् । उनी पनि अपवाद छैनन् । समाजले नदेखेको तालीको समाजशास्त्रको इतिवृत्त खोज्छन् । निष्कर्ष छ– अन्धो हुन्छ ताली, अन्धो हुन्छ सत्ता ! संसारका सम्पूर्ण चर्चित दर्शनहरू पोलिमर नोटमा रूपान्तरित हुन्छन् कि भन्ने चिन्ता छ कविमा । प्रस्ट भन्छन्-

हामीहरू मार्क्स हौं
वा, हौं माओ
बुद्ध हौं वा हौं ताओ
दर्शनलाई रू दसको पोलिमर नोट हुनबाट जोगाऔं

'दर्शनलाई उपभोग्य सामग्री नबनाऔं' भन्छन् कवि । खासमा यो विश्वव्यापी चिन्ता हो । कवि ईश्वर होइन, स्वर्गबाट आगो चोरेर मानिसको चुल्होमा ल्याइदिने प्रमिथस पनि होइन । कवि त तमाम चुनौती स्विकारेर अघि बढ्ने कलाकार हो । साँचो लेख्ने, बोल्ने जागरुक सामाजिक प्राणी हो । असत्यविरुद्ध उभिएको सशक्त शब्द सामर्थ्य हो । यी दायित्व स्विकार्ने कवि यो कविता-किताबमा तिनै जिम्मेवारीसाथ उभिएका छन् ।

कवि विश्व सिग्देलका कविता पढ्दा लाग्छ– उनी संसारबाट विचलित छन् । संसारको सन्ताप, अन्याय, विसंगति र विद्रूप स्थितिबाट आक्रान्त छन् । र, मानवीय पीडालाई कविताको आवाज दिन सधैं तत्पर छन् ।

कविको वक्तव्य भनेकै कविता हो । कवितामा कविको दिल र दिमाग दुवै बोल्नुपर्छ । 'कवि गाउँ कहिले आउँछौ ?' कविताले मलाई निकै सोचमग्न बनायो । हामी कविता लेखेर जो सहरमा बसिरहेका छौं, साँच्चै कहिले गाउँ जान्छौं ? कहिले आफ्नो जन्मभूमि जान्छौं, जहाँ बेल विवाहपूर्व मरेकी किसोरीको लास गाडिएको छ । यो निकै संवेदनशील विषय हो ।

'टाँस्न मन लाग्छ सडक', 'कैंचीको मुट', 'सपनाहीन कपाल काट्ने ठाकुर', 'लोकतन्त्रको गर्धन' जस्ता विपर्यासबोधी वाक्यांशले सिग्देलका कविताले उचाइ प्राप्त गरेका छन् । विभिन्न रङमा खेल्न चाहेका छन्- कवि । दुःखहरूको रङ, दुवाली थुन्दा छोराका आँखाको रङ, पेटको आगो बलिरहेको रङ, रङ उडेको पर्दाको रङ र सम्पूर्ण अस्थायी रङहरू पोतेर उनी कवितामा उभिएका छन् ।

आजका प्रश्नहरूभित्र कविले आँखा खोलेका छन् र जिब्रो बेचेर स्वाद किन्ने संस्कारको विरोधमा दह्रोसँग उभिएका छन् । कवि बारुदभन्दा संवेदनशील आजको समयमा उभिएका छन् र पैताला बेचेर विश्वभ्रमण गर्ने सपना देख्दैनन् । अन्त्यमा 'नाङ्गो साबुन' कविताका यी पङ्क्ति उद्धृत गर्ने लोभ संवरण गर्न सकिनँ -

हात बेचेर तिमीलाई
चम्चा किन भन्छ अखबार
जिब्रो बेचेर, स्वाद किन भन्छ टेलिभिजन
पैताला बेचेर
विश्व भ्रमणको भ्रमणको निम्तो किन भन्छ रेडियो ।

शनिबारको कान्तिपुर
अर्थ वाणिज्य
ekantipur.com
३ असोज, २०७७ (Saturday, September 19, 2020)

विदेशी मुद्रा

अमेरिकी डलर	११८.१५
युरो	१३९.३६
पाउन्ड स्टर्लिङ	१५३.२६
अस्ट्रेलियन डलर	८६.२१
कतारी रियल	३२.४५

राष्ट्र बैंकको आधारमा

सुन रु ९७,०००

चाँदी रु १,३३०

रेल आउँदा पररर ताली

हजारौंको संख्यामा उपस्थित जनकपुरवासीले थपडी बजाएर रेलको स्वागत गरे । उनीहरूमा यतिबिघ्न खुसी थियो कि धेरैले रेललाई छोए, कतिले चुमे ।

अजित तिवारी (जनकपुर)

कोरोना संक्रमणको बढ्दो दर रोकथामका लागि धनुषामा जारी निषेधाज्ञाको अवधि आगामी आइतबारसम्म छ । तर निषेधाज्ञाको बेवास्ता गर्दै शुक्रबार बिहान जनकपुरधामको रेलवे प्लेटफार्ममा थामिनसक्नु भीड थियो । सर्वसाधारणसँगै निषेधाज्ञा जारी गर्ने प्रमुख जिल्ला अधिकारी पनि भीडमै उपस्थित थिए । एउटै प्रतीक्षा थियो- नेपाली रेल कति बेला आइपुग्छ । सबैका अनुहारमा उत्साह देखिन्थ्यो ।

अगाडि थिए, नेपाल रेलवे कम्पनीका महानिर्देशक गुरु भट्टराई, वरिष्ठ इन्जिनियर देवेन्द्रप्रसाद साह र धनुषा-महोत्तरीका सुरक्षा निकायका अधिकारीहरू । रेल कहाँ आइपुग्यो भन्नेमा सबैले चासो लिइरहेका थिए । नभन्दै राष्ट्रिय झन्डाको रातो र नीलो रङले पोतिएको रेल प्लेटफार्ममा आइपुग्दा सबै हर्षित भए । सिठी बजाउँदै रेल नजिकै आउँदा हजारौंको संख्यामा उपस्थित जनकपुरवासीले पररर थपडी बजाएर स्वागत गरे । खुसी यतिबिघ्न थियो कि धेरैले रेललाई छोए, कतिले चुमे ।

रेल हेर्न प्लेटफार्ममा उर्लिएको भीडलाई व्यवस्थापन गर्न प्रहरीलाई धेरैबेर सकस भयो । नेपाल सरकारले करिब ८५ करोड रुपैयाँमा खरिद गरेका दुई सेट रेल बिहारको हाजीपुर स्टेसनबाट बिहीबार राति नै जयनगर आइपुगेका थिए । शुक्रबार करिब १२ बजे त्यहाँबाट हिँडेका रेल २६ किलोमिटर पार गर्दै झन्डै दुई घण्टापछि जनकपुर आइपुगे । रेलवे ट्राकमै ठूलो संख्यामा मानिस उभिएकाले तीव्र गतिमा गुडाउन नसकिएको रेल निर्माता कम्पनी भारतीय रेलवेको कोंकण रेलवे कर्पोरेसनका प्रमुख इन्जिनियर दीपक त्रिपाठीले बताए ।

'दुईटा कारणले रेल ढिलो जनकपुर आइपुग्यो । पहिलो कारण, रेलका लागि ट्राक नयाँ थियो । ट्राकको अवस्थासँग हामी अनभिज्ञ थियौं । त्यसैले हाम्रा प्राविधिक टिम ट्रलीमा अघिअघि ट्राक चेक गर्दै हिँडे । हामीले बिस्तारै पछ्यायौं,' उनले भने, 'अर्को कारण, ट्राकभरि मानिसको भीड । जति हर्न थिच्दा पनि अहँ नहट्नेवाला भीड थियो । अनि बिस्तारै हाँक्नुको विकल्प भएन ।' तीव्र गतिमा जयनगरबाट रेल हिँडेको भए करिब २० मिनेटमै जनकपुर आइपुग्थ्यो ।

जनकपुर-जयनगर न्यारोगेज रेल सेवा बन्द भएयता नयाँ ट्राक निर्माण सुरु हुँदै यस क्षेत्रका बासिन्दालाई रेलको प्रतीक्षा थियो । त्यसैले नेपाली सीमामा प्रवेश गरेदेखि नै ठूलो भीडले गाउँगाउँबाट रेल हेरेको थियो । त्यसैले १३० किमि प्रतिघण्टा रफ्तारको रेल बिस्तारै ल्याउनुपरेको उनले बताए । नेपालले खरिद गरेको रेल डेमु ट्रेन सेट हो । 'नेपाल रेलवेका लागि यो ऐतिहासिक दिन हो,' कोंकण रेलवेका महानिर्देशक जीवी नागेन्द्रले भने, 'नेपालमा रेल चलाउने धेरैथरी योजना बने । कहिले भाडामा त कहिले लिजमा सञ्चालन गर्ने कुराकानी पनि भयो । तर नेपाल सरकारले आफ्नै रेल गुडाउने निर्णय गऱ्यो । त्यसैअनुसार नेपालको अर्डरमा तयार पारिएको रेल पुऱ्याउन हामी जनकपुर आएका हौं ।' नेपाल सरकारले अन्तर्राष्ट्रियस्तरको रेल हुनुपर्ने भनेकाले डेमु ट्रेन सेट निर्माण गरिएको उनले बताए । 'यो अब नेपाल सरकारको सम्पत्ति हो । यसको सञ्चालनले नेपाल र भारत दुवैलाई मद्दत पुग्ने हाम्रो विश्वास छ,' नागेन्द्रले भने ।

रेलका दुवै सेट कोंकणको चेन्नईस्थित कारखानामा निर्माण भएको लामो समय भए पनि कोभिड-१९ का कारण डेलिभरी दिन ढिलाइ भएको भारतीय पक्षले जनाएको छ । कोंकणका प्रमुख मेकानिकल इन्जिनियर त्रिपाठीका अनुसार नेपाल रेलको दुवै सेट अत्याधुनिक छ । 'रेलका दुवै इन्जिन अटो कन्ट्रोल छन्, कम्प्युटरीकृत छन् । एयर कन्डिसन र रेल तीव्र रफ्तारमा चल्दा बस्नेलाई स्मुथ महसुस हुन्छ,' उनले भने ।

१ हजार ३ सय यात्रु क्षमताको रेलका सबै बोगी आधुनिक र आरामदायी छन् । एउटा एसी र तीनवटा जनरल बोगी रहेको दुवै सेटका इन्जिन रहेको डिब्बामा पनि यात्रु राख्ने ठाउँ छ । एसी बोगीमा दुईवटा सिटलाई भने टेबलजडित बनाइएको छ ।

बाँकी पृष्ठ १०

जनकपुर आइपुगेको नेपाल रेललाई स्वागत गर्न शुक्रबार जम्मा भएका सर्वसाधारण । *तस्बिर : अजित/कान्तिपुर*

कानुन न कर्मचारी

विमल खतिवडा (काठमाडौं)

लामो समयको प्रतीक्षापछि भारतबाट दुईवटा सेट रेल शुक्रबार दिउँसो जनकपुर आइपुगेका छन् । तयारीबिनै जयनगर-जनकपुर कुर्था खण्डमा चल्ने गरी रेल ल्याएपछि अन्योल बढेको छ । अहिले न रेल चलाउने कर्मचारी छन्, न सञ्चालनसम्बन्धी कानुन बनेको छ । हतारमा ल्याइएको रेल पुनः भारतमै लगेर राखिने भएको छ ।

रेल सञ्चालनका लागि २ सय २६ जना कर्मचारीको दरबन्दी मन्त्रिपरिषद्बाट स्वीकृत भइसकेको छ । तर अहिलेसम्म कर्मचारी नियुक्त गरिएको छैन । २६ जना प्राविधिक कर्मचारी भारतबाट ल्याइनेछ । थप १ सय ३० जना कर्मचारीका लागि भदौ २९ मा विज्ञापन गरिएको छ । आवश्यकताअनुसार कर्मचारीका लागि विज्ञापन निकाल्दै जाने रेल विभागले जनाएको छ । यता रेलवेसम्बन्धी कानुनसमेत जारी भइसकेको छैन । गत पुसमा रेलवेसम्बन्धी विधेयक राष्ट्रिय सभामा पेस भएको हो ।

राष्ट्रिय सभाको विधायन समितिमा रेलवेसम्बन्धी विधेयक छलफलका क्रममा रहे पनि संसद् चलेको छैन । जसले गर्दा तुरुन्त विधेयक पास हुने अवस्था छैन । त्यो बेलासम्म अध्यादेशमार्फत कानुन ल्याएर रेल चलाउने भन्दै भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले छलफल गरेको थियो । अनौपचारिक छलफल भए पनि औपचारिक रूपमा यसको प्रक्रिया अघि नबढेको कानुन मन्त्रालयले जनाएको छ । रेल चलाउनेसम्बन्धी अध्यादेशबारे मन्त्रालयमा अहिलेसम्म छलफल नभएको कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयकी प्रवक्ता लीलादेवी गड्तौला निरौलाले बताइन् । 'रेलवेसम्बन्धी ऐन संसद्मा छ,' उनले भनिन्, 'तर रेल सञ्चालनसम्बन्धी अध्यादेश कानुन मन्त्रालयमा आएर अघि बढेकोबारे जानकारी छैन ।'

बाँकी पृष्ठ १०

२६ वर्षमा पनि बनेन सडक

डम्बरसिं राई (खोटाङ)

झन्डै तीन दशकअघि सुरु भएको गाईघाट-दिक्तेल सडक (सगरमाथा लोकमार्ग) अझै पूरा हुन सकेको छैन । सडकलाई राष्ट्रिय गौरवको आयोजनामा पारिए पनि काम भने ज्यादै सुस्त गतिमा भइरहेको भन्दै आलोचना हुने गरेको छ । जनप्रतिनिधिले उति ध्यान नदिँदा सडक पूरा हुन नसकेको सरोकारवाला बताउँछन् ।

'जनप्रतिनिधिले प्रभावकारी रूपमा पहल गरेको भए गाईघाट-दिक्तेल सडक उहिल्यै बनिसक्थ्यो,' नेपाल चेम्बर अफ कमर्स खोटाङका अध्यक्ष खुसनारायण सैंजूले भने, '२६ वर्षमा पनि यो सडक अपूरै छ ।' यो सडक ०५१ सालमा सुरु भएको थियो । पछिल्लो समय निर्माण कम्पनीको लापरबाहीका कारण अझै पनि अपूरै रहेको स्थानीयको गुनासो छ । यो सडकअन्तर्गत महुरे-फोक्सिङटार सडक निर्माण कम्पनीको लापरबाहीका कारण अपूरै रहेको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१४ का वडाअध्यक्ष दिनेश राईले बताए ।

यसमा विशेषगरी महुरे-सिम्पानी सडक (२२ किलोमिटर) र सिम्पानी-फोक्सिङटार सडक (२७ करिब किलोमिटर) अलपत्र छ । महुरे-सिम्पानी सडक निर्माणको ठेक्का भारत कन्स्ट्रक्सन/सिद्धि शाही जेभी निर्माण कम्पनीले लिएको थियो । उक्त निर्माण कम्पनीले खोटाङको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१३ नुनथला माहुरेदेखि हलेसी तुवाचुङ नगरपालिका-११ राजापानीको सिम्पानीसम्मको सडक कालोपत्रको काम लिएको थियो । करिब ४६ करोड लागतमा गत असारसम्म सक्ने गरी ०७३ असारमा सम्झौता भएको हो ।

निर्माण कम्पनीले कामदारलाई रकम नदिएपछि काम छाडेकाले समस्या आएको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१४ का वडाध्यक्ष राईले सुनाए । सडक पनि गुणस्तरहीन भएको भन्दै स्थानीयले पटकपटक बन्द गराएको उनको भनाइ छ । उक्त सडक खण्डमा कार्यरत कामदारले पारिश्रमिक नपाएको आक्रोशमा गत पुस २० देखि झन्डै महिना दिन सडक निर्माणको काम ठप्प पारेका थिए ।

निर्माण कम्पनीले कामदारको रकम नदिएकाले समस्या आएको भन्ने गुनासा आएको गाईघाट-दिक्तेल सडक योजनाका प्रमुख गोपालप्रसाद ठकुरेलले बताए । उक्त सडक खण्डमा करिब ४० प्रतिशत मात्र काम भएको उनको भनाइ छ । हलेसी तुवाचुङ नगरपालिका-११ राजापानीको सिम्पानीदेखि खोटेहाङ गाउँपालिकाको लिच्किराम्चे फोक्सिङटारसम्मको (करिब २६ किलोमिटर) सडक पनि अलपत्र छ । करिब ४९ करोड रुपैयाँ लागतमा गत साउन ११ भित्र सक्ने गरी जयनारायण पवन, मैनाचुली र खाम्पाचे जेवी कम्पनीसँग ०७३ साउनमा सम्झौता भएको थियो । उक्त सडक खण्डमा करिब ६५ प्रतिशत काम सकिएको ठकुरेलले बताए ।

किन बढ्दै छ रासायनिक मलको प्रयोग ?

जब एउटै जमिनमा पटकपटक फसल लगाउने र उत्पादन गर्ने क्रम बढ्छ, तब जमिनको पोषक तत्त्व घट्छ । एउटै जमिनबाट छोटो समयमै पटकपटक उत्पादन लिन रासायनिक मल प्रयोग बढेको हो ।

गोविन्द पोखरेल (काठमाडौं)

ठेकेदार कम्पनीले समयमै मल आयात गर्न नसक्दा यति बेला मुलुकभर रासायनिक मलको अभाव छ । विकल्पका रूपमा सरकारले बंगलादेश सरकारसँग ५० हजार मेट्रिक टन युरिया मल पैंचो मागेपछि अहिले त्यसलाई ल्याउने तयारी हुँदै छ । तर पनि किसानले चाहे जति मल पाउन सकेका छैनन् । १५ किलो युरिया मल लिन किसानले घन्टौंसम्म लाइन बस्नुपरेको छ ।

किसानले धानमा दुई पटक युरिया मल हाल्ने नेपाल कृषि अनुसन्धान परिषद् नार्कका पूर्वमुख्य कृषि बाली अधिकृत एवं धानविज्ञ भोलामान सिंह बस्नेत बताउँछन् । रोपाइँ गरेको २० देखि २५ दिनपछि र बाला लाग्ने बेलामा युरिया मल हालिँदै आएको उनको भनाइ छ । 'अहिले धानमा बाला लाग्ने समय हो, यही बेला मल नपाएपछि हाहाकार भएको हो,' उनले भने ।

धानमा किन प्रयोग हुन्छ युरिया ?

हरिया बिरुवा तथा वनस्पति उत्पादकत्व हुन् भने मानिसलगायत अन्य जीव उपभोक्ता । मानिसलाई जस्तै बोटबिरुवालाई पनि पौष्टिक तत्त्व चाहिने त्रिभुवन विश्वविद्यालय केन्द्रीय वनस्पति विभागका प्राध्यापक इमिरेटस पीके झा बताउँछन् । बिरुवाहरूलाई वृद्धि विकासका लागि चाहिने मुख्य पोषक तत्त्वहरूमा नाइट्रोजन, फस्फोरस र पोटासियम अत्यावश्यक रहेको उनको भनाइ छ ।

अर्गानिक मलको साटो रासायनिक मलमा बढी मात्रामा पोषक तत्त्व पाइने भएकाले किसान यसतर्फ आकर्षित भएको नेपाल कृषि अनुसन्धान परिषद् नार्कको राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्रका वरिष्ठ वैज्ञानिक श्रीप्रसाद भण्डारीले जानकारी दिए । 'एक किलो युरियामा ४६ प्रतिशत नाइट्रोजन पाइन्छ । तर अर्गानिक मलमा त्यो हुँदैन,' उनले भने, 'किसानले अर्गानिकमा भन्दा रासायनिकमा चाहिने मात्रामा नाइट्रोजन पाइने भएपछि त्यही प्रयोग गर्छन् ।' उनका अनुसार अर्गानिक मलमा नाइट्रोजनको मात्रा धेरै कम भएकाले किसान रासायनिक मलतर्फ आकर्षित भएका हुन् ।

नाइट्रोजनले धान मात्रै नभएर सबै बिरुवालाई हरियो बनाउन भूमिका खेल्ने प्राध्यापक झाले बताए । फस्फोरसले वनस्पतिको प्रकाश संश्लेषण प्रक्रिया, श्वासप्रश्वास, ऊर्जाको खपत, कोष विभाजन, फल र फूलको विकासका साथै जराको विकासमा सहयोग गर्छ । पोटासियमले प्रोटिनको निर्माण, रोग प्रतिरोधात्मक क्षमता बढाउने तथा भागहरूको विकास गर्न भूमिका खेल्छ ।

किसानले विशेषगरी धान हरियो बनाउन र उत्पादनमा बढोत्तरी आओस् भनेर युरिया लगाउने गरेको कृषि वैज्ञानिक बताउँछन् । युरियाले बिरुवामा 'क्लोरोफिल' को मात्रा बढाउने भएकाले बाली हरियो हुन्छ । जसका कारण प्रकाश संश्लेषण प्रक्रिया राम्रोसँग हुन्छ । भण्डारी भन्छन्, 'सबै प्रकारको बालीमा प्रयोग गर्न पनि मिल्ने पीएच मान ७ अर्थात् न्युट्रल हुने भएकाले पनि युरियाको प्रयोग हुने गरेको हो । ओसिलो तथा पानी भएको क्षेत्रमा युरिया हाल्दा बग्ने र त्यहाँ हुने नाइट्रोजन कम्पाउन्ड छिट्टै उड्ने भएकाले पटकपटक युरिया हाल्नुपर्ने धानविज्ञ बस्नेतको भनाइ छ ।

यस कारण बढ्यो खपत

जब एउटै जमिनमा पटकपटक फसल लगाउने र उत्पादन गर्ने क्रम बढ्छ, तब जमिनमा पाइने पोषक तत्त्व घट्दै जान्छ । एउटै जमिनबाट वर्ष दिनमै तीन/तीन पटक उत्पादन लिन थालेपछि माटोमा पाइने पौष्टिक तत्त्व स्वतः घटेर जाने भएपछि उर्वराशक्ति विस्तारका लागि मल प्रयोग हुने प्राध्यापक झाको भनाइ छ ।

रासायनिक मल पानीमा सजिलै घुल्ने र अर्गानिक मल नघुल्ने नार्कको माटो विज्ञान अनुसन्धान केन्द्रका वैज्ञानिक दिनेश खड्का बताउँछन् । 'दुवै मलको उद्देश्य एउटै हुन्छ, बिरुवालाई चाहिने तत्त्व उपलब्ध गराउने,' उनले भने, 'रासायनिक मल रासायनिक प्रक्रियाबाट निर्माण गरिन्छ भने प्रांगारिक मल जैविक वस्तुबाट ।'

चाँडै नतिजा खोज्ने बानी भएकाले पनि रासायनिक मलको प्रयोग बढेको छ । किसानले अरूलाई पनि पुग्ने गरी उत्पादन गर्नुपर्ने भएकाले मलको प्रयोग बढ्दै गएको भण्डारीले सुनाए । 'जुन बालीले जति धेरै उत्पादन दिन्छ, उसले त्यही मात्रामा मलको आवश्यकता माग्ने हो । मल लगाएपछि नतिजा र उत्पादन दिने भएपछि युरिया प्रयोग हुनु स्वाभाविक हो,' उनले भने ।

प्रांगारिकभन्दा रासायनिक मलले दिने नतिजा बढी भएकाले किसान यसतर्फ आकर्षित भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका कृषि प्रसार अधिकृत अरुण जीसी बताउँछन् । 'धेरै अर्गानिक मल हाल्दा उत्पादन थोरै दिने र रासायनिक मल थोरै हाले पनि उत्पादन धेरै दिने भएकाले किसानले यसको प्रयोग गर्न थालेका हुन्,' उनले भने । एक केजी युरियाले थप १२ देखि २० केजी धान उत्पादन बढाइदिने कृषिविज्ञहरूको भनाइ छ ।

जमिन नबढ्ने तर जनसंख्या बढेको बढ्यै गर्ने भएकाले सानो ठाउँमा धेरै मात्रामा उत्पादन बढाउनुपर्ने भएकाले रासायनिक मलको प्रयोग बढेको कृषिविज्ञ कृष्ण पौडेलले बताए । 'धानमा युरिया त प्रयोग हुन्छ । तर यसले आवश्यक मात्रामा उत्पादन दिँदैन । युरियाको मुख्य उद्देश्य भनेको हरियो बनाउने हो । बाली पसाउने बेलामा राम्रोसँग प्रयोग भएन भने सबै धान नष्ट गरिदिन्छ ।'

घट्दै माटोको उर्वराशक्ति

खेतबारीमा धेरै रासायनिक मल प्रयोग गर्दा माटोको उर्वरा शक्तिमा ह्रास आउने, अम्लीयपना ज्यादा हुने जस्ता समस्या देखापर्ने कृषिविज्ञ बताउँछन् । सन् २०१६ को विश्व बैंकको तथ्यांकअनुसार नेपालमा प्रत्येक १ हेक्टर जमिनमा ७४ किलो रासायनिक मल प्रयोग हुँदै आएको छ ।

धेरै मात्रामा रासायनिक मल प्रयोग गर्दा यसले माटोको उर्वराशक्ति पनि घटाउने र बालीलाई समेत असर गर्ने कृषिविज्ञ पौडेलको भनाइ छ । रासायनिक मल हालेर उत्पादन गरिएको खाद्यान्न तथा बालीको गुणस्तर पनि राम्रो नहुने उनको तर्क छ । उन्नत जातको बाली लगाउँदा उत्पादनका लागि सोहीअनुरूपको स्याहारसुसार आवश्यक पर्ने भएकाले मलको प्रयोग बढ्दै गएको उनले बताए ।

माटोको अम्लीयपना धेरै हुँदा त्यहाँ हुने पौष्टिक तत्त्व तथा खनिजहरूको मात्रा घट्ने नार्कको माटो विज्ञान अनुसन्धान केन्द्रका वैज्ञानिक दिनेश खड्काको भनाइ छ । नेपालमा आवश्यक मात्रामा किसानले बालीमा मल नहालेको र यसले अहिले नै भयावह अवस्था नल्याउने उनले बताए । धेरै मात्रामा मल प्रयोग गर्दा यसले जलीय विविधतालाई समेत असर गर्ने अनुसन्धानहरूले देखाएका छन् ।

बाँकी पृष्ठ १०



कानुन न...

यता भौतिक पूर्वाधार तथा यातायातमन्त्री वसन्तकुमार नेम्वाङ भने रेलवेसम्बन्धी कानुन संसदमा विचाराधीन रहेकाले अध्यादेशमार्फत कानुन ल्याएर सजिलोका लागि अघि बढ्ने भन्नेबारे छलफल मात्र भएको बताउँछन्। 'अब बिस्तारै रेल थपिँदै जान्छन्, कानुन कहिले आउने कहिले भनेर अध्यादेशबाट कानुन ल्याउने कि भन्ने थियो,' उनले भने, 'तर संसदमा विचाराधीन विधेयकलाई फिर्ता लिन पनि संसदले निर्णय गर्नुपर्ने रहेछ। त्यसैले अध्यादेशबाट कानुन ल्याउन गाह्रो देखियो, जति कानुन छ, अहिले त्यसैले चलाउँदै जाऔं भन्ने भयो।' कानुन आएपछि नेपाल रेलवे प्राधिकरण गठन हुने उनले जानकारी दिए। त्यसपछि रेलवे कम्पनी र रेल विभाग रहने छैनन्।

अहिले कानुनभन्दा पनि कर्मचारी आवश्यक रहेको रेल विभागका महानिर्देशक बलराम मिश्रले बताए। 'कर्मचारीका लागि विज्ञापन भइसकेको छ,' उनले भने, 'तर त्यसमा समय लाग्छ।' कानुन नहुँदा रेलवेसम्बन्धी कुनै घटना भए सार्वजनिक अपराधअनुसार कारबाही गर्नुपर्ने उनको भनाइ छ। 'कसैले रेलका सामान चोऱ्यो भने सामान्य कानुनले हुँदैन, कडा कानुन चाहियो,' उनले भने, 'त्यसैले संसदमा पेस भएको ऐनमा हामीले कडाकडा सजाय र जरिवानाको प्रावधान राखेका छौं।'

अहिले जयनगरदेखि कुर्थासम्म ३५ किलोमिटर दूरीमा रेल चल्नेछ। दुई महिनाभित्र थप १७ किमि दूरीमा रहेको बिजलपुरासम्म रेल पुग्नेछ। 'कानुन नभएर चलाउनै त रोकिँदैन। तर कुनै अपराध भयो भने कसरी अघि बढ्ने भन्ने विषय गम्भीर छ,' उनले भने, 'अहिले समस्या कर्मचारीको मात्र हो।' कर्मचारी भर्नामा कोभिड-१९ को पनि असर परेको उनले सुनाए।

यसअघि २०१९ सालमा रेलवेसम्बन्धी कानुन दुई पानाको रहेको पूर्वसचिव तुलसी सिटौलाले जानकारी दिए। 'जुन पुरानो र संक्षिप्त थियो,' उनले भने, 'पुरानै रेल चलाउन बनाएको कानुन थियो, अहिले नयाँ कानुन बन्ने क्रममा छ, जसमा रेल कसरी चलाउने, भाडा कसरी उठाउने, भाडा नतिरे कसरी जरिवाना गर्नेलगायत प्रावधान समेटिँदै छ।'

शुक्रबार आएको रेललाई शनिबार भारततर्फ लगिने नेपाल रेलवे कम्पनीका महाप्रबन्धक गुरु भट्टराईले बताए। 'अहिले कर्मचारी भए पनि कोभिडले गर्दा चलाउन सक्ने अवस्था छैन,' उनले भने, 'त्यसैले जयनगरमा हाम्रो स्टेसन छ, अहिले त्यहीं लगेर राखिनेछ।' उनका अनुसार कर्मचारी व्यवस्थापन गरेर रेल चलाउन अझै डेढ महिना लाग्नेछ।

कर्मचारीका लागि विज्ञापन गरिसकिएको छ। 'एक महिनाभित्रमा कर्मचारी व्यवस्थापन गरिसक्छौं,' भट्टराईले भने। चालक दलसहितका प्राविधिक टिम भारतले सहयोग गर्ने नेपालको आग्रहअनुसार काम अन्तिम चरणमा रहेको उनले बताए। केही दिनभित्र भारतीय पक्षसँग बैठक गरेर यो विषय टुंग्याइने उनले जानकारी दिए। 'अहिले पुराना तल्लो तहका १२ जना कर्मचारी छन्, सिनियर कर्मचारी कोही छैनन्,' उनले भने, 'कोभिडको जोखिम कम हुनासाथ नियमित रूपमा रेल सञ्चालन गर्छौं।' सञ्चालन गर्न नमिल्ने समयसम्म सबै तयारी पूरा गरिने उनको दाबी छ। दुवै रेल सेट शुक्रबार नै रेलवे कम्पनीले बुझिसकेको उनले जानकारी दिए।

मन्त्री नेम्वाङका अनुसार पहिले पनि नेपालमा रेल चल्थ्यो। यो यातायात संस्थानअन्तर्गत थियो। पछि यसलाई हटाइयो। रेलवे कम्पनी स्थापना गरेर रेल सञ्चालन गरियो। 'पछि भौतिक मन्त्रालयअन्तर्गत रेल विभाग गठन भयो,' नेम्वाङले भने, 'विभागले रेलको ट्राक निर्माण गर्ने, रेलसम्बन्धी अध्ययन गर्ने काम गऱ्यो।' नेपालको रेलवेलाई कसरी अगाडि लैजाने र रेलको क्षेत्र जयनगर-जनकपुर मात्र नभई पूर्व-पश्चिम, उत्तर-दक्षिण, काठमाडौं-केरुङलगायत क्षेत्रमा बढाउन लागिएको उनले बताए।

रेल चलाउन नयाँ जनशक्ति नेपालमा उत्पादन नहुँदासम्म भारतबाट कर्मचारी ल्याई करारमा राखिने नेम्वाङले जानकारी दिए। यसका लागि भारतीय सरकारी कम्पनीसँग सम्झौताको काम भइरहेको उनले दाबी गरे। 'यसका लागि कानुनले बाटो खोलिदिइसकेको छ,' उनले भने, 'टिकट काट्ने, प्रशासन हेर्ने, सुरक्षा गार्डलगायत पदका लागि पनि विज्ञापन गरिसकिएको छ।' सबै कर्मचारी अहिले नराख्ने र बिस्तारै थप्दै लगिने उनले बताए। शुक्रबार आएका रेल सेट ६ महिनाअघि नै बने पनि कोभिडका कारण ल्याउन सकिएको थिएन।

'गत फागुन ३ देखि चलाउने योजना थियो, कोभिडले गर्दा ल्याउन समस्या भयो,' मन्त्री नेम्वाङले भने, 'हाम्रो अर्डरअनुसार बनेर आएकाले दुवै सेट बुझेका हौं।' अहिले यसको परीक्षण सञ्चालन मात्र गरिएको हो। 'रेल लिगमा कुद्छ, कुद्दैन, अर्डर र सम्झौताअनुसार बनेको छ, छैन, सबै हेरियो,' उनले भने, 'तर सर्वसाधारणलाई सेवा दिन सक्ने अवस्था अहिले छैन। त्यसैले सुरक्षालाई दृष्टिगत गरी तत्कालका लागि भारत सरकारले जयनगर रेल स्टेसनमा सुरक्षा दिएर राख्नेछ।' रेल सेट खरिदका लागि नेपाल सरकारले ८४ करोड ६५ लाख बजेट छुट्याएको हो। जसमध्ये २० प्रतिशत रकम भुक्तानी भइसकेको छ। बाँकी ८० प्रतिशत रकम केही समयपछि भुक्तानी गरिने रेल विभागले जनाएको छ। दुई सेट रेल खरिदका लागि रेल विभाग र भारतको कोंकण रेलवे कर्पोरेसन लिमिटेडबीच ०७६ जेठमा सम्झौता भएको थियो। सबै गरेर जयनगरदेखि बर्दिबाससम्म ६९ किमि रेल नेटवर्क बन्नेछ, जहाँ पूर्व-पश्चिम विद्युतीय रेलमार्ग जोडिनेछ।

चिया श्रमिकको ज्याला बढ्यो

चिया उत्पादक संघ र ट्रेड युनियनका प्रतिनिधिबीच भएको बैठकले जुटायो सहमति

अर्जुन राजवंशी (बिर्तामोड)

चिया श्रमिकको दैनिक ज्याला बढेको छ। चिया उत्पादक संघ र ट्रेड युनियनका प्रतिनिधिबीच श्रमिकको दैनिक ज्याला वृद्धि गर्ने सहमति जुटेको हो। दुई आर्थिक वर्षका लागि श्रमिकको दैनिक आधारभूत ज्यालामा ५० रुपैयाँ वृद्धि भएको हो। यसका लागि बुधवार भद्रपुरमा संघ र ट्रेड युनियनका प्रतिनिधिबीच भएको आठौं पटकको बैठकमा चारबुँदे सहमति भएको छ।

सहमतिअनुसार बढेको दैनिक ज्याला साउन १ देखि नै लागू हुने भनिएको छ। सहमति जुटेको ५० रुपैयाँमध्ये यस वर्ष दैनिक आधारभूत ज्यालामा ३० रुपैयाँ वृद्धि हुनेछ। बाँकी २० रुपैयाँ ०७८ साउन १ देखि लागू हुने गरी वृद्धि गर्ने सहमति जुटेको नेपाल चिया बगान श्रमिक संघका केन्द्रीय अध्यक्ष दीपक तामाडले जानकारी दिए। चिया बगान श्रमिकले आधारभूत ज्याला २ सय ३१ र महँगी भत्ता १ सय ५४ गरी दैनिक ज्याला ३ सय ८५ रुपैयाँ पाउँदै आएका थिए। सहमतिअनुसार श्रमिकले यस वर्ष आधारभूत ज्याला २ सय ६१ र महँगी भत्ता १ सय ५४ गरी दैनिक ज्याला ४ सय १५ रुपैयाँ पाउनेछन्। ०७८ साउनदेखि वृद्धि हुने थप २० रुपैयाँ पनि श्रमिकको दैनिक आधारभूत ज्यालामा जोडिनेछ।

बैठकमा चिया प्रशोधन कारखानामा काम गर्ने श्रमिक तथा बगानमा काम गर्ने नाइके, सरदार र चौकीदारको दैनिक भत्तामा १३ रुपैयाँ वृद्धि गर्ने सहमति जुटेको छ। उनीहरूले पाउँदै आएको दैनिक भत्ता ४२ रुपैयाँबाट वृद्धि गरी गत साउन १ देखि लागू हुने गरी ५५ रुपैयाँ पुऱ्याइएको छ। श्रम ऐन, ०७४ अनुसार प्रत्येक २ वर्षमा न्यूनतम पारिश्रमिक पुनरावलोकन गर्नुपर्ने व्यवस्था छ। उक्त व्यवस्थाअनुसार ज्याला पुनरावलोकनको माग गर्दै चिया क्षेत्रमा क्रियाशील तीनवटा ट्रेड युनियनले गत भदौ ९ गते चारबुँदे मागपत्र उत्पादक संघलाई बुझाएका थिए। श्रम ऐनअनुसार ०७५ साउनदेखि चिया श्रमिकको दैनिक ज्यालामा १ सय ७ रुपैयाँ वृद्धि भएको थियो। वृद्धि भएको ज्याला चिया उद्योगीले श्रमिकलाई दिएका थिएनन्। ०७५ चैत १७ देखि ४४ दिनसम्म काम ठप्प गरी आन्दोलन गरेपछि उद्योगी श्रमिकलाई दैनिक ज्याला २ सय ७८ मा १ सय ७ वृद्धि गरी ३ सय ८५ रुपैयाँ दिन सहमत भएका थिए। ०७५ साउनदेखि चैत १५ सम्मको वृद्धि भएको १ सय ७ रुपैयाँ ज्याला भुक्तानी दिने कार्यलाई निरन्तरता दिने सहमतिसमेत जुटेको तामाडले बताए। चिया क्षेत्रमा काम गर्ने सबै श्रमिकलाई सामाजिक सुरक्षा कोषमा सूचीकृत गर्ने सहमति पनि जुटेको छ।

दुवै पक्षको प्रस्तावमाथि छलफल गरी दुई आर्थिक वर्षका लागि सहमति जुटाउने काम भएको चिया उत्पादक संघका अध्यक्ष सुरेश मित्तलले जानकारी दिए। कोभिड-१९ को महामारीबीच श्रमिकको दैनिक ज्याला वृद्धि गरेको उनको भनाइ छ।

किन बढ्दै छ...

कृत्रिम युरियाले नचाहिने यौगिकहरू माटोमा छाड्ने र त्यहाँका सूक्ष्म जीवसमेत मर्ने कृषिविज्ञ पौडेलको भनाइ छ। नेपालमा रासायनिक मलको प्रयोगले उर्वराशक्ति घटेको नदेखाए पनि ठाउँठाउँमा माटोको गुणस्तर तथा माटोमा चाहिने पौष्टिक तत्त्वको कमी भएको देखाएको माटो विज्ञान अनुसन्धान केन्द्रको तथ्यांक छ।

रासायनिक मललाई बढी प्रोत्साहन

नेपालमा सन् १९५० को दशकबाट भारत र रसियाबाट रासायनिक मल आयात हुने गरेको कृषि प्रसार अधिकृत जीसीले जानकारी दिए। सरकारले सन् १९७३/७४ सालबाट मलमा अनुदान दिन थालेपछि यसको प्रयोग ह्वात्तै बढेको हो। सन् १९९७/९८ तिर अनुदान रोके पनि सरकारले सन् २००८/०९ देखि पुनः अनुदान दिन थालेपछि प्रयोग झन् चुलियो। यसमा पनि सरकारले पोटास, डीएपी र युरियालाई केन्द्रमा राखेर अनुदान दिँदा बिरुवालाई चाहिने अन्य आवश्यक पौष्टिक तत्त्वको प्रयोग भने घट्दै गएको छ।

पछिल्लो ५ वर्षमा सरकारले मल खरिदका लागि मात्रै करिब ५० अर्ब रकम खर्चिइसकेको छ। सरकारले चालु आर्थिक वर्षका लागि भनेर रासायनिक मल खरिदका लागि ११ अर्ब रुपैयाँ विनियोजन गरेको जीसीले बताए। जब कि प्रांगारिक मल किन्न ४३ करोड रुपैयाँ विनियोजन भएको छ। नेपालमा युरिया, पोटास र डीएपी मलको माग वार्षिक ७ लाख मेट्रिक टनको हारहारीमा भए पनि त्यसअनुसार आपूर्ति नभएको उनको भनाइ छ। अहिले देशमा वार्षिक करिब ४ लाख मेट्रिक टन आयात भइरहेको उनले जानकारी दिए।

अघिल्लो आर्थिक वर्षमा सरकारले रासायनिक मल खरिदका लागि ९ अर्ब छुट्याए पनि उक्त रकम अपुग भएपछि थप १ अर्ब ६८ करोड थपेर १० अर्ब ६८ करोडको मल आयातमा खर्च भएको थियो। चालु आर्थिक वर्षसहित पछिल्ला ५ वर्षमा सरकारले रासायनिक मलका लागि ४५ अर्ब ९ करोड रुपैयाँ खर्च गरेको छ। आर्थिक वर्ष ०७२/७३ मा ५ अर्ब ४४ करोड, ०७३/७४ र ७४/७५ मा दुवै आर्थिक वर्षमा ४ अर्ब ८० करोड रुपैयाँका दरले बजेट विनियोजन गरेको थियो। ०७५/७६ मा ८ अर्ब ३७ करोड र ०७६/७७ मा रासायनिक मल खरिदका लागि १० अर्ब ६८ करोड खर्च भएको जीसीले बताए। सरकारले प्रांगारिक खेती तथा मल प्रयोगका लागि भने कार्यक्रम मात्रै गर्ने गरेको छ। किसानलाई प्रत्यक्ष लाभ हुने किसिमका नवप्रवर्तनका कार्य कृषि मन्त्रालयले ल्याउन नसकेको कृषिविज्ञहरूको भनाइ छ। प्रांगारिक मल सुधारका कार्यक्रम सञ्चालनमा रहे पनि उक्त बजेट प्रदेश तथा स्थानीय तहसम्म पुग्दा किसानको हातमा नपुग्ने मन्त्रालयकै एक अधिकारी बताउँछन्।

विकल्प के त ?

नेपालमा रासायनिक मल नहालेको माटो पाउन गाह्रो पर्ने माटो विज्ञान अनुसन्धान केन्द्रका वरिष्ठ वैज्ञानिक भण्डारीको भनाइ छ। प्रत्येक सिजनमा बाली लगाउँदा धेरै मात्रामा त्यो माटोबाट पौष्टिक तत्त्व सकिने गरेको छ। त्यही भएर रासायनिक मल प्रयोग बढिरहेको हो। नेपालको माटो सुहाउँदा रैथाने बालीका लागि मलको आवश्यकता नपर्ने उनले बताए। 'नेपाली माटोसँग सुहाउँदा कोदो बालीका लागि मल चाहिँदैन। तर यसको हाइब्रिड प्रयोग गर्न थालियो भने आवश्यक पर्छ।

धानमा पनि हाइब्रिड तथा अन्य प्रजाति ल्याइयो, रैथानेलाई विस्थापित गरेपछि मलको आवश्यकता देखिएको हो,' उनले भने। धान, मकै र गहुँका रैथानेभन्दा पनि हाइब्रिड तथा उन्नत जात प्रयोग हुन थालेपछि मलको आवश्यकता देखिएको उनले औंल्याए। उन्नत जातको बीउ तथा बाली लगाएपछि माटोको उर्वराशक्ति पनि त्यहीअनुसार घट्दै जाने विज्ञहरूको भनाइ छ। आधुनिक खेतीका लागि मल आवश्यक भए पनि अब प्रांगारिकतर्फ केन्द्रित हुनुपर्ने कृषिविज्ञ कृष्ण पौडेल बताउँछन्। अहिलेका बाली रासायनिक मलसँग 'एडप्ट' भइसकेको प्राध्यापक झा बताउँछन्। भन्छन्, 'हाम्रोमा रैथाने बाली पनि थिए। तर तिनमा पनि पोषक तत्त्व भन्दै रासायनिक मल राख्न थालियो। अन्ततः मलबिना उत्पादन नै दिन नसक्ने अवस्थामा पुगे।'धानमा युरिया प्रयोगको विकल्पमा हरियो मल प्रयोग गर्नुपर्ने धानविज्ञ बस्नेत सुझाउँछन्। धान खेतीका लागि माटोको उर्वराशक्ति राम्रो हुनुपर्ने उनको भनाइ छ। धानमा हरियो मलका रूपमा रोस्टाटा प्रजातिको बिरुवा प्रयोग गर्न सकिने उनले बताए। यस्ता बिरुवा धान रोप्नु केही महिनाअघि छरेर त्यत्तिकै माटोमा पल्टाइदिनाले उर्वराशक्ति विकास हुने उनको भनाइ छ।

रेल आउँदा...

एउटा बोगीबाट अर्को बोगीमा प्रवेश गर्ने सेन्सर गेट राखिएको छ। सिट आरामदायी र बोगी आनन्ददायी रहेको जनकपुरबाट कुर्थासम्म एसी बोगीमा यात्रा गरेका धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईले प्रतिक्रिया दिए। भारतको राजधानीमा मेट्रो रेलमा यात्रा गरेझैं महसुस भएको धनुषाका एसपी रमेश बस्नेतले बताए।

दुवै सेट रेल जनकपुर आएपछि कोंकणका प्रमुख मेकानिकल इन्जिनियर त्रिपाठीले नेपाल रेलवे कम्पनीका महानिर्देशक भट्टराईलाई कागजपत्रसहित रेल हस्तान्तरण गरेका थिए। त्रिपाठीले रेल खरिदको पत्र र रेलको क्याटलग बुक भट्टराईलाई दिए। 'प्रधानमन्त्री केपी शर्मा ओलीको सपना हो नेपालमा रेल गुडाउने। त्यो आज पूरा भएको छ,' महानिर्देशक भट्टराईले भने।

भारतको निर्माण कम्पनीले हस्तान्तरण गरेका दुवै रेल सबै बन्दोबस्त मिलाएर करिब दुई महिनाभित्र नियमित सञ्चालन हुने रेलवे विभागका वरिष्ठ इन्जिनियर देवेन्द्रप्रसाद साहको दाबी छ। पहिलो चरणमा जयनगरदेखि कुर्थासम्म नेपालको रेल गुड्नेछ। दोस्रो चरणमा भने कुर्थादेखि महोत्तरीको बिजलपुरासम्म रेल चल्ने जनकपुरका साइट इन्जिनियर विनोद ओझाले जानकारी दिए। उनका अनुसार कुर्थादेखि महोत्तरीको बिजलपुरासम्मको रेलवे लिक निर्माण अन्तिम चरणमा छ। यो डिजेल र विद्युत् दुवैबाट चल्ने रेल हो।

अर्थ संक्षेप

आयो 'हुन्डाई ग्रान्ड आई टेन नियोस'

काठमाडौं (कास)- हुन्डाईको आधिकारिक बिक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले नयाँ गाडी 'हुन्डाई आई टेन नियोस' सार्वजनिक गरेको छ। हुन्डाई ग्रान्ड टेन नियोस कप्पा डुअल भीटीभीटी टेक्नोलोजीमा आधारित १.२ लिटर पेट्रोल इन्जिनमा उपलब्ध छ। गाडीमा ८३ पीएस/६ हजार आरपीएम गरी दुवै म्यानुअल तथा स्वचालित ट्रान्समिसन विकल्प प्रयोग गर्न सकिन्छ। ग्रान्ड आई टेन नियोसले ५-स्पिड म्यानुअल स्मार्ट अटो एमटी दुवै किसिमको ट्रान्समिसनमा उपलब्ध रहेको कम्पनीले बताएको छ। यसको नेपाली बजारमा सुरुवाती मूल्य ३० लाख ९६ हजार रुपैयाँ रहेको कम्पनीले जनाएको छ।

'टाटा अल्ट्रोज' अब नेपालमा

काठमाडौं (कास)- टाटा मोटर्सको आधिकारिक वितरक सिप्रदी ट्रेडिङ प्रालिले बिहीबार नेपाली बजारमा 'टाटा अल्ट्रोज' सार्वजनिक गरेको छ। सिप्रदीले टाटा अल्ट्रोजको बुकिङ खुला गर्दै यसको सुरुवाती मूल्य २९ लाख ९९ हजार रुपैयाँ तोकेको छ। यसमा रहेको १.२ लिटरको रेभोट्रन इन्जिनले ८६ पीएस पावर र ११३ एनएम टर्क प्रदान गर्दछ। यसमा आइडलस्टप, स्टार्ट बटन, क्रुज कन्ट्रोल, अटोमेटिक क्लाइमेट कन्ट्रोल एसी, एम्बिन्ट मुड लाइटिङ, ९० डिग्री डोर ओपनिङ, अटो हेडल्याम्प, रेन सेन्सिङ वाइपर र हिडन डोर्स ह्यान्डललगायत विशेषता छन्।

एलजीको 'अपग्रेड टु हेल्दी लाइफ स्टाइल'

काठमाडौं (कास)- एलजी नेपालको आधिकारिक बिक्रेता सीजी इम्पेक्स प्रालिले चाडपर्व लक्षित 'अपग्रेड टु हेल्दी लाइफ स्टाइल' अफर ल्याएको छ। यो योजनामा ग्राहकले एलजीका कुनै पनि घरायसी सामान किन्दा ४० प्रतिशत छुट र पुरस्कार प्राप्त गर्नेछन्। एलजीको रेफ्रिजेरेटर खरिदमा माइक्रोवेभ वोभन, डबल डोर रेफ्रिजेरेटर खरिदमा मिक्चर, ८ केजीसम्मको फ्रन्टलोड वासिङ मेसिन खरिदमा पिजनको गिफ्ट सेट, ९ केजीभन्दा माथि र वासर ड्रायर वासिङ मेसिन खरिद गर्दा पिजनको इन्डक्सन कुकर जस्ता उपहार छन्।

हिरोले ल्यायो 'दसैंको पर्व, हिरोत्सवको हर्ष'

काठमाडौं (कास)- हिरो मोटरसाइकलको आधिकारिक बिक्रेता नेपाल जनरल मार्केटिङ प्रालिले नजिकिँदै गरेका पर्व दसैंतिहारको अवसर पारेर 'दसैंको पर्व, हिरोत्सवको हर्ष' योजना ल्याएको छ। योजनामा हिरो मोटरसाइकल तथा स्कुटर किन्नेले ५ हजार रुपैयाँ पक्का छुट, स्क्याच कार्डमार्फत १ लाख रुपैयाँसम्म र लक्की ड्रमार्फत एक जनाले १ लाख रुपैयाँ पाउँछन्।

नबिलको चाडपर्व योजना

काठमाडौं (कास)- नबिल बैंकले आफ्ना ग्राहकका लागि चाडपर्व योजना ल्याएको छ। बैंकले कोभिड-१९ प्रभावका कारण आर्थिक कठिनाइमा परेका ग्राहकका लागि व्यक्तिगत मुद्दती खाता, साना तथा मझौला कर्जा, धितो कर्जा, व्यक्तिगत ओभरड्राफ्ट तथा घर कर्जा योजना ल्याएको हो। योजनाअनुसार बैंकले १३ देखि २४ महिनासम्मको व्यक्तिगत मुद्दती खातामा ग्राहकलाई वार्षिक ९ प्रतिशत ब्याजदर प्रदान गर्नेछ।

साओमीले ल्यायो दुई टीभी

काठमाडौं (कास)- साओमीले दुई नयाँ उत्पादन 'मी टीभी ४ एक्स' र 'मी एलईडी टीभी ४ ए प्रो' सार्वजनिक गरेको छ। नजिकिँदै गरेका चाडपर्वका अवसरमा ५५ इन्चको मी टीभी ४ एक्स र ४३ इन्चको मी एलईडी टीभी ४ ए प्रो सार्वजनिक गरिएको हो। नेपालमा टीभी पहिलो पटक सार्वजनिक गरेसँगै नयाँ श्रेणीमा प्रवेश गरेको कम्पनीले जनाएको छ। मी टीभी ४ एक्स २०२० संस्करणमा ४ के १०-बिट एचडीआर डिस्प्ले छ। मी टीभी ४ एक्सको ६४ हजार ९ सय ९९ रुपैयाँ र मी एलईडी टीभी ४ ए प्रो ३९ हजार ९ सय ९९ रुपैयाँ पर्छ।

'दिगो ई ८' को बुकिङ सुरु

काठमाडौं (कास)- दिगोले विद्युतीय सिटी कार 'दिगो ई ८' को बुकिङ सुरु गरेको छ। यो कार वातावरणमैत्री एवं आधुनिक डिजाइनमा तयार गरिएको छ। यो १५.२ किलोवाट आवर लिथियम आइरन फस्फेट ब्याट्रीले फुल चार्जमा नर्मल अपरेटिङ कन्डिसनमा १ सय ५० किलोमिटर माइलेज दिन्छ। यसमा थ्री फेज एसिंक्रोनस मोटर छ। जसले १८० एनएम टर्क र १५ किलोवाट पावर उत्पादन गर्छ।

एनआईसी एसियाको सहुलियत योजना

काठमाडौं (कास)- एनआईसी एसिया बैंकले कोभिड-१९ को प्रभावका कारण आर्थिक समस्यालाई कम गर्न सहुलियत योजना ल्याएको छ। यो योजनाअनुसार भाखा नाघेका कर्जाको ०७७ असोज मसान्तसम्मको साँवा तथा ब्याज रकम चुक्ता भुक्तान गरे ८.९९ प्रतिशत ब्याजदर कायम गरिने बैंकले जनाएको छ।

मुक्तिनाथको 'ई-टेलर' सेवा सुरु

काठमाडौं (कास)- मुक्तिनाथ विकास बैंकले बिहीबारदेखि 'ई-टेलर' सेवा सञ्चालनमा ल्याएको छ। बैंकले कोभिड-१९ महामारीबीच ग्राहकसमक्ष सुरक्षित किसिमले बैंकिङ कारोबार गर्न यो सेवा थालेको हो। यो सेवामार्फत ग्राहकले चेक प्रयोग नगरी आफ्नो मोबाइल बैंकिङ एपमा लगइन गरी काउन्टरमा भएको क्यूआर कोड स्क्यान गरी खाताबाट रकम झिक्न सक्छन्।

माछापुच्छ्रे र ओम एक्सप्रेसबीच रेमिट्यान्स सम्झौता

काठमाडौं (कास)- माछापुच्छ्रे बैंक र भारतस्थित ओम एक्सप्रेस पेमेन्ट सर्भिसेजबीच रेमिट्यान्स सेवासम्बन्धी सम्झौता भएको छ। रोजगारी तथा अन्य सिलसिलामा भारतमा रहेका नेपालीले नेपालमा पैसा पठाउन सहज होस् भनेर रेमिट्यान्स सम्झौता गरिएको बताइएको छ। सम्झौताअनुसार भारतमा रहेका नेपालीले ओम सर्भिसेजबाट नेपाल पैसा पठाउन सक्छन्।

लिबर्टी इनर्जीको सेयर नेप्सेमा सूचीकृत

काठमाडौं (कास)- लिबर्टी इनर्जी कम्पनी लिमिटेडको सेयर नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा शुक्रबार सूचीकृत भएको छ। कम्पनीले आयोजना प्रभावित स्थानीय तथा सर्वसाधारणमा प्रारम्भिक निष्कासनमार्फत जारी गरी बाँडफाँट गरेको र संस्थापकहरूले लगानी गरेकोसमेत गरी १ करोड ५० लाख कित्ता साधारण सेयर नेप्सेमा सूचीकृत गरिएको हो।

ग्लोबलको शाखारहित बैंकिङ सेवा

काठमाडौं (कास)- ग्लोबल आईएमई बैंकले सिन्धुपाल्चोकको गोरथली र झापाको ज्यामिरगढीमा दुई नयाँ शाखारहित बैंकिङ सेवा सञ्चालनमा आएको छ। यी शाखा सञ्चालनमा आएसँगै बैंकको शाखारहित बैंकिङ सेवा संख्या २ सय २० पुगेको छ।

हार्दिक श्रद्धाञ्जली

जन्म : वि.सं. २०३५ साल
स्वर्गारोहण : वि.सं. २०७७ भाद्र २२

स्व. राधा खत्री (कार्की)

यस घ्याङलेख गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री राम कुमार कार्की ज्यूको धर्मपत्नी **श्रीमती राधा खत्री (कार्की)** को मिति २०७७ साल भाद्र २२ गतेका दिन अल्पायुमै असामयिक निधन भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा धैर्य धारण गर्न सक्ने शक्ति मिलोस भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

घ्याङलेख गाउँपालिका परिवार, सिन्धुली

हार्दिक समवेदना



जन्म: २०११/०९/०६ गते
स्वर्गारोहण: २०७७/०५/२२ गते

स्व. तुलानाथ ढकाल

यस कान्तिपुर पब्लिकेसन्सको वितरण विभागमा कार्यरत जनक ढकालका पूजनीय पिता **तुलानाथ ढकाल**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. परिवार

हार्दिक समवेदना

जन्म: २०११/०१/१७ गते
स्वर्गारोहण: २०७७/०५/२३ गते

स्व. राधा देवी भण्डारी

यस कान्तिपुर पब्लिकेसन्सको वितरण विभागमा कार्यरत राम प्रसाद भण्डारीकी ममतामयी माता **राधा देवी भण्डारी**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. परिवार

वर्गीकृत डिस्प्ले

घर भाडामा
काठमाण्डौ, न्यूरोड प्युखामा पहिले ग्लोवल आई.एम.ई. बैंक रहेको घर भाडामा छ।

सम्पर्क: ९८५१००७२७७

वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३000/-*
स्पट कलर: रू. ३५00/-*
मल्टि कलर: रू. ५000/-*

घर बिक्रिमा

गाडि बिक्रिमा

जग्गा बिक्रिमा

* उपरोक्त दररेट मिति २०७३/०५/१२ गतेदेखि लागु हुनेछ।
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन।

भद्राधिवासमा टेड रिकार्डी

लिच्छविकालीन सभ्यताको अन्वेषण गर्न मानगृह, कैलाशकुट र भद्राधिवास दरबारको उत्खनन जरूरी छ भन्थे मानवशास्त्री रिकार्डी

देवेन्द्र भट्टराई (काठमाडौं)

अमेरिकी प्राध्यापक थियोडोर (टेड) रिकार्डी ८३ वर्षको आयु बाँचेर यो साता बिते। उनी आफ्नो उमेरमा ५५ वर्षभन्दा बढी नेपाल-नेपालीको सान्निध्यमा रहे। नेपाल सरोकारका अध्ययन, अन्वेषण र उत्खननमा उनी रमे-रमाए।

रिकार्डीको नेपाल-नेपाली साइनो अचम्मकै छ। अमेरिका छँदा रिकार्डीका नेपाली भाषा शिक्षक थिए- डोरबहादुर बिष्ट, सन् १९६० को दशकमा। पछि डोरका भाइ खेमबहादुर पनि रिकार्डीका 'रुममेट' र भाषा प्रशिक्षक बने। रिकार्डीलाई संस्कृत साहित्यका ज्ञाता जयराज आचार्यले संस्कृत व्याकरण बुझाए। इतिहासका जानकार रमेश ढुंगेल रिकार्डीका विद्यार्थी बने, कोलम्बिया युनिभर्सिटीमा पीएचडी गर्ने क्रममा। काठमाडौं आएपछि प्रयागराज शर्मा, मोहनप्रसाद खनालहरू उनका सोध-अनुसन्धान कर्मका सहयात्री बने, निकटस्थ पनि। रिकार्डीले अमेरिकाको पेन्सिलभेनिया युनिभर्सिटीबाट मास्टर्स गरेपछि काठमाडौं आएर राष्ट्रिय अभिलेखालयमा काम गरेका थिए। लगत्तै १९६८ मा उनी फुलब्राइट कमिसनको आवासीय प्रमुख भएर फेरि काठमाडौं उत्रिए। संस्कृत साहित्यका विशिष्ट कृतिहरूमाथिको आलोचनात्मक अध्ययनमा पीएचडी गर्नुअघि रिकार्डी बंगाली भाषा-साहित्यमा अध्ययन गर्न चाहन्थे। तर, नेपाली भाषा-संस्कृति र सभ्यतामा रुचि बढेपछि उनी नेपाल फर्के।

रिकार्डीको कामसँग परिचित न्युयोर्कका लागि पूर्वस्थायी प्रतिनिधि जयराज आचार्यले सन् १९८७ मा पहिलो पटक अमेरिकामा भेट गर्नासाथै उनको सोध-अनुसन्धान, संस्कृत भाषा र नेपाली मामिलामा जोडिएको चासो थाहा पाएका थिए। 'मैले त्यही बेला उनलाई आफूले गरेको स्कन्ध पुराणको नेपाल महात्म्यको अंग्रेजी अनुवाद देखाएको थिएँ,' आचार्यले सम्झिए। पछि सन् १९९१ मा आफू न्युयोर्कमा स्थायी प्रतिनिधि बनेर गएपछि उनीसँगको संगत लामै समयसम्म कायम रहेको आचार्यले सुनाए। 'नेपाली समाज र परिवर्तन, राजनीतिक क्रान्ति र यहाँको पछौटे स्थितिबारे रिकार्डी निकै राम्रोसँग जानकार थिए,' आचार्यले भने, 'राष्ट्रसंघीय महासभा बैठकमा भाग लिन सन् १९९३ अक्टोबरमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला न्युयोर्क पुग्दा स्थानीय कोलम्बिया युनिभर्सिटीमा बीपी कोइरालाको सालिक अनावरण समारोह राखिएको थियो। त्यहाँ उपस्थित विशिष्ट अतिथिमाझ प्राध्यापक रिकार्डीले बोलेको कुरा पछिसम्म प्रशंसित भएको थियो।' आचार्यका अनुसार उनले भनेका थिए, 'एउटा समाजमा क्रान्ति भन्ने चिज कसरी हुँदोरहेछ भन्ने सोच्दा मात्रै पनि म कृष्णप्रसाद कोइरालासमक्ष पुग्छु जसले तत्कालीन श्री ३ महाराज चन्द्रशमशेरलाई आफ्ना थोत्रा लुगाको पार्सल पठाएर संकेतमा क्रान्तिको बिजारोपण गरेका थिए।'

●●●

सन् ८० को दशकमा लिच्छविकालीन सभ्यता अन्वेषण गर्ने क्रममा रिकार्डी अर्का अन्वेषक मोहनप्रसाद खनालको साथ लागेर मनहरा नदी किनारको दुमाखाल पुगेका थिए। पुरातत्त्व विभागले अह्राएको त्यो काममा लिच्छविकालीन दरबार 'भद्राधिवास' चाँगुनारायण छेउछाउमै रहेको अनुमानमा त्यो खोज सुरु गरिएको थियो। केही पुरातात्त्विक सामग्री पनि संकलन भयो तर त्यस क्षेत्रमा भएको उत्खनन केही विवादमा समेत परेको थियो। विशेषतः सहअन्वेषक खनालकै घरगाउँ क्षेत्रमा नियोजित ढंगबाट उत्खनन भरहेको भन्ने विवाद प्राज्ञिक तप्काबाट बाहिर आएको थियो। उक्त कामबारे 'आर्कियोलजिकल एक्सकाभेसन्स इन द काठमाडौं भ्याली' प्रकाशित छ। दुमाखेल उत्खनन सन् १९८४-८५ र १९८९ मा भएको थियो।

त्यसबेला उत्खनन भएर भेटिएका मुद्रा, मूर्ति, ढुंगाको चक्र अहिले पनि पुरातत्त्व विभागमा सुरक्षित छन्। उत्खननमा भेटिएको मानदेव अभिलेख (वि.सं. ५२५) लाई उनले अंग्रेजी अनुवाद गरेका छन्, यो अमेरिकी ओरिएन्टल सोसाइटीको जर्नलमा छापिएको छ। उक्त अभिलेखमा मानदेवका पिता धर्मदेवको एकाएक निधन भएपछि रानी राज्यवतीले सती जान चाहेको तर नदिइएको र छोरा मानदेव नाबालक घडीमा उपत्यकाको राजा बनेको वृत्तान्त छ। 'यो इतिहासमा शासनभित्रको षड्यन्त्र र सत्तालिप्साको अस्पष्ट रहस्य भेट्न सकिन्छ,' केही वर्षअघि कान्तिपुरसँग रिकार्डीले भनेका थिए।

●●●

पछिल्ला वर्षमा भने अंग्रेजी लेखक सर अर्थर कोनन डोयलले जन्माएका जासुसी पात्र सरलक होम्सको 'पुनर्जन्म' गराउने स्रष्टाका रूपमा रिकार्डी चिनिएका थिए। एक जना ब्रिटिस मेडिकल डक्टर सर अर्थरले जन्माएका 'सरलक होम्स' र 'डा.वाट्सन' जस्ता पात्रहरू अंग्रेजी साहित्य पढ्ने वा बुझ्ने सबै तह-उमेरका पाठकका अहिले पनि मनमै गढेर बसेका छन्। डोयलले आफ्ना जासुसी नायक सरलक होम्सलाई सन् १८७८ मा जन्माएर झन्डै सन् १८९१ सम्म (१३ वर्ष) त्यही पात्रका वरपर कथाहरू बुनेका थिए। त्यसमाथि एकाएक त्यो जब्बर पात्र सरलक होम्स हराएपछि र पाठकको आग्रहमा लेखक सर अर्थरले फेरि यो पात्रलाई सन् १८९४ मा जन्माएका थिए। उसो भए सन् १८९१ देखि ९४ सम्ममा ती पात्र कता हराए त ? त्यही बेपत्ता पात्रलाई रिकार्डीले तानेर काठमाडौं असनका गल्लीसम्म ल्याए। ल्हासाको पठार हुँदै कोदारी राजमार्गबाट काठमाडौं छिरेका सरलक होम्स वीरशमशेरकालीन उपत्यकामा घुमिरहेका थिए। यहाँबाट जनकपुर हुँदै र भारतका विभिन्न सहर हुँदै श्रीलंका र इन्डोनेसियासम्म त्यो पात्र पुगेको रमाइलो किस्सा रिकार्डीले जोडेका छन्, 'द ओरिएन्टल केसबुक अफ सरलक होम्स' कृतिमा। यसमा रोचक के छ भने नेपालसँग सम्बन्ध भएका बेलायतका ब्राइन हड्सनदेखि फ्रान्सेली सिल्भिया लेभीसम्म सरलकको काठमाडौं यात्रामा जोडिएका छन्। न्युयोर्कको च्यान्डम हाउसबाट छापिएको यो केसबुक पढेर केही सनकी पर्यटक असनका गल्ली खोज्नैका लागि काठमाडौं यात्रामा आएको किस्सा सुनाइरहेका हुन्थे, रिकार्डी। 'यसरी रिकार्डी आफ्नो रुचिको प्राच्य सोध-अनुसन्धानको कर्मबाट उत्तरआधुनिक सोचको साहित्यिक लेखाइमा रमाइरहेका थिए,' रिकार्डीका विद्यार्थी ढुंगेलले भने, 'मेरो गुरुले राख्ने विषयको ज्ञान र गहिराइमा जोकोहीलाई पस्नै मुस्किल हुन्छ।'





प्राध्यापक थियोडोर (टेड) रिकार्डी र उनका कृति

अमेरिका छँदा बीपी कोइरालादेखि मातृका कोइरालासम्म र पछि ०४६ सालको आन्दोलनताका गणेशमान सिंह, गिरिजाप्रसाद कोइराला, किसुनजीसमेतलाई भेटेर गरेको कुराकानीसहितको डायरीलाई पुस्तक रूपमा निकाल्ने तयारीमै थिए रिकार्डी। तर, पछिल्ला ७ वर्षयता पार्किन्सन रोगले निकै च्यापेपछि उनको दिनचर्या सुस्त बन्दै गएको थियो।

उनको ५ सय पृष्ठ मोटो नेवारी-इटालियन शब्दकोश 'अ डिक्सनरी अफ नेवारी ल्याङ्वेज : विद अ ग्रोसरी इन इटालियन' पनि प्रकाशित छ। इतिहासअनुसार मल्लकालीन समयमा रोमका केही धर्मगुरु नेपाल आएका थिए। नेपाल बसाइकै क्रममा उपत्यकाका स्थानीय नेवार समुदायसँग उनीहरूको घुलमिल बढ्यो। आइपर्ने कुराकानी र संवाद क्रममा उनीहरूले नेपाली कागजमा नेवारी तथा इटालियन भाषाको शब्दकोश तयार पारे। यसमा शब्द जतिलाई नेवारी मौलिक लिपिमा र अर्थ इटाली भाषामा राखिएको छ। यो शब्दकोश इटाली (रोम) को एउटा पुरानो पुस्तकालयमा भेटिएपछि अन्वेषक रिकार्डीले ५ वर्ष समय खर्चेर थप सम्पादन र व्याख्यासहित शब्दकोश निकालेका थिए। यसमा काठमाडौं उपत्यकामा २ सय ३५ वर्षअघि बोलिने नेवारी भाषाको स्थानीय लवज र लिपि समेटिएका छन्। यो शब्दकोश काठमाडौंको बज्र बुक्सले प्रकाशन गरेको हो।

●●●

जे विषयमा सोध-अनुसन्धान गर्ने हो, त्यसमा साँच्चै काम गर्ने हो भने त्यसको भाषा, शिल्पी र स्थानीयताबारे पनि जानकार हुनैपर्छ भनेर रिकार्डीले आफ्ना विद्यार्थीलाई सम्झाइरहेका हुन्थे। कोलम्बिया युनिभर्सिटीबाट 'मुस्ताङको इतिहास' माथि पीएचडी गरेका प्राध्यापक ढुंगलका अनुसार 'गाइड' रिकार्डी स्थानीय भाषा, संस्कृति, सम्पदा आदिबारेमा चित्तबुझ्दो व्याख्या नदिलाइकन सोधलाई अघि बढाउन दिँदैनथे। 'छानिएको विषयको गहिराइ र त्यसमा अध्ययनको निचोड नभेटिन्जेल सोधमा लगाइरहनुहुन्थ्यो,' उनले सम्झिए।

जस्तो, उनी आफैंले नेवारी-इटालियन शब्दकोशमा काम गर्ने क्रममा त्रिभुवन विश्वविद्यालयअन्तर्गत नेपाल तथा एसियाली अध्ययन केन्द्र सिनासबाट नेवारी भाषासम्बन्धी प्राचीन शब्दमाथि पोस्ट डक्टरल रिसर्चसमेत गरेका थिए। कतिसम्म भने इतिहासको सोधखोज गर्न 'संस्कृत अनिवार्य चाहिन्छ' भनेर रिकार्डी संस्कृत भाषाका विद्यार्थी बनेका थिए। उनी भन्थे, 'पश्चिमा इतिहासको खोजी र त्यसबारेको ज्ञान त्यति क्लिस्ट र असहज छैन। पूर्वीयबारे भने संस्कृत भाषा र सभ्यताको जानकार भएर मात्रै गहिराइमा पुग्न सकिन्छ। जस्तो- रोमन सम्राट्ले के खाए, के गरे, कहाँ-कसरी बसे भन्ने सहजै थाहा हुन्छ। तर, अशोक सम्राट्का बारे थाहा पाउन निकै मुस्किल छ। यसकारण पनि संस्कृत, पाली जस्ता भाषाको आधार बनाउनैपर्छ।'

सम्पदाविद् रविन्द्र पुरीका बुझाइमा आफ्नै स्वार्थ र सरोकार बोकेर आउने विदेशी विद्वान् वा अनुसन्धाताका सामु रिकार्डी 'अपवाद' झैं थिए। काठमाडौं उपत्यकाको सभ्यता पहिल्याउन यहाँ रहेका लिच्छविकालीन सम्भावित सम्पदाबारे उत्खनन हुनु जरुरी रहेको भन्दै आफू 'भद्राधिवास' (मनहरा नदी किनारा, चाँगुनारायण छेउ) उत्खननमा गएको रिकार्डीले बताउने गरेका थिए। मानदेव मानगृह (मंगहिटी, पाटन) र अंशुवर्माको कैलाशकुट दरबार (हाडीगाउँ) बारे पनि सोध-अनुसन्धान जरुरी रहेको भन्दै रिकार्डीले यसबारेका विभिन्न पुरातात्त्विक सामग्रीबारे सोधखोज गरिरहेका हुन्थे। 'हाम्रो पुरातत्त्व र हामी सम्पदाविद् भनाउँदाले गर्न चाहेर पनि नसकेको केही काम रिकार्डीले गरेका छन्। मानदेव अभिलेखको अंग्रेजी अनुवाद गर्दै बाहिरी विश्वलाई देखाइदिएर हाम्रो प्राचीन जग र सभ्यताबारे उनै रिकार्डीले अरूलाई बताइदिएका हुन्,' पुरीले भने।

रिकार्डीको जीवनमा रम्ने-रमाउने अर्को पाटो थियो- पियानो। पेन्सिलभेनिया छँदै विद्यार्थीकालमा अतिरिक्त कमाइको उनको बाटो थियो- विभिन्न बार रेस्टुराँमा ज्याज पियानो बजाउने। अन्ततः यो 'सौख' उनका लागि नसाझै बन्यो। छाउनीको घरमा पनि एउटा ठूलो साइजको पियानो राखिएको थियो, उनको बिहानी यही ज्याजको धुनबाट सुरु हुन्थ्यो।

अर्कातिर, रिकार्डीको काम र अन्वेषणबारे नेपाली विद्वान्को एउटा सानो समूह विरोधमै हुन्थ्यो, यो सबै रिकार्डीले चाल पाइरहेका हुन्थे तर भन्थे, 'यो स्वाभाविक हो। राजनीति नै हेर्नुस् न, यता तपाईंको सरकारलाई हेर्नुहोस्। सत्तापक्ष र विपक्ष हुन्छन् नै। नभए आफ्नो कमजोरी र आफ्नैबारेको आलोचना कसरी पो थाहा पाउने र ?'

चीनतर्फका दुई मुख्य...

व्यवसायीको पीडा सरकारले हल्का ढंगले लिएको र चीनले सुनेको नसुन्यै जस्तो गरिरहेको उनले दुखेसो गरे। 'सधैंको यो बेथितिका कारण वर्षौं लगाएर कमाएको सबै सम्पत्ति बिक्री गर्दा पनि व्यवसायी ऋणमुक्त हुन नसक्ने अवस्था बन्दैछ,' उनले भने।

चीनको मनसाय बुझ्नै नसकिएको नेपाल व्यापार संघका अध्यक्ष कुमार कार्कीले टिप्पणी गरे। 'पानीजहाज र रेलको कुरा गर्छौं तर खरिद गरेको सामान ल्याउन पाइएन,' उनले भने।

नेपालीलाई आउजाउ बन्द

तातोपानी र रसुवागढी उत्तरी छिमेकी चीनसँगको व्यापारिक कारोबारका लागि प्रमुख स्थलमार्ग हो। सरकारले पनि चीनसँग पारवहनसम्बन्धी सम्झौता गरेर चिनियाँ बन्दरगाह र भूमार्गसमेतको प्रयोग गरी मालसामान आपूर्ती गर्न सक्छौं भन्ने सन्देश दिन खोजेको छ। नेपालले केरुङबाट रेल ल्याउने चीनसँग समझदारी पनि गरिसकेको छ। यही पृष्ठभूमिमा 'नेपाललाई संकट पर्दा चीनले सहयोग गर्छ' भन्ने गरिन्छ। तर चीनसँगका विद्यामान नाकाबाटै हुने व्यापारलाई व्यवस्थित बनाइएको छैन।

भारतले ०७२ सालमा नाकाबन्दी गरेर नेपाललाई निकै अप्ठेरो पारेका बेला चीन जोड्ने मितेरी पुलको ढोका चार वर्षसम्म बन्दै रह्यो। तातोपानी नाका खुलाउन राजनीतिक रूपमै निकै ठूलो प्रयास गरियो तर खुलेन। वर्षौंदेखि दुवै मुलुकका सर्वसाधारण आउजाउ गर्दै आएको तातोपानी नाका नेपालीका लागि ५ वर्षदेखि बन्द छ। अहिले कोभिड-१९ महामारीले व्यवसाय अस्तव्यस्त छ। यही बेला नेपाली व्यवसायीले किनेका सामान सीमापारि चीनका गोदाम र सडकमै अलपत्र छन्।

'भारतमा दिनमा लाख हाराहारी संक्रमित थपिइरहे पनि नेपालीको प्रवेशलाई सहज रूपमा लिइएको छ। कतै रोकटोक छैन,' संघका महासचिव नवराज तिमिल्सिनाले भने, 'उत्तरमा चीनले अघोषित नाकाबन्दी गर्दा कोही बोल्न तयार छैनन्।' चीनले कुन बेला नाका बन्दको घोषणा गर्छ, कुन बेला के नियम ल्याउँछ, नेपाली व्यवसायीले पत्तो पाउँदैनन्। रसुवागढी भन्सार प्रमुख पुण्य खड्काले भने, 'नाका बन्द कहिले हुन्छ, कहिले खुल्छ मात्रै भनिदिए पनि व्यवसायीले त्यहीअनुसार व्यवस्था मिलाउँथे।' आफ्नोतर्फबाट नाका खुलाउन प्रयास गरेपनि नसकेर आजित भएको उनले सुनाए।

०७२ सालमा भूकम्पबाट क्षतिग्रस्त खासा क्षेत्रको सडक नबनेको भन्दै चार बर्षसम्म तातोपानी नाका पूर्ण रूपमा बन्द गरिएको थियो। ०७६ जेठमा त्यो नाका खुलेको औपचारिक घोषणा गरिपनि निर्यात व्यापार र सर्वसाधारण नेपालीलाई आफ्नो भूमिमा आउजाउ गर्न चीनले दिएको छैन। भूकम्पअघि तातोपानी मितेरीपुलबाट करिब ४० किमि टाढा कुतीसम्म नेपालीको आउजाउ थियो। नेपाली अध्यागमनले दिएको एकदिने पासका आधारमा नेपाली खासासम्म आउजाउ गर्थे। व्यापारिक सामान किनमेल गर्ने र घुम्न जाने नेपालीको तातोपानी र खासामा भीड लाग्थ्यो। त्यो अहिले सपनासरह भएको छ। सीमाका बासिन्दाले आफूहरूले विगतमा पाएको सुविधालाई निरन्तरता दिन माग गर्दै आएका छन्।

तातोपानीको विकल्पमा ०७२ मंसिरदेखि प्राथमिकताका साथ सञ्चालनमा ल्याइएको रसुवागढी नाकाबाट पनि सहज रूपमा व्यापार हुनसकेको छैन।

'गर या मरको अवस्था'

नेपाल राष्ट्रिय व्यवसायी महासंघका वरिष्ठ उपाध्यक्षसमेत रहेका कार्कीका अनुसार चिनियाँ सामान बिक्री गर्ने थोक र खुद्रा व्यापारीले राजधानीमा सञ्चालन गरेका सटरमध्ये २५ देखि ३० प्रतिशत बन्द भइसकेका छन्। 'बैंकले ब्याज छाड्दैन, घरबेटीले भाडा छाड्दैनन्। उधारो लैजानेले पैसा तिर्दैनन्। नयाँ सामान बेचूँ बाटोमै थन्केको छ,' व्यवसायी निरज राईले भने।

कार्कीका अनुसार कोभिड-१९ महामारी सुरु भएपछि गत जेठमा खुलेको केरुङ नाकाबाट चीनले दिनमा ६ कन्टेनर सामानमात्र नेपाल पठाउने गरेको थियो। जबकि उक्त नाकामा सयौं कन्टेनर सामान गोदाममा छन्। 'तीन महिनाअघि पनि व्यवसायीले कन्टेनरमा लोड गरेका सयौं क्विन्टल स्याउलगायत खाद्यवस्तु कुहिएर बाटैमा फ्याँकेका थिए,' कार्कीले भने, 'यस्तो व्यवहारले नेपाललाई सहयोग हुन्छ कि असहयोग ?'

व्यवसायी बलराम पराजुलीका अनुसार पछिल्लो समय चीनका व्यापारिक सहरहरूमा नेपाली व्यवसायीका झन्डै दुई सय व्यापारिक कार्यालय छन्। 'चीनको कार्यालय भाडा मासिक एक लाखभन्दा बढी तिर्छु' उनले प्रश्न गरे, 'व्यापार नभएपछि कसरी टिक्न सकिन्छ ?' अहिले उता जाने भिसा पनि नखुलेको उनले बताए। व्यवसायीले चिनियाँ व्यापारिक सामान र कन्टेनरमा गरेको धेरै ठूलो लगानी जोखिममा परेको सिल्क ट्रान्सपोर्ट प्रालिका रमेश शेर्पाले उल्लेख गरे।

रसुवागढी भन्सार प्रमुख पुण्य खड्काले केरुङमा अड्केको सामान मितेरी पुलमा ल्याइदिन चिनियाँ पक्षलाई पटकपटक अनुरोध गर्दै आएपनि सुनुवाइ नभएको बताए। 'कोभिडको समस्याले नै हो भने पनि सामान मितेरी पुलमा खसालेर फर्कनुस्, हामी जसरी पनि ल्याउँछौं भनेका छौं। बरु तपाईंहरू गएको एक घण्टापछि सामान ल्याउने प्रक्रिया सुरु गर्छौं पनि भन्यौं,' खड्काले भने। कोभिड महामारी सुरु भएपछि केही दिन कारोबार हुँदा पनि नेपाली व्यवसायीको सामान चिनियाँले पुलमा खसालिदिन्थे। व्यवसायीले त्यहींबाट उठाएर ल्याउँथे। खड्काका अनुसार गत माघदेखि नै भन्सार कारोबार मुस्किलले एक महिना भएको छ। 'उताकाले मिटिङमा हुन्छ भन्छन् तर ढोका खोल्दैनन्,' खड्काले भने, 'के हो के, हामीले त बुझ्नै सकेनौं।' चिनियाँकै अनुरोधमा भन्सारमा सामान लोड-अनलोड गर्ने ५० जना मजदुरलाई नाकाको क्वारेन्टाइनमा राखिएको छ। उनीहरू दिनमा ८ सय खर्च गरेर बसेको दुई साता बितेको छ।

नेपालका निम्न र मध्यम वर्गले चिनियाँ सामानै प्रयोग बढी गर्दै आएका छन्। त्यस्ता सामान उत्तरी नाकाको स्थलमार्गबाहेक पानीजहाजबाट भारत हुँदै तराईको नाका र हवाईजहाजबाट पनि ल्याउने गरिएको छ। इलेक्ट्रोनिक सामान, तयारी पोसाक, जुत्ताचप्पल, कपडा, गार्मेन्टको कच्चा पदार्थ, मेसिनरी पार्टपुर्जा, झोला, फर्निचर, विद्युत् आयोजनाका मेसिन, स्टेसनरी सामानलगायत धेरै सामान चीनबाट ल्याइन्छ।

भन्सार विभागका अनुसार आर्थिक वर्ष ०७६/७७ मा चीन, भारतलगायत मुलुकबाट करिब १२ खर्ब रुपैयाँको आयात व्यापार भएको छ। चीनबाट मात्र बर्सेनि करिब एक खर्ब ८२ अर्बको आयात व्यापार हुँदै आएको छ। चीनसँगको निर्यात व्यापार भने एक अर्ब १९ करोड छ। भन्सार महानिर्देशक सुमन दाहालका अनुसार चीनसँगको व्यापारबाट संकलन हुने कुल राजस्वमा रसुवा र तातोपानीको योगदान १५ देखि २० प्रतिशत छ। तर तातोपानीबाट ०७२ वैशाखदेखि निर्यात लगभग ठप्प छ। रसुवाबाट ०७२ मंसिरदेखि आंशिक निर्यात भए पनि झन्डै एक वर्षयता ठप्प छ। पछिल्लो पटक आर्थिक वर्ष ०७१/७२ मा तातोपानी नाका भएर २ अर्ब ३४ करोडको निर्यात व्यापार भएको थियो। नेपालबाट मुख्यतया तामाका भाँडा, जडीबुटी, चाउचाउ, अन्डा, हस्तकलाका सामग्री चीन निर्यात गर्ने गरिएको छ। भन्सार प्रमुख लालबहादुर खत्रीका अनुसार भूकम्पपछि तातोपानीबाट निर्यात व्यापार पूर्ण रूपमा बन्द छ।

नाका किन बन्द ?

तिब्बतको नेलाम काउन्टी (स्थानीय प्रशासन) ले खासाभन्दा करिब ३५ किमिमाथिको 'क्यानोन कु' ताल फुट्ने सम्भावना भएकाले तातोपानीबाट कारोबार नगर्न भन्दै आफ्ना नागरिकलाई सूचना जारी गरेकाले पछिल्लो पटक नाका ठप्प भएको हो। चिनियां पक्षले त्यहांको कारण त्यसैलाई देखाएको छ।

नेलाम प्रशासनले वर्षायाम सकिन लागेपछि आफ्नो तालको पानी घटाउने भन्दै सूचना जारी गरेको थियो। गत साउनमा ताल फुट्न सक्ने भन्दै नेपालस्थित भोटेकोसी आसपासका बासिन्दालाई सुरक्षित स्थानमा जान पनि भनिएको थियो। ताल फुट्ने हल्ला प्रत्येक वर्ष चल्ने गर्छ। तातोपानीबाट करिब ९ किमिमाथिको खासा गोदामको सामान ल्याउन ताल फुट्ने सम्भावनाले असर नगर्ने व्यवसायीको दावी छ। नेलाम प्रशासनले भने नाका कहिले खुल्छ भन्ने कुरा आन्तरिक सूचनामा खुलाएको छैन।

रसुवागढीतर्फको कारणचाहिं कोभिडलाई बनाइएको छ। दुई साताअघि रसुवा भन्सारका एक नेपाली मजदुरलाई कोरोना पोजिटिभ देखिएको थियो। परीक्षण गर्दा अरूलाई भने संक्रमण देखिएको छैन। भन्सार प्रमुख खड्काका अनुसार, उनी सीमापारि चिनियाँ भूभागमा जाने मजदुर होइनन्। 'हामीले सबै जानकारी गराए पनि माथिबाट आदेश आएपछि तुरुन्तै खोल्छौं भन्दै कुराएको दुई साता बित्यो,' खड्काले भने, 'खासमा यताका संक्रमित भए पनि चिनियाँ कर्मचारीले नेपालीको नजिक जानुपर्ने कामै पर्दैन।'

काठमाडौंस्थित चिनियाँ दूतावासका प्रवक्ता चाङ सीले नेपाली कामदारमा कोरोना संक्रमण देखिएपछि रसुवागढी नाका अस्थायी रूपमा बन्द गर्नुपरेको बताए। 'भाइरसलाई लिएर हामी सतर्क हुनु आवश्यक छ। नाका चाँडै खुलाउने प्रयासमा छौं,' प्रवक्ता चाङले भने।

चाङले सीमा नाकाको सम्बन्धमा चिनियाँ दूतावासले यसअघिदेखि नै नेपालको परराष्ट्र मन्त्रालयसँग सहकार्य गरिरहेको बताए। 'स्थानीय अधिकारीहरूले पनि गति र क्षमता सुधार गर्नका लागि तरिकाहरू अपनाइरहेका छन्, ताकि हरेक दिन जतिसक्दो धेरै ट्रकले सीमाविन्दु पार गरून्,' उनले भने। चाङले महामारीका बेला नेपालीलाई आफ्नो क्षमताले भ्याएसम्म चीनले सधैं सहयोग गरिरहने पनि उल्लेख गरे।

वाणिज्य तथा आपूर्ति सचिव वैकुण्ठ अर्यालले दुवै नाका खुलाउन परराष्ट्र मन्त्रालयमार्फत चीनसँग कुरा भइरहेको जानकारी दिए। उनले केरुङ नाकाबाट आयातलाई निरन्तरता दिन र सामान आयातको परिमाण बढाउन अनुरोध गरिएको पनि बताए। 'हामी पनि चुप लागेर बसेका छैनौं,' उनले भने।

भन्सार विभागका महानिर्देशक दाहालले व्यापार सहजीकरणका लागि ल्हासा भन्सारसँग बैठक राख्ने कोसिस भइरहेको जानकारी दिए। उनले भने, 'व्यापार सहज बनाउन सक्दो पहल गरिरहेका छौं।' दुवै नाकाका भन्सार प्रमुखहरूले चीनले कारोबार बन्द गरेको र व्यवसायी मर्कामा परेको विषयमा सबै विवरण माथिल्लो निकायलाई जानकारी गराएको बताए। आफूहरूको पहलमा मात्र नाकाको समस्या हल गर्न नसकिएको उनीहरूको भनाइ छ। परराष्ट्र स्रोतका अनुसार दूतावासमार्फत कुराकानी भइरहेको छ। 'हामीले नाकाको अवस्था र व्यवसायीको मर्का थाहा पाएका छौं,' परराष्ट्र स्रोतले भन्यो, 'कूटनीतिक पहल भइरहेको छ।'

JOB ANNOUNCEMENT
First date of publication: 16 September 2020

The United Nations Development Programme (UNDP) Nepal works with the people and Government of Nepal, and other development partners to pursue equitable and sustainable human development goals through eradication of poverty, increase in livelihood opportunities, improvement in community resilience against conflict, disasters and impact of climate change, while laying down strong foundations for a society based on rule of law with an inclusive and participatory democracy.

The UNDP Nepal is seeking applications from qualified and result oriented Nepalese citizens for following assignment with Comprehensive Disaster Risk Management Programme (CDRMP):

S.N.	Position Title	Level	Number of Positions	Duty Station
1.	National Consultant – Urban Resilience Planning Expert (Reference No.: UNDP/PN/37/2020	Individual Contractor	1 (one)	Kathmandu

Weblink for application: http://www.np.undp.org/content/nepal/en/home/procurement.html

Please visit the given weblink for detail job description and for submission of application by 28 September 2020. Only short-listed candidates will be contacted. UNDP retains the right to contact referees directly.

UNDP is committed to achieve workforce diversity (in terms of nationality, minority groups, caste/ethnic groups, persons with disability etc.) and has a policy to have gender balance among staff at all levels. Qualified female candidates and candidates particularly from disadvantaged and socially excluded groups are strongly encouraged to apply.

All applications will be treated with highest confidentiality.

भर्नाको लागि आवेदन दिने बारेको सूचना

यस कलेजमा प्रा.शि. तथा व्या. तालिम परिषद्बाट प्रकाशित सूचना अनुसार डिप्लोमा इन फरेष्ट्रिमा भर्नाको लागि आवेदन खुल्यो। SEE मा अंग्रेजी, गणित र विज्ञान मध्ये कुनै दुई वटामा न्यूनतम C ग्रेड र बाँकी एउटामा न्यूनतम D+ ग्रेड प्राप्त गरेका, यस कलेजमा भर्ना हुन ईच्छुक विद्यार्थीहरुले मिति २०७७/६/१५ गते अपरान्ह ५:०० बजेभित्र कलेजको वेवसाईट www.kafcol.edu.np मा गई तोकिए बमोजिम आवेदन फारम भर्न सकिने व्यहोरा जानकारी गराइन्छ। यस सम्बन्धमा थप जानकारीका लागि कलेजमा सम्पर्क गर्नुहुन सुचित गरिन्छ।

काठमाण्डौ फरेष्ट्री कलेज
कोटेश्वर, काठमाण्डौं
फोन : ०१-५१४७२११, ९८४१२८६२०१, ९८४१५०४७७१

भर्ना खुल्यो ! भर्ना खुल्यो !!
H.A
NURSING
D. PHARMACY
Online Form भर्नको लागी तलको Link मा जानुहोला।
https://forms.gle/LRMkrNbDLf5UFnym8
फारम भर्ने अन्तिम मितिः २०७७ असोज १५ गते बिहिबार
Account name: Holy Vision Technical Campus
Citizen Bank,New Baneshwor, A/c 0520100000346201
होली भिजन टेक्निकल क्याम्पस
नयाँ बानेश्वर, काठमाडौं
Email: hvtcampus@gmail.com
Ph:014783874,015244236,9843407815,9841206599,9851084496

तालिम पछि रोजगारीको अवसर
रु. ५०,००० को छात्रावृत्ति सहित भर्ना खुल्यो !
१. कृषि जे.टि.ए./बाली विज्ञान -१८ महिना
२. भेटेरीनरी जे.टि.ए. (V.J.T.A) -१८ महिना
३. सिभिल सब-ओभरसियर -१८ महिना
फारम भर्ने अन्तिम मितिः २०७७ असोज १९ गते मित्र।
• शैक्षिक योग्यताः SEE/SLC वा सो भन्दा माथी (जुनसुकै ग्रेड/जिपिए/श्रेणीले अध्ययन गर्न पाउने।
• EVENT PROJECT छात्रावृतिको PMT फाराम शिघ्र निःशुल्क भराईनेछ।
• Online (singh.academy2022@gmail.com) मार्फत् फाराम भर्न र बुझाउन सकिनेछ।
सिंह टेक्निकल कलेज
(गोंगबुचोक र रेडनपुल बिचमा)
गोंगबु टाउन प्लानिङ्ग, काठमाडौं
सम्पर्कः ०१-४३८२०२२, ९८६९०६५६७४, ९८४१४६५९०९, ९८४३३००७९२

ADMISSION OPEN
भर्ना खुल्यो !!!
स्तुपा कलेजनै विद्यार्थीहरुको रोजाईमा किन ?
- CTEVT बाट सम्वन्धन प्राप्त नेपालको पहिलो सहकारी कलेजको रुपमा स्थापित (२०५८)
- ५ रोपनी भन्दा बढी जग्गा सहितको ७ तल्ले आफ्नै भवनमा कक्षा संचालन
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त शिक्षक तथा प्रशिक्षकहरुद्वारा कक्षा संचालन
- विद्यार्थीहरुको Clinical Practice को लागि आफ्नै सुविधा सम्पन्न अस्पताल संचालनमा रहेको
- सर्वोत्कृष्ट विद्यार्थीहरुलाई छात्रवृतिको व्यवस्था
- उत्पादित विद्यार्थीहरु विभिन्न सरकारी, गैर सरकारी र अन्तर्राष्ट्रिय तह सम्म सफल रुपमा कार्य गरिसकेको अवस्था

Staff Nurse	- 40 Seats
General Medicine (H.A.)	- 40 Seats
Diploma in Pharmacy	- 40 Seats
Lab Technology (CMLT)	- 30 Seats

फारम भर्ने अन्तिम मितिः २०७७ असोज १५ गते बिहिबार सम्म
विदाको दिनमा पनि फाराम वितरण हुनेछ।
विस्तृत जानकारीका लागीः
नेपाल ईन्स्टिच्यूट अफ हेल्थ साइन्स (स्तुपा कलेज)
जोरपाटी, काठमाण्डौ, फोन नं. ४९१७५५७, ४९१७५५८
Website: www.nihscollege.edu.np

१३ औं संस्करण आजदेखि

फरक भूमि र परिवेशमा आईपीएल

अन्ततः हुने नहुने दोधारबीच यसपल्टको इन्डियन प्रिमियर लिग (आईपीएल २०२०) आज शनिबारदेखि सुरु हुँदै छ । त्यो पनि यूएईमा । भारतमा कोरोना भाइरस संक्रमणको महामारी रोकिने कुनै छाँटकाँट छैन, बरु उल्टै बढ्दै छ । यस्तोमा प्रतियोगिताको १३ औं संस्करण हुँदै छ, विदेशी भूमिमा । त्यो पनि खालि तीन सहरमा । यस्तोमा यसपल्टको प्रतियोगिता पूर्णतः फरक हुनेछ, सर्वथा भिन्न । यसबीच एउटा तथ्य के निश्चित छ भने विश्वकै सबैभन्दा धनी यो क्रिकेट लिगले अब्बल दर्जाको क्रिकेट भने पस्कने छ । समाचार एजेन्सीहरूको सहयोगमा तयार पारिएको रिपोर्ट :

अहिलेसम्मका विजेता

वर्ष	टिम
२०१९	मुम्बई इन्डियन्स
२०१८	चेन्नई सुपर किंग्स
२०१७	मुम्बई इन्डियन्स
२०१६	सनराइजर्स हैदराबाद
२०१५	मुम्बई इन्डियन्स
२०१४	कोलकाता नाइट राइडर्स
२०१३	मुम्बई इन्डियन्स
२०१२	कोलकाता नाइट राइडर्स
२०११	चेन्नई सुपर किंग्स
२०१०	चेन्नई सुपर किंग्स
२००९	डेक्कन चार्जर्स
२००८	राजस्थान रोयल्स

प्लेयर अफ द सिरिज

वर्ष	खेलाडी
२०१९	आन्द्रे रसेल
२०१८	सुनिल नारिन
२०१७	बेन स्टोक्स
२०१६	विराट कोहली
२०१५	आन्द्रे रसेल
२०१४	ग्लेन म्याक्सवेल
२०१३	शेन वाटसन
२०१२	सुनिल नारिन
२०११	क्रिस गेल
२०१०	सचिन तेन्दुलकर
२००९	एडम गिलक्रिस्ट
२००८	शेन वाटसन



तीन मैदान

दुबई

दुबई अन्तर्राष्ट्रिय स्टेडियम सहरको बाहिरी भागमा छ । यो यूएईको सबैभन्दा ठूलो रंगशाला हो । यसमा उपलब्ध सुविधा अन्तर्राष्ट्रिय स्तरका छन् । रंगशालाबाट पाँच मिनेटको दूरीमा आईसीसीको एकेडेमी छ । मुख्य खेल मैदानको छेउछाउ अभ्यास पिच उपलब्ध छैन, तर एकेडेमीमा यही कामका लागि भनेर ३८ पिच उपलब्ध छन् । अहिलेसम्मको तथ्य विश्लेषण गर्ने हो भने दुबईको पिचले स्पिनरलाई मदत गर्ने निश्चित छ । भलै, सुरुआती दिनमा यो ब्याट्सम्यानलाई सहयोग गर्ने 'फ्ल्याट पिच' थियो ।

अबुधाबी

शेख जायेद क्रिकेट स्टेडियम सन् २००६ मा मात्र निर्माण गरिएको हो । यसको आकार लगभग 'ओभल सेप' मा छ । यो विश्वकै सबैभन्दा ठूला क्रिकेट मैदानमध्ये एक हो । यहाँ नेटमा अभ्यासका लागि २४ टर्फ उपलब्ध छन् । सहरबाट केही टाढा रहेको हुनाले यहाँ भीडको पनि कुनै समस्या हुने छैन । तर यसलाई ट्वान्टी-२० क्रिकेटका लागि उपयुक्त रंगशाला भने मानिन्न । यहाँ बिरलै मात्र चौका र छक्काको वर्षा देखिने छ । त्यसैले यहाँ ठूला स्कोर बिरलै बन्छ, ब्याट्सम्यानले यहाँको पिचमा कडा संघर्ष गर्नुपरेको छ ।

शारजहाँ

सन् १९८२ मा स्थापिन गरिएको शारजहाँ क्रिकेट स्टेडियमलाई धेरै अर्थमा ऐतिहासिक मान्न सकिन्छ । भारतीय क्रिकेटका सन् ९० का धेरै कथा यस रंगशालासँग जोडिएका छन् । पछिल्लो समय यहाँका भौतिक पूर्वाधार निर्माणमा धेरै काम भएको छ । यससँगै सुविधा पनि थप गरिएको छ । यो सहरको मध्य भागमा छ, त्यसैले खेलाडी र आयोजकले धेरै सुरक्षाका उपाय अपनाउनुपर्नेछ । जहाँसम्म पिचको प्रश्न छ, यो 'फ्ल्याट' हुने गर्छ, त्यसैले यो ब्याट्सम्यानका लागि स्वर्ग हुन सक्नेछ ।

स्पिनरको आईपीएल २०२०

फेब्रुअरीतिर जतिबेला भारतलाई कोरोना भाइरस संक्रमणको महामारीले छोप्नै लागेको थियो, त्यतिबेला इन्डियन प्रिमियर लिग (आईपीएल) का लागि एउटा योजना सारिएको थियो । पूरा प्रतियोगिता एउटै सहरमै गर्ने र त्यसका लागि तीन मैदानको प्रयोग गर्ने । त्यतिबेला यसलाई कसले पनि निको मानेनन् । बरू धेरैले भनेका थिए, के यस्तो हुनसक्छ र ? आखिरमा आईपीएलका फ्रेन्चाइजले आफ्नो घरेलु र विपक्षी टिमको मैदान हेरेर टिम बनाएका थिए ।

प्रायः टिमको योजना थियो, घरमा हुने सात खेलमा सक्दो बढी अंक बटुल्ने । तर अहिले स्थिति कस्तो छ भने पूरा प्रतियोगिता अर्कै देशमा सारिएको छ । त्यो पनि सर्वथा नयाँ परिस्थितिमा । यस्तोमा केही टिमलाई घाटा हुन सक्नेछ, केहीलाई फाइदा । केही टिमले नयाँ परिस्थितिअनुसार आफूलाई सजिलै फेर्ने छन्, केहीले यो काम फिटिक्कै गर्नसक्ने पनि छैनन् । यसपल्ट ठ्याक्कै फरक हुने के हो भने कसैलाई पनि 'होम एडभान्टेज' हुने छैन ।

खाली कतिसम्म भने केही टिमले होटल नजिकको मैदानबाट खेल्न पाउनेछन् र त्यही मैदानमा बढी खेल खेल्नेछन् । त्यसैले यो आफैंमा घरको मैदान हुन सक्नेछ । जस्तो, रोयल च्यालेन्जर्स बेंग्लोर, दिल्ली क्यापिटल्स, चेन्नई सुपर किंग्स, सनराइजर्स हैदराबाद, किंग्स इलेभेन पन्जाब र राजस्थान रोयल्सले लिग चरणमा आफ्ना आधाभन्दा बढी खेल दुबईमा खेल्नेछ । बाँकी दुई टिमले भने अबुधाबीमा सक्दो बढी खेल्ने अवसर पाउने छ ।

सुरुमा सबै टिम आफ्ना खेलाडीलाई स्थानीय वातावरण, मौसम, पिच आदिसँग अभ्यस्त गराउन व्यस्त रहनेछ । दुबई र अबुधाबीभन्दा फरक मैदानका रूपमा रहेका शारजहाँले भने आठै टिमका तीन तीन खेलका आयोजना गर्नेछ । यो पूरा प्रतियोगिताका लागि 'गेम चेन्जर्स' पनि हुनसक्छ । महत्त्वपूर्ण तथ्य पिचको व्यवहार कस्तो हुनेछ त ? यसको पहिलो सिधा जवाफ हो, यूएईमा स्पिनरलाई बढी सफलता मिल्ने गर्छ, त्यसैले आईपीएल २०२० स्पिनरको प्रतियोगिता हुनेछ ।

तर, सबै त्यति सजिलो छैन । यूएईमा फेब्रुअरीदेखि मार्च क्रिकेटको खास सिजन हो । अक्टोबर-नोभेम्बरमा तिनै मैदानमा क्रिकेट हुँदा पिचको स्वरूप फरक हुनसक्छ । जम्माजम्मी ४० दिनको अन्तरमा दुबईको पिचमा २४ खेल हुनेछ । प्रतियोगिताको अन्त्य अन्त्यतिर पुग्दा पिच कस्तो भइसक्ने होला ? अहिलेका लागि खाली अनुमानमात्र गर्न सकिन्छ । रन बनाउन सजिलो हुने छैन, जति रन आउने छ, त्यो पनि सुस्त गतिले आउने छ ।

त्यसले यसपल्टको आईपीएल २०२० मा टस कसले जित्नेछ, त्यसको ठूलो अर्थ हुनेछ । पहिले ब्याटिङ गरेको टिमले तयार पारेको लक्ष्य उसले रक्षा गर्नसक्ने सम्भावना बढी हुनेछ । त्यसैले जसले टस जित्यो, उसले पहिले ब्याटिङ गर्ने निर्णय बढीभन्दा बढी हुनेछ । त्यसैले टस जित्नुको अर्थ त्यही टिमले खेल जित्ने सम्भावना बढी हुनु हो, जितको प्रतिशत बढ्नु हो । यूएईमा पछिल्लो समय भएका घरेलु र अन्तर्राष्ट्रिय खेलको तथ्यांकले यही देखाउँछ ।

अझ त्यसमाथि अधिकांश खेल साँझ सुरु भएर राततिर सकिने छन् । त्यसैले टस जित्नु अझ महत्त्वपूर्ण हुनेछ । पहिलो इनिङ्समा पिचको व्यवहार जस्तो छ, त्यसपछिको इनिङ्समा पिचले त्यस्तै काम गर्नेछ भन्न सकिन्न । त्यसैले अत्यधिक सम्भावना के छ भने यसपल्टको प्रतियोगितामा तीन शब्द खुब चल्नेछ । यो हो- स्पिन, स्पिन र स्पिन । यूएईका यी क्रिकेट मैदानमा यसअघि पाकिस्तानी सुपर लिग (पीएसएल) पनि भइसकेको छ ।

त्यसमा स्पिनर त निर्णायक साबित भएका छन् नै, केही बायाँहाते तीव्र गतिका बलर पनि घातक साबित भएका छन् । त्यसै पनि भारतीय क्रिकेट स्पिन आक्रमणमा बढी निर्भर हुने गर्छ । त्यसैले जसको स्पिन आक्रमण बलियो छ, त्यो टिमको जित सम्भावना यसपल्ट बढी छ । यी त भए सबै अनुमान । भलै, यी सबैका लागि पुराना तथ्यांकको मदत लिइएको छ । खाली एउटै तथ्यमात्र निश्चित छ, यसपल्टको आईपीएल २०२० यसअघिका संस्करणभन्दा धेरै अर्थमा फरक हुनेछ ।

नीताको प्रभाव

मुम्बई- नीता अम्बानी हुन्, मुम्बई इन्डियन्स लिगकी मालिक । केही समयअघि जारी गरेको १० प्रभावशाली महिला खेल व्यक्तित्वमा उनको पनि नाम परेको थियो । त्यो सूचीमा परेका अन्य दुई चर्चित नाम हुन्, टेनिसकी सेरेना विलियम्स र जिम्न्यास्टिककी सिमोनी बाइल्स । स्पोर्ट्स बिजनेस नेटवर्क 'आईस्पोर्टकनेक्ट' ले यो सूची जारी गरेको हो ।

यो संस्थाले भनेको छ, 'नीताले मुम्बई इन्डियन्स फ्रेन्चाइज टिमको नेतृत्व गरिरहेकी छन् । यो इन्डियन प्रिमियर लिग आईपीएलको सर्वाधिक सफल टिम हो । त्यसबाहेक नीता भारतका अन्य खेल गतिविधिमा पनि सहभागी छिन् ।'

नीता भारतका सर्वाधिक धनी व्यापारी मुकेश अम्बानीकी पत्नी हुन् । सन् २०१४ यता उनी रिलायन्स इन्डस्ट्रिजको बोर्डमा पनि छिन् । उनको मुम्बईले अहिलेसम्म चारपल्ट आईपीएलको उपाधि जितेको छ र यो टिम प्रतियोगिताको डिफेन्डिङ च्याम्पियन हो । नीता मुम्बई टिमको अभ्यासदेखि खेलका क्रममा प्रत्यक्ष सहभागी हुने गर्छिन् ।

कस्ता छन् त टिम ?

मुम्बई इन्डियन्स

मुम्बई इन्डियन्ससँग निकै बलियो सुरुआती ११ छ । यी सबै स्थानमा प्रयोग गर्न मिल्ने वैकल्पिक खेलाडी पनि कमी छैन । भारतीय टिमका पाँच खेलाडी अहिलेको मुम्बई टिममा छन् । यसले टिमको स्वरुप बलियो देखाउँछ । समस्या यहींनिर हुनसक्छ, किनभने पूरा टिममा खासै धेरै अनुभवी खेलाडी कोही पनि छैनन् । जसप्रित बुमराहलाई केही अप्ठ्यारो भयो भने तीव्र बलिङ आक्रमणमा समस्या हुन सक्छ । तर सम्झौं, मुम्बई आईपीएल इतिहासकै सबैभन्दा सफल दुई टिममध्ये एक हो ।

चेन्नई सुपर किंग्स

आईपीएलको अर्को सफल टिम हो, चेन्नई सुपर किंग्स । अनि यो टिमसँग जति प्रतियोगिताको अनुभव बिरलै होला । अझ यो टिमको सबैभन्दा ठूलो अस्त्र भनेकै खारिएका खेलाडी हुन् । यो टिम धेरैभन्दा धेरै स्पिन आक्रमणमा टिकेको हुन्छ । यसमा तलमाथि भयो भने के गर्ने ? दोस्रो उपाय नहुन सक्छ । टिमको प्रदर्शन धेरै हदसम्म शेन वाट्सनको टिक्न सक्छ, तर केही प्रमुख खेलाडीले नखेल्ने निर्णय गरेको हुनाले यसले टिम समीकरणमा फरक पारेको छ ।

रोयल च्यालेन्जर्स बेंग्लोर

आधुनिक ट्वान्टी-२० टिम कस्तो हुनुपर्छ, रोयल च्यालेन्जर्स बेंग्लोरलाई हेर्नुपर्छ । समस्या के भने यो टिमले अहिलेसम्म उपाधि भने जित्न सकेको छैन । अहिलेको टिमका केही खेलाडीको नाम लिने बित्तिकै त्यो विपक्षी टिमका लागि दबाब सिर्जना गर्न पर्याप्त छ । जस्तो, विराट कोहली, आरोन फिन्च, एबी डी भिलियर्स आदि आदि । जस्तै ठूला नाम भए पनि खेलको अन्त्यतिर निर्णायक प्रदर्शन गर्ने खेलाडीको टड्कारो अभाव छ, यो स्टारसम्मिलित बेंग्लोर टिममा ।

दिल्ली क्यापिटल्स

कम्तीमा कागजमा निकै बलियो टिम हो, दिल्ली क्यापिटल्स । यसका अधिकांश घरेलु खेलाडी त्यस्ता छन्, जसले अबको केही वर्षमा भारतीय टिमका लागि आधार साबित गर्न सक्नेछन् । लगभग युवा टिमभन्दा हुन्छ, दिल्लीलाई । दिल्लीको भाग्यमा पनि अहिलेसम्म उपाधि लेखिएको छैन । सिमरन हेटमायर टिमका सबैभन्दा ठूलो अस्त्र हुन सक्छन् । तर टिमको सबैभन्दा बलियो पक्ष भनेकै स्पिन आक्रमण हो । अनि प्रमुख समस्या, फेर एकपल्ट डेथ बलिङ ।

राजस्थान रोयल्स

राजस्थान रोयल्समा जत्तिका स्थापित चार प्रमुख विदेशी खेलाडी अन्यत्र कहीं छैनन् । यसमा सबैभन्दा अगाडि त बेन स्टोक्स नै छन् । उनी एक्लै कुनै पनि समय खेल आफ्नो पक्षमा पल्टाउन सक्षम छन् । पछिल्लो समय इंग्ल्यान्डका लागि उनले धेरैपल्ट यो काम गरिसकेका छन् । तर समस्या के हुनसक्छ भने उनको अनुपस्थिति भएमा यस्तै भूमिका टिमका लागि कसले खेल्छ त ? रोबिन उत्थपा आफ्नो खेलजीवनको लगभग अन्त्यतिर छन् र उनले त्यसको भरपूर फाइदा उठाउनुपर्छ ।

कोलकाता नाइट राइडर्स

ठूला प्रतियोगितामा अनुभवी खेलाडीको धेरै आवश्यकता हुन्छ । यो तथ्यमा कोलकाता नाइट राइडर्सले माथ खान बेर छैन । हुन पनि दिनेश कार्तिकलाई छाडेर टिममा बाक्लो अनुभव भएका खेलाडी नै छैनभन्दा हुन्छ । त्यसो त आन्द्रे रसेल उत्तिकै अनुभवी खेलाडी हुन् । तर, समस्या के छ भने चोट रसेलको खेलजीवनको अर्को पर्यायजस्तै हो । टिम पक्कै युवा छ, त्यसैले कोलकाताले यसलाई बलियो पक्ष मानेर आफ्नो मुख्य रणनीति बनाउन सक्छ ।

किंग्स इलेभेन पन्जाब

जति ठूला नाम, उत्तिकै लामो ब्याटिङक्रम । यही सबैभन्दा ठूलो विशेषता हो, किंग्स इलेभेन पन्जाबको । जस्तो, केएल राहुल, मायंक अग्रवाल, क्रिस गेल, ग्लेन म्याक्सवेल, अनि निकालेस पूरन । यसपल्ट पन्जाबको यो ब्याटिङक्रम चल्ने हो भने यसलाई रोक्न विपक्षी टिमलाई पक्कै गाह्रो हुनेछ । टिमसँग मोहम्मद सामीका रूपमा तीव्र बलिङ अस्त्र पनि छ । टिमको प्रदर्शन धेरै हदसम्म राहुलको निर्णयमा भर गर्नेछ । प्रश्न हो, उनी कत्तिको परिपक्व देखिने छन् त ?

सनराइजर्स हैदराबाद

आधुनिक क्रिकेटकै सबैभन्दा आक्रामक ब्याट्सम्यानका रूपमा सनराइजर्स हैदराबादसँग छ, डेविड वार्नर । उनी कप्तान त हुन नै । उनी कुनै पनि समय टिमलाई आक्रामक सुरुआत दिन सक्षम छन् । उनलाई जोनी बेरिस्टोले साथ दिन सक्छन् र यसलाई ट्वान्टी-२० क्रिकेटमा सबैभन्दा उत्कृष्ट प्रारम्भिक ब्याटिङ जोडी मानिन्छ । त्यसलगत्तै केन विलियम्सन छन् । तर टिमसँग उत्तिकै बलियो मान्न सकिने बलिङ आक्रमण भने छैन र यसले समस्या सिर्जना गर्न सक्छ ।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्सः ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुधीर शर्मा